नेपाली

कक्षा ८

Curriculum Development Centre

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

नेपाली

कक्षा ८

लेखक
डा. रामचन्द्र लम्साल
रामप्रसाद ज्ञवाली

Curriculum Development Centre

प्रकाशक
नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

ISBN:

© प्रकाशकमा

प्रथम संस्करण : वि.सं. २०७२

पाठ्यक्रम विकास केन्द्रको लिखित स्वीकृतिबिना व्यापारिक प्रयोजनका लागि यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरेर प्रकाशन गर्न, कुनै विद्युतीय साधन वा अन्य प्रविधिबाट अभिलेखबद्ध गर्न र प्रतिलिपि निकाल्न पाइने छैन ।

Curriculum Development Centre

हाम्रो भनाइ

शिक्षालाई उद्देश्यमूलक, व्यावहारिक, समसामयिक र रोजगारमूलक बनाउन विभिन्न समयमा पाठ्यक्रम, पाठ्य पुस्तक विकास तथा परिमार्जन गर्ने कार्यलाई निरन्तरता दिइँदै आएको छ । विद्यार्थीमा राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बन, सिर्जनशीलता जस्ता सामाजिक एवम् चारित्रिक गुण तथा आधारभूत भाषिक तथा गणितीय सिपका साथै विज्ञान, पेसा व्यवसाय, सूचना तथा सञ्चार प्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान र जीवनोपयोगी सिपको विकास गराउनु जरुरी छ । उनीहरूमा कला र सौन्दर्य, मानवीय मूल्य मान्यता, आदर्श र वैशिष्ट्यहरूको संरक्षण तथा संवर्धनप्रतिको भाव जगाउन आवश्यक छ । समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउन उनीहरूमा विभिन्न जातजाति, लिङ्ग, अपाङ्गता, भाषा, धर्म, संस्कृति र क्षेत्रप्रति समभाव जगाउनु र मानव अधिकार तथा सामाजिक मूल्य मान्यताप्रति सचेत भई जिम्मेवारीपूर्ण आचरणको विकास गराउनु पनि आजको आवश्यकता बनेको छ । आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९ लाई मूल आधार मानी शिक्षा सम्बन्धी विभिन्न आयोगका सुझाव, शिक्षक, विद्यार्थी तथा अभिभावकलगायत शिक्षासँग सम्बद्ध विभिन्न व्यक्ति सम्मिलित गोष्ठी र अन्तर्क्रियाका निष्कर्ष र विभिन्न विद्यालयमा परीक्षण गरी प्राप्त पृष्ठपोषण समेतलाई समेटी यो पाठ्य पुस्तक तयार पारिएको हो ।

पाठ्य पुस्तकलाई यस स्वरूपमा ल्याउने कार्यमा केन्द्रका कार्यकारी निर्देशक श्री दिवाकर ढुङ्गेल, प्रा.डा. केदारप्रसाद शर्मा, प्रा.डा.रामनाथ ओझा, रमेशप्रसाद भट्टराई, चन्द्रकान्त भुसाल, हरिप्रसाद निरौला, डा. गीता खरेल, मधुप्रसाद तिमिल्सिना, सिद्धिबहादुर महर्जनलगायतका महानुभावको विशेष योगदान रहेको छ । यस पाठ्य पुस्तकको विषय वस्तु सम्पादन रजनी धिमाल र भाषा सम्पादन गणेशप्रसाद भट्टराईबाट भएको हो । यस पाठ्य पुस्तकको विकास तथा परिमार्जन कार्यमा संलग्न सबैप्रति पाठ्यक्रम विकास केन्द्र धन्यवाद प्रकट गर्दछ ।

पाठ्य पुस्तकलाई शिक्षण सिकाइको महत्त्वपूर्ण साधनका रूपमा लिइन्छ । यसबाट विद्यार्थीले पाठ्यक्रमद्वारा लक्षित सक्षमता हासिल गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । यस पाठ्य पुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्य पुस्तकलाई अझै परिष्कृत पार्नका लागि शिक्षक, विद्यार्थी, अभिभावक, बुद्धिजीवी एवम् सम्पूर्ण पाठकहरूको समेत महत्त्वपूर्ण भूमिका रहने हुँदा सम्बद्ध सबैको रचनात्मक सुझावका लागि पाठ्यक्रम विकास केन्द्र हार्दिक अनुरोध गर्दछ ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

वि.सं. २०७२

Curriculum Development Centre

विषय सूची

क्र.स.	शीर्षक	विधा	पृष्ठ सङ्ख्या
१	नेपाल	कविता	१
२.	भाग्य	कथा	६
३.	देवकुमारी थापा	जीवनी	१४
४.	ग्रन्थचित्र	प्रबन्ध	२३
५.	निवेदन	निवेदन	३२
६.	मित्रता	कथा	३७
७.	सिप र श्रम	कविता	४७
८.	भूगोलविद् हर्क गुरुङ	जीवनी	५२
९.	प्रकृति र वातावरण	प्रबन्ध	६०
१०.	एउटा घटना	कथा	६८
११.	दाजुलाई चिठी	चिठी	७५
१२.	मेरो घर	कविता	८०
१३.	विज्ञान अभिशाप नभई वरदान	वाद विवाद	८४
१४.	साहित्यकार रवीन्द्रनाथ ठाकुर	जीवनी	९५
१५.	ठग समातियो	कथा	१०३
१६.	कम्प्युटर र इन्टरनेट	प्रबन्ध	१०९
१७.	हामी एउटै हौँ	एकाङ्की	११५
१८.	आह्वान	कविता	१२२
१९.	सिंह र स्यालको कथा	कथा	१२७
२०.	नेपाली संस्कृति	प्रबन्ध	१३६
२१.	सर आइज्याक न्युटन	जीवनी	१४६
२२.	स्वाभिमान	कथा	१५६

Curriculum Development Centre

पाठ : १

नेपाल

- *सिद्धिचरण श्रेष्ठ*

नेपाल प्यारो र पवित्र देश
सौन्दर्य धारा बहने **अशेष** ।
सङ्गीतको मूल फुटी विशाल
छल्की रहे झैँ **लयबद्ध छाल** ॥

पाना खुला पर्वत **पत्रपत्र**
छन् **वर्ण** झैँ वृक्ष **लता विचित्र** ।
खोला, चराको ध्वनि **गुह्य मन्त्र**
नेपाल सिङ्गै **बहुमूल्य तन्त्र** ॥

नयाँ नयाँ जीत अनेक जोड्दै
यो देशको इज्जत मान थप्दै ।
ज्यामी, सिपाही र **किसान** सारा
छन् आज हाम्रा बलिया सहारा ॥

अशेष - सबै, समस्त
लयबद्ध - सङ्गीतमय, लहरमा बाँधिएको
छाल - वेगले बग्दा बन्ने पानीको लहर, पानीको उठेको तरङ्ग
पत्र पत्र - पानैपाना
वर्ण - रूप, रङ, वर्णमालाका अक्षर
लता - लहरो
विचित्र - रङ्गीचङ्गी, विभिन्न रङको, अनौठो
गुह्य - गोप्य, रहस्यमय
मन्त्र - देवदेवीबाट असाधारण शक्ति प्राप्त गर्न जपिने शब्द वा वाक्य, सिद्धि प्राप्त गर्न जपिने शब्द, वेदका ऋचा
बहुमूल्य - धेरै मोल पर्ने, अनमोल
तन्त्र - देवदेवीको उपासना गर्ने विधि भएको शास्त्र वा विद्या, शासन पद्धति
ज्यामी - ज्यालामा काम गर्ने, मजदुर
किसान - खेतीपाती गर्ने व्यक्ति

Curriculum Development Centre

यो देशको सिर्जनको निमित्त
पुर्खाहरूको पसिना र रक्त ।
हाम्रो बहेको छ नसा नसामा
डोऱ्याउँदै स्वर्ग छुने दिशामा ॥

विपत्ति पर्दा पनि हाँसिहाँसी
तयार भै चढ्न समेत फाँसी ।
बाँचे बचाए र रमे रमाए
सङ्घर्षले यो मुलुकै जगाए ॥

पुर्खा – बाजे बराजु, पहिलेका पुस्ता, पूर्वज

विपत्ति – आपत्

सङ्घर्ष – क्रान्ति, लडाइँ

अभ्यास

१. 'नेपाल' कविता साथीहरूसँग मिली समूहमा लय मिलाएर वाचन गर ।

२. मिल्ने शब्द छानेर खाली ठाउँ भर :

सहारा, प्यारो, फाँसी, पसिना, विजय

(क) हाम्रो देश हामीलाई..... लाग्छ ।

(ख) ज्यामी, सिपाही र किसानहरू यस देशका ..... हुन् ।

(ग) नेपालको निर्माणमा पुर्खाहरूको ..... बगेको छ ।

(घ) यो देश बचाउन पुर्खाहरू ..... चढ्नसमेत तयार भए ।

३. तल दिइएको कवितांश पुरा गर :

नेपाल प्यारो .....

सौन्दर्य ..... अशेष

..... मूल फुटी विशाल

..... भैँ लयबद्ध .....

Curriculum Development Centre

४. तलका प्रश्नहरूको उत्तर एक वाक्यमा लेख :

(क) पसिनाका धारा कहाँ बहन्छन् ?

(ख) हाम्रा पर्वतहरू के जस्ता छन् ?

(ग) हाम्रा बलिया सहारा को को हुन् ?

(घ) पुर्खाले यो मुलुकमा जागरण ल्याउन के गरे ?

५. तलका प्रश्नहरूको उत्तर देऊ :

(क) कवितामा कविले नेपालको प्राकृतिक सुन्दरताको वर्णन कसरी गरेका छन्, स्पष्ट पार ।

(ख) कवितामा हाम्रा पुर्खाहरूले देशका निम्ति दिएको योगदानलाई के कसरी वर्णन गरिएको छ, लेख ।

६. 'नेपाल' कविताको मुख्य भाव लेख ।

७. व्याख्या गर :

ज्यामी, सिपाही र किसान सारा

छन् आज हाम्रा बलिया सहारा ।

शब्द भण्डार

८. उल्टो अर्थ आउने शब्दसँग जोडा मिलाऊ :

जस्तै : नयाँ = पुरानो

इज्जत	खुला	स्वर्ग	चढ्न	पवित्र	
बन्द	ओर्लन	शान्ति	बेइज्जत	नरक	अपवित्र

९. तलका शब्दको उस्तै अर्थ दिने शब्द लेख :

देश	:	.....	विशाल	:	.....
पर्वत	:	.....	वृक्ष	:	.....
ध्वनि	:	.....	किसान	:	.....
जित	:	.....	रक्त	:	.....
विपत्ति	:	.....	सङ्घर्ष	:	.....

Curriculum Development Centre

१०. तलका शब्दको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

प्यारो, मन्त्र, मान, सङ्गीत, पुर्खा

उच्चारण र हिज्जे

११. तलका शब्द शुद्धसँग उच्चारण गर :

तन्त्र, लयबद्ध, गुह्य, ध्वनि, वर्ण

१२. कविताको तेस्रो श्लोक शुद्धसँग सार ।

१३. सुन र लेख :

सौन्दर्य, इज्जत, ज्यामी, वृक्ष, पुर्खा, विपत्ति

१४. तलका जोडी शब्दहरू शुद्धसँग उच्चारण गर र शिक्षकलाई सोधेर फरक अर्थ बुझ :

देश – द्वेष, लता – लटा, नशा – नसा, दिशा – दिसा, दिन – दीन

कार्यमूलक व्याकरण

१५. पढ, बुझ र गर :

पाठमा प्रयोग भएका देश, धारा, सङ्गीत, पाना, पर्वत, वृक्ष, लता, खोला, इज्जत, ज्यामी, सिपाही, किसान, पसिना, रक्त, नसा, स्वर्ग आदि नाम शब्द हुन् । नाम शब्दले कुनै व्यक्ति, वस्तु, ठाउँ, नदी, समूह, भाव आदिलाई बुझाउँछन् । नाम पाँच प्रकारका हुन्छन्; जस्तै :

व्यक्तिवाचक	जातिवाचक	समूहवाचक	द्रव्यवाचक	भाववाचक
आशाराम, डोल्मा, सविता, जनक, नेपाल, भारत, मेची, पोखरा, लुम्बिनी, गुल्मी, रामायण, तिहार, छठ	हिमाल, किताब, गाई, गाउँ, सहर, रुख, मन्दिर, फल, देवता, देश, मानिस, नदी, चरा	हुल, बथान, फौज, झुप्पो, रास, थुप्रो, गण, जन्ती, सेना, पल्टन, बगाल, बथान, जनता, सभा	सुन, नुन, ग्याँस, दुध, दही, चिनी, पानी, माटो, बालुवा, हावा, धुलो, धान, चामल, पिठो, दाल, धुवाँ, चाँदी	दया, माया, रिस, जवानी, पुण्य, मित्रता, गरिबी, लेखाइ, सुख, दुःख, रुवाइ, खुसी, यौवन, विश्वास, शिक्षा

Curriculum Development Centre

माथिको तालिकाको अध्ययन गरी तालिकामा नपरेका व्यक्तिवाचक, जातिवाचक, समूहवाचक, द्रव्यवाचक र भाववाचक नामका पाँच पाँच ओटा उदाहरण लेखी वाक्यमा प्रयोग गर ।

१६. तिम्रो कक्षा कोठामा भएका दस ओटा वस्तुका नाम शब्द लेखेर कक्षामा सुनाऊ ।

१७. उदाहरण हेरी एक वचनलाई बहु वचन र बहु वचनलाई एक वचनमा परिवर्तन गरी लेख :

उदाहरण : म नेपाली हुँ ।	हामी नेपाली हौँ ।
(क) ऊ नेपाली बोल्छ ।	.....।
(ख) .....।	हामी विद्यार्थी हौँ ।
(ग) रुख पर्वतमा छ ।	.....।
(घ) ..... ।	हामी देशलाई माया गर्छौँ ।
(ङ) ज्यामी काम गर्छ ।	.....।
(च) .....।	हामी पसिना बगाउँछौँ ।

सिर्जनात्मक अभ्यास

१८. खाली ठाउँमा उपयुक्त शब्द भरी तलको कविता पुरा गर :

कति, स्वाभिमान, देश, सौन्दर्य, पराइ

छ सुन्दर यो कति ..... हाम्रो

..... नाना छ हिमाल राम्रो

खोला र झर्ना ..... छन् मुहान

बचाइराख्छु म त ..... ।

१९. तिमीलाई मनपर्ने शीर्षकमा कविता लेखेर शिक्षकलाई देखाऊ ।

Curriculum Development Centre

पाठ : २

भाग्य

- सुधा त्रिपाठी

"ए ! के त्यहाँ टुलुटुलु हेरेर बसेको हँ ? कहिल्यै मान्छेले खाएको देखेको छैनस् ?" धने साहुले पुन्टेलाई हकार्दै भन्यो ।

पुन्टे **मझेरी**मा बसेर चुलातिर हेरिरहेको थियो । धने साहु भात खाँदै थियो । थालमा अलिकति भात, अनि वरिपरि **कचौरा** र प्लेटमा थुप्रै खाने कुरा देखेर पुन्टे छक्क परेर बसिरहेको थियो । "त्यति थोरै भात खान त्यत्रो **तिहुन** किन चाहिएको होला ? सबैभन्दा पहिला के खाने होला ? सबैभन्दा पछि के खाने होला ? त्यति धेरै खेत भएर पनि साहुले किन त्यति थोरै भात खाएको होला ?" ऊ सोच्दै थियो ।

धनीराम चुठ्न निस्कँदा पुन्टे **जस्केलो** बाहिरै थियो । धनीरामले हातमा ल्याएको दुधभात **जुठेल्ना**को ढुङ्गामा राखिदियो । कुकुरले कपाकप दुधभात खाएको देखेर पुन्टेले घुटुक्क थुक निल्यो । उसले सोच्यो, "साहुको घरको कुकुर हुनु पो जाती रहेछ ।"

"कुकुरको भातमा चोखे लाउलास् मोरा !" धने साहुले हकारेको स्वरमा भन्यो ।

पुन्टेको बाबु धनेको खेतबारीको रेखदेख गर्थ्यो । पुन्टे पनि बाबुको पछि लागेर धनेको घरमा जान्थ्यो । ऊ त्यहाँ आफ्नो घरको भन्दा सबै थोक फरक देख्थ्यो ।

पुन्टेको बाबुले छोरालाई स्कुलमा भर्ना गरिदिएको थियो । दिउँसोको खाजा खाने छुट्टीमा केटाहरू भकुन्डो खेल्थे । ऊ छेउमा बसेर हेरिरहन्थ्यो । केटाहरू जानी जानी उसलाई भकुन्डाले हान्थे । "ए यसलाई पो लागेछ" भन्थे र गलल हाँस्थे ।

ऊ स्कुलमा आफ्ना फुटेका **गोडा** हेर्थ्यो । साथीहरूका गोडामा नयाँ नयाँ जुत्ता देख्थ्यो । साथीहरूका झोला हेर्थ्यो र आफ्नो झोला हेर्थ्यो । हरेक कुरा फरक देखेर त्यो फरक हुनुको

मझेरी : घरभित्र चुलो, ओछ्यान र कोठाका अतिरिक्त खाली छोडिएको बिचको ठाउँ
कचौरा : भोजनका सामग्रीमध्ये तिहुन, तरकारी आदि हाल्ने भाँडो, बटुको
तिहुन : भातसित मुछेर खाइने झोल तरकारी
जस्केलो : घरको मूल ढोकाबाहेकको अर्को ढोका
जुठेल्ना : जुठो फाल्ने गरिएको ठाउँ, जुठा भाँडा माझ्ने ठाउँ
गोडा : खुट्टा

Curriculum Development Centre

अर्थ खोज्थ्यो । ऊ मनमनै अर्थ पनि पहिल्याउँथ्यो । "उनीहरू धनी छन्, म गरिब छु ।" तर ऊ कोही कसरी धनी हुन्छ र कोही कसरी गरिब हुन्छ भन्ने कुराको अर्थ भने भेट्टाउँदैनथ्यो ।

पुन्टेले एक दिन हजुरआमासँग सोध्यो, "हजुरआमा हामी किन गरिब भएका ?"

"भाग्यको खेल" हजुरआमाले आफैँले देखेको जस्तो गरेर जवाफ दिइन् ।

"भाग्य भनेको के हजुरआमा ?" साथीहरूको भकुन्डाको खेलको कुरा त उसलाई थाहा थियो । भाग्यले पनि त्यस्तै भकुन्डो खेल्ने हो कि ! अनि उसले दिउँसो साथीहरूले ताकी ताकी भकुन्डाले हानेको ठाउँ सुम्सुम्यायो ।

"भाग्य भनेको देउताले हाम्रा निधारमा लेखेको कुरा हो । **छैटी**का दिन निधारमा लेखिए जति मात्रै पाउँछ मान्छेले ।" हजुरआमाले छैटीका बारेमा धेरै कुरा बताइन् । त्यससँग जोडिएका कथा पनि सुनाइन् ।

पुन्टेले फेरि दिउँसोको साथीहरूको खेल सम्झियो । साथीहरूले झुक्किएको जस्तो गरेर ताकी ताकी आफूलाई हिर्काएको सम्झियो । उसले त्यस खेललाई भाग्यको खेलसँग तुलना गऱ्यो । त्यही भकुन्डो कसैलाई रमाइलो बन्ने, कसैलाई दुःख बन्ने सम्झ्यो र भकुन्डाले दुखाएको पाखुरो फेरि मुसाऱ्यो ।

उसकी बहिनी भर्खरै जन्मेकी थिई । ऊ छैटौँ दिनको **प्रतीक्षा** गरिरहेको थियो । दसैँ आउने बेलामा पनि समयले यसरी नै बिस्तारै **पाइलो** साथ्यो । त्यही समय अहिले पनि सारै **लोसे** बनिरहेको थियो । पुन्टेलाई निकै **बेचैन** भइरहेको थियो । आज बल्ल बहिनी जन्मेको छ दिन भयो ।

"आमा ! आज बहिनीको छैटी हगि !" पुन्टेले उत्सुक हुँदै सोध्यो ।

"हो, तर तँलाई किन यत्रो चासो नि ?" आमाले झर्के झैँ गरी भनिन् ।

"हजुरआमाले भन्नुभएको, छैटी भनेको त मानिसको भाग्य लेखिने दिन अरे । छैटीको राति बच्चाको सिरानीमा कापी, कलम राखिदिनुपर्छ अरे, रातभरि बत्ती निभ्न दिनु हुँदैन रे । अनि

छैटी : बालक जन्मेको छैटौँ दिन रातमा गरिने उत्सव वा कर्म, छैटौँ दिनको रात्रि, जुन दिन बालकको भाग्य भावीले लेख्छ भन्ने परम्पराअनुसार रातभर बालकका नजिकै बत्ती बालिने कार्य

प्रतीक्षा : कुनै काम हुने आशामा गरिएको पर्खाइ, बाटो हेराइ

पाइलो : पैतालो

लोसे : ढिलो स्वभावको

बेचैन : चैन वा सुख शान्ति नभएको, अशान्त

Curriculum Development Centre

देउताले आएर सुटुक्क भाग्य लेखेर जान्छन् अरे । मान्छेले भाग्यमा लेखेको कुरा मात्रै पाउँछ रे ।" पुन्टेले आफूलाई थाहा भएको सम्पूर्ण कुरा आमालाई बतायो ।

त्यतिखेरै पुन्टेको बाबु पनि आइपुग्यो । ऊ छोराको कुरा सुनेर छक्क परेन । उसले भन्यो, "पुन्टे, हामीले तेरो छैटीमा देउतालाई तेरो भाग्य लेख्न दिएनौँ नि ।"

"त्यसो भए मेरो निधार खाली छ त बा ?" पुन्टेले अचम्म मानेर सोध्यो ।

"हो, तेरो निधार खाली छ ।" पुन्टेले आफू र आफूसँग पढ्ने साथीहरूका बिचमा किन भिन्नता छ भन्ने कुरा बल्ल पो बुझेँ भन्ने ठान्यो ।

"किन खाली राखेको त बा मेरो निधार ?" उसले **असन्तुष्टि** जनायो ।

"तेरो मात्रै होइन, तेरी बहिनीको निधारमा पनि अरूलाई केही लेख्न नदिने ।" आमाको कुरा सुनेर पुन्टे **खिसिक्क** पऱ्यो ।

आमाले सम्झाउँदै भनिन्, "हेर पुन्टे, हाम्रो भाग्य अरूलाई लेख्न दिनु हुँदैन । अरूले लेखिदिएको भाग्य बोकेर हिँड्ने भएकाले मानिसहरू हामी जस्ता दुःखी हुने गरेका हुन् ।"

पुन्टे अझै छक्क पऱ्यो, "निधारभित्र भाग्य लेख्ने चाहिँ कसरी त ? "

बाबुले पुन्टेलाई नजिकै तान्यो । बिस्तारै उसको टाउको मुसाऱ्यो । निधारमा म्वाइँ खायो । छोरालाई अँगालो हाल्दै उसले भन्यो, "पुन्टे, भाग्य निधारमा होइन, जीवनमा लेखिन्छ । कर्मको कलमले भाग्य लेख्नुपर्छ । तैँले पनि आफ्नो भाग्य आफैँ लेख्ने हो । बहिनीले पनि आफैँ लेख्छे ।"

"कर्मको कलम भनेको के नि बा ? " पुन्टे अलि खुसी देखियो ।

"कर्मको कलम भनेको काम हो । मान्छेले जति धेरै मिहिनेत गऱ्यो, उति उसको भाग्य बलियो र राम्रो हुन्छ । आफ्नो भाग्य आफैँ लेख्ने मानिसलाई दुःख चाहिँ अलि बढी हुन्छ ।"

"बा ! धने साहुभन्दा तपाईँ बढी काम गर्नुहुन्छ । भाग्य चाहिँ उसको राम्रो किन भएको नि ? यो त काम गर्ने कालु मकै खाने भालु भने झैँ भएन र ?" उसले धनीरामले दुधभात ल्याएर कुकुरलाई दिएको दृश्य झलक्क सम्झ्यो ।

"बाबु, मैले धेरै काम गर्न मात्र जानेँ, त्यसलाई भाग्यसँग जोड्न जानिनँ । काम गरेपछि भाग्य बदलिनुपर्छ भन्ने कुरा भर्खर बुझ्दै छु । म धेरै काम गर्छु तर दुधभात उनीहरू खान्छन्

असन्तुष्टि : सन्तुष्ट नभएको भाव, अप्रशन्नता
खिसिक्क : विस्तारै वा मुख थोरै खोलेर (हाँस्ने काम)

Curriculum Development Centre

किन ? किनभने **श्रम** गर्नेसँग प्रशस्त जमिन छैन । जमिन हुनेहरूसँग श्रमको **मूल्य** बुझ्ने मन छैन । त्यसैले छोरा, अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ र आफ्नो भाग्य आफैँ लेख्नुपर्छ । मलाई उहिल्यै यस्तो कुरा बुझाइदिने पनि कोही भएन । अब म आफूले बुझेको कुरा तिमीहरूलाई पनि बुझाउँदै जान्छु ।"

"बा, तपाईँ मलाई सिकाउनुहोस् । म मेरो भाग्य आफैँ लेख्दै जान्छु है ?"

पुन्टे साँच्चै हुने बिरुवाको चिल्लो पात भने झैँ पहिलेदेखि परिश्रमी र मिहिनेती पनि थियो । बाबुको कुरा सुनेपछि ऊ फुरुङ्ङ परेर बहिनीका छेउमा गयो । अघि आफ्नो निधारमा बाबुले म्वाइँ खाए जसरी नै उसले पनि बहिनीका निधारमा चुप्प म्वाइँ खायो । साथै आफ्नो भाग्य आफैँ लेख्ने सुन्दर भविष्यको कल्पनामा निमग्न हुन थाल्यो ।

श्रम : परिश्रम, मिहिनेत
मूल्य : महत्त्व, गरिमा

अभ्यास

१. माथिको पाठ पालैपालो एक एक अनुच्छेद पढेर कक्षामा सुनाऊ ।

२. उत्तर भन :

(क) पुन्टे किन छक्क परेर हेरिरहेको थियो ?

(ख) दिउँसोको छुट्टीमा केटाहरू के गर्थे ?

(ग) हजुरआमाको विचारमा भाग्य के हो ?

(घ) कर्मको कलम भनेको के हो ?

(ङ) मान्छेको भाग्य कसरी बलियो र राम्रो हुन्छ ?

३. कसले कसलाई किन भनेको हो, लेख :

(क) भाग्य भनेको देउताले हाम्रा निधारमा लेखेको कुरा हो ।

(ख) हामीले तेरो छैटीमा देउतालाई तेरो भाग्य लेख्न दिएनौँ नि ।

Curriculum Development Centre

(ग) कर्मको कलमले भाग्य लेख्नुपर्छ ।

(घ) यो त काम गर्ने कालु मकै खाने भालु भने झैँ भएन र ?

(ङ) अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ ।

४. ठिक उत्तरमा ठिक (√)) चिह्न लगाऊ :

(क) धनीराम कसको नाम हो ?

(अ) बुबाको (आ) आमाको (इ) साहुको

(ख) "हाम्रो भाग्य अरूलाई लेख्न दिनु हुँदैन ।" यो भनाइ कसको हो ?

(अ) पुन्टेकी हजुरआमाको (आ) पुन्टेकी आमाको (इ) पुन्टेका बाबुको

(ग) धनेले दुधभात ल्याएर कसलाई दियो ?

(अ) पुन्टेलाई (आ) चरालाई (इ) कुकुरलाई

५. उत्तर लेख :

(क) पुन्टेले किन घुटुक्क थुक निल्यो ?

(ख) पुन्टेले किन छैटौँ दिनको प्रतीक्षा गरिरहेको थियो ?

(ग) पुन्टेले किन असन्तुष्टि जनायो ?

(घ) पुन्टेका बाबु किन गरिब बन्न पुगे ?

(ङ) हामीले कसरी आफ्नो भाग्य आफैँ लेख्न सक्छौँ ?

(च) 'भाग्य' कथाबाट के शिक्षा पाइन्छ ?

६. भाव स्पष्ट गर :

अब श्रम र जमिनको सम्बन्ध हाम्रो भाग्यसित जोड्ने कुरा गर्नुपर्छ र आफ्नो भाग्य आफैँ लेख्नुपर्छ ।

शब्द भण्डार

७. मिल्ने अर्थ छानेर जोडा मिलाऊ :

जस्तै : छक्क – अचम्म

छक्क, अर्थ, देउता, निधार, आमा, श्रम, भगवान्, मिहिनेत, अचम्म, माता, तात्पर्य, ललाट

Curriculum Development Centre

८. उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : धनी – गरिब

धनी, धेरै, देउता, बलियो, नयाँ, असन्तुष्टि, थोरै, पुराना, गरिब, सन्तुष्टि, कमजोर, दानव

९. पढ, बुझ र गर :

काम चाहिँ तपाइँ गर्ने तर भाग्य चाहिँ धनीरामको राम्रो हुने किन ? यो त काम गर्ने कालु मकै खाने भालु भएन र ।

पुन्टे साँच्चै हुने बिरुवाको चिल्लो पात भने झैँ सानैदेखि परिश्रमी र जिज्ञासु पनि थियो ।

माथिका वाक्यमा प्रयोग भएका उखानले सूत्रात्मक कथनलाई बुझाएका छन् । उखानलाई लोकोक्ति पनि भनिन्छ । उखानले अभिव्यक्तिलाई रोचक, स्पष्ट र मार्मिक बनाउँछन् ।

तलका उखानलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

गर्ने भन्ने हनुमान् पगरी गुथ्ने ढेडु, इन्द्रका अगाडि स्वर्गको बयान, आए आँप गए झटारो, हात्तीको मुखमा जिरा, नाच्न नजान्ने आँगन टेढो, बाँदरका हातमा नरिवल

उच्चारण र हिज्जे

१०. तलका शब्दको शुद्धसँग उच्चारण गर :

छैटी, टुलुटुलु, जुठेल्ना, जस्केलो

११. तल दिइएका शब्दहरू सच्याऊ :

जिग्यासु, म्वाइ, घुतुक्क, बेचइन, परिशर्मी

१२. पाठबाट पुन्टे, घुटुक्क, थुक जस्ता ह्रस्व उकार हुने दस ओटा शब्दहरू खोजेर लेख ।

कार्यमूलक व्याकरण

१३. पढ, बुझ र गर :

(क) ऊ मनमनै अर्थ लगाउँथ्यो पनि । उनीहरू धनी छन्, म गरिब छु ।

(ख) हामीले भनेको सुन्, तैँले पनि तेरो भाग्य आफैँ लेख्ने हो ।

(ग) तपाइँ मलाई सिकाउनुहोस् । म आफैँ लेख्दै जान्छु ।

माथिका वाक्यमा रेखाङ्कित भएका अक्षरमा आएका ऊ, उनीहरू, म, हामी, तँ, आफैँ, तपाईँ जस्ता शब्दहरूले सर्वनामलाई बुझाएका छन् । सर्वनाम नाम पदको सट्टामा प्रयोग हुन्छ । मुख्य रूपमा सर्वनाम चार प्रकारका छन् । जस्तै :

पुरुषवाचक सर्वनाम	दर्शक सर्वनाम	सम्बन्धवाचक सर्वनाम	प्रश्नवाचक सर्वनाम
म, हामी, तँ, तिमी, तपाईँ, ऊ, उनी, तिनी, हजुर, आफू	यो, यी, यिनी, त्यो, उहाँ, त्यहाँ	जो, जे, जुन, जो जो, जुन जुन, जे जे, जुनसुकै	को, के, कुन, को को, के के, कुन कुन, केही, कुनै, कुनै कुनै

माथिको तालिका अध्ययन गरी पाठबाट सर्वनाम प्रयोग भएका पाँच ओटा वाक्यहरू खोजेर लेख ।

१४. पढ, बुझ र गर :

(क) रातभरि बत्ती निभ्न दिनु हुँदैन **रे** ।

(ख) किन खाली राखेको **त** बा मेरो निधार ?

(ग) म मेरो भाग्य आफैँ लैख्दै जान्छु **है** ।

(घ) छैटीमा देउतालाई तेरो भाग्य लेख्न दिएनौँ **नि** ।

माथिका वाक्यमा आएका रे, त, है, नि जस्ता गाढा अक्षरका शब्द निपात हुन् । निपात एक्लैको कुनै अर्थ हुँदैन । तर वाक्यमा प्रयोग भएपछि भने त्यसको विशेष अर्थ हुन्छ । निपातले भनाइलाई सुन्दर बनाउन विशेष भूमिका खेलेको हुन्छ ।

पाठबाट निपात शब्द प्रयोग भएका पाँच ओटा वाक्य खोजेर लेख ।

१५. तलका वाक्यमा भएका निपात शब्द चिन र कापीमा सार :

आमा, म त आफ्नो भाग्य आफैँ लैख्ने भएँ नि ।

१६. त, पो, क्यारे, नि, चाहिँ, लौ, ल आदि निपातको प्रयोग गरी एक एक ओटा वाक्य बनाऊ ।

Curriculum Development Centre

सिर्जनात्मक अभ्यास

१७. तल दिइएका बुँदाहरूलाई मिलाएर एउटा कथा तयार पार र उपयुक्त शीर्षक पनि देऊ :

कुनै ठाउँमा एउटा ठुलो जङ्गल हुनु ..... काग र कोइली त्यही जङ्गलमा बस्नु ..... दुवैमा राम्रो मित्रता हुनु ..... एक दिन दुवै काठमाडौँ घुम्न हिँड्नु ..... गोदावरी पुग्नु..... स्याल काकासँग भेट हुनु ..... साँझ सबै जङ्गली जनावर जम्मा भएर स्याल काकाकहाँ रमाइलो कार्यक्रम गर्नु ..... सबैले आफ्नो प्रतिभा देखाउनु ..... काग र कोइलीले गीत गाउनु ..... कागको स्वर कसैलाई मन नपर्नु ..... सबैले कोइलीको प्रशंसा गर्नु ..... कागलाई कसैले वास्ता नगरेकामा रिस उठ्नु ..... ऊ खुरुखुरु आफ्नो बाटो लाग्नु ..... स्याल र कोइलीले कागलाई सम्झाउनु र नरिसाउन अनुरोध गर्नु ..... कागले मान्नु ..... सबै जना मिलेर बस्ने वाचा गर्नु ।

१८. तिमीले सुनेको वा पढेको कुनै कथा लेखेर कक्षामा सुनाऊ ।

Curriculum Development Centre

पाठ : ३

देवकुमारी थापा

असल बन्न हौसला दिने व्यक्तिलाई **प्रेरक** व्यक्तित्व भनिन्छ । हामी हौसला पाएर नै असल बन्ने प्रयत्न गर्छौं र आवश्यक कुरा सिक्छौं । हाम्रा आमाबाबाहरूले खान, हिँड्न, पढ्नका लागि हौसला दिनुभयो । त्यसैले हामी यी काममा सक्षम भएका हौं । त्यस्तै शिक्षक, साथी, आफन्तहरूले पनि हौसला दिने गर्दछन् । विश्वमा समाज, साहित्य र शिक्षाका क्षेत्रहरू भने धेरै फराकिला छन् । त्यहाँसम्म पुगेर सबैलाई असल काममा हौसला दिने व्यक्ति थोरै मात्र हुन्छन् । यस्ता प्रेरक व्यक्तिमा देवकुमारी थापाको नाम धेरै अगाडि आउँछ । उनी नेपाली साहित्य, समाज र शिक्षाको विकासमा सबैलाई हौसला दिने प्रेरक व्यक्ति हुन् ।

देवकुमारी थापाको जन्म भारतको दार्जिलिङ क्षेत्रअन्तर्गत खरसाङमा भएको हो । उनी वि.सं. १९८५ वैशाख २ गते जन्मेकी थिइन् । उनी माता रमादेवी र पिता हस्तबहादुर कटुवालकी कान्छी छोरी हुन् । उनका पतिको नाउँ बबरसिंह थापा हो । उनी सानैदेखि धेरै प्रतिभाशाली थिइन् । उनी विद्यार्थी कालमा जाँचमा सधैं प्रथम हुन्थिन् । उनले प्रवेशिका उत्तीर्ण गरी स्वास्थ्य क्षेत्रमा डिप्लोमा गरेकी थिइन् । उनी विवाहपछि वि.सं. २०२२ मा नेपाल आइन् र विभिन्न क्षेत्रमा काम गर्न सुरु गरिन् ।

देवकुमारी थापा बाल बालिकाहरू नै देशका भविष्य **निर्माता** हुन् भन्ने धारणा राख्थिन् । बाल बालिकाहरूलाई नै असल र शिक्षित पार्न साहित्य रचनामा लागिन् । त्यसरी नै बाल बालिकाहरूको **चौतर्फी** विकास गर्न बाल संस्था र समाज सेवामा समर्पित भइन् । उनको

प्रेरक – हौसला दिने

निर्माता – बनाउने

चौतर्फी – चारैतिर

विचारमा मानिसको मुख्य **कर्तव्य** सेवा हो । सबैलाई सेवामा प्रेरणा दिन उनले पुरस्कारको पनि **व्यवस्था** गरिन् । उनी आजीवन सेवामा हिमाल झैँ अडिग बनी सबैको प्रेरणा स्रोत बनिन् ।

बाल साहित्यमा देवकुमारी थापाको विशिष्ट स्थान छ । उनले नेपाली साहित्यमा बाल साहित्यका धेरै किताबहरू लेखेकी छन् । उनका बालकथा छोटा र मिठा छन् । तिनमा बालकहरूको स्वभाव, रुचि र बानी व्यवहारको चित्रण गरिएको छ । बाल मनोविज्ञान भनेको बालकको भित्री मनको कुरा बुझेर त्यसलाई प्रस्तुत गर्नु हो । बालक मनको प्रस्तुति भएका कारण उनका कथालाई बाल मनोवैज्ञानिक कथा भनिन्छ । उनले पनि बालकको अन्तर्मनमा पुगी कथाहरू लेखेकी छन् । त्यसैले यिनलाई बाल मनोवैज्ञानिक कथाकार भनिन्छ । उनमा असल वातावरण र सकारात्मक सन्देशले नै बाल बालिकाहरूको सुन्दर भविष्य निर्माण गर्न सकिन्छ भन्ने विश्वास थियो । उनका बाल साहित्य सम्बन्धी रचना धेरै छन् । 'पुण्यात्मा आमा', 'रामको कथा', 'कथाको बटुलो', 'प्रलय प्रतीक्षा', 'टपरी', 'भोकतृप्ति', 'देवकुमारी थापाका प्रतिनिधि कथाहरू' आदि उनका साहित्यिक रचना हुन् । उनी सम्पादक रही प्रकाशन भएको 'हिमाल किशोर' पहिलो नेपाली बाल पत्रिका हो । उनले बाल बालिकाहरूका मनका भावना बुझेर बाल पत्रिकालाई निकै रोचक बनाउने प्रयत्न गरिन् । उनका रचनाहरूमा राष्ट्रभक्तिको सन्देश पनि प्रशस्त पाइन्छ । उनकै प्रेरणाले नेपाली साहित्य र बाल साहित्य लेखनमा धेरैले प्रवेश गरे ।

देवकुमारीले स्वास्थ्य क्षेत्रमा पनि काम गरिन् । उनले विराटनगरको बाल मन्दिरमा तिस वर्षसम्म काम गरेर असल सेवाको उदाहरण दिइन् । उनले गाउँ गाउँमा घुमेर बालक, महिला, वृद्धलगायत धेरै अशक्त र बिरामीहरूको उपचार गरिन् । स्वास्थ्य क्षेत्रमा काम गर्दा उनलाई समाज सेवा गर्ने प्रेरणा प्राप्त भयो । उनले हिमाल महिला सङ्घ, नेपाली साहित्य सम्मेलन आदिबाट समाज सेवा सुरु गरिन् । त्यसपछि विविध सामाजिक संस्थामा काम गरिन् । उनी देश विदेशका विभिन्न कार्यक्रममा सहभागी बनिन् । उनी **असहाय**, उत्पीडित, **विपन्न** र रोगग्रस्त मानव समुदायको दुःख, पिर हटाउन सधैँ तत्पर रहिन् । उनी विभिन्न सामाजिक, सांस्कृतिक र शैक्षिक संस्थामा पनि कार्यरत थिइन् । उनी विराट साहित्य संस्थाको अध्यक्ष भइन् । बाल

कर्तव्य – गर्नुपर्ने काम, दायित्व

व्यवस्था – बन्दोबस्त

असहाय – सहयोगी नभएको, बेसहारा

विपन्न – गरिब

साहित्य समाज, गुरुकुल विद्यालय, नेपाल प्रज्ञा प्रतिष्ठान आदि संस्थामा पनि उनी सक्रिय भइन् । यस प्रकार उनले अनेकौँ संस्थामा रहेर समाज सेवामा उल्लेखनीय योगदान गरिन् ।

देवकुमारी थापा बाल बालिकाहरूको हेरचाह र शिक्षामा सर्वाधिक रुचि राख्थिन् । उनी पढाउने काममा पनि ज्यादै सिपालु थिइन् । देवकुमारी सादा जीवन र उच्च विचारमा विश्वास गर्थिन् । सकेसम्म त्यसलाई व्यवहारमा उतार्ने प्रयास गर्थिन् । बालमैत्री वातावरणमा शिक्षा दिन सबैलाई सल्लाह दिन्थिन् । उनको यो विचार र व्यवहारले धेरैलाई प्रभाव पारेको थियो । विभिन्न समारोहमा सहभागी भएर उनले राखेका विचारहरूबाट सबै प्रभावित हुन्थे । उनका विचार जीवन उपयोगी र सारगर्भित पनि थिए ।

देवकुमारीले आफ्नै खर्चमा बबरसिंह थापा सेवा गुठी स्थापना गरिन् । उनी बहुमुखी प्रतिभाकी धनी थिइन् । उनले विभिन्न क्षेत्रमा दिएको योगदानको कदरस्वरूप उनलाई उत्तम कुँवर पुरस्कार, प्रतिभा पुरस्कार, महेन्द्र प्रज्ञा पुरस्कार आदिबाट सम्मान गरियो । उनी सेवा पदक, गोरखा दक्षिण बाहु, रत्नश्री स्वर्ण पदक आदिबाट पनि विभूषित भइन् । उनको कर्मशील जीवनबाट प्रभावित भएर उनलाई वि.सं. २०५५ मा नागरिक अभिनन्दन पनि गरियो ।

देवकुमारीले वि.सं. २०६८ वैशाख २२ गते **अन्तिम विश्राम** लिइन् । उनले यस धर्तीबाट बिदा लिए पनि उनका **अविस्मरणीय** कामले उनलाई अमर बनाएको छ । नेपाली साहित्य, बाल साहित्य र **पत्रकारिता**मा उनले कहिल्यै ननिभ्ने दियो बालेकी छन् । सामाजिक सेवाका क्षेत्रमा उनी सबैको उदाहरण बनेकी छन् । शिक्षा सेवामा उनी त्यसरी नै बालकदेखि वृद्धसम्मका लागि प्रेरक व्यक्तित्व बनेकी छन् । उनले बाल सेवालगायत मानव सेवा र राष्ट्र सेवाका निम्ति असल **पथ प्रदर्शक**को काम गरेकी छन् । समग्रमा उनी शिक्षा, साहित्य र समाज सेवाका क्षेत्रमा प्रेरणाकी **मुहान** बनेकी छन् ।

अन्तिम विश्राम	–	मृत्यु
अविस्मरणीय	–	बिर्सन नसकिने
पत्रकारिता	–	पत्र पत्रिका सम्पादन गरी प्रकाशन गर्ने काम
पथ प्रदर्शक	–	बाटो देखाउने
मुहान	–	मूल स्रोत

Curriculum Development Centre

अभ्यास

१. पाठ पालैपालो पढ र साथीले पढेको पनि सुन ।

२. एक वाक्यमा उत्तर भन :

(क) देवकुमारीको जन्म कहाँ र कहिले भएको थियो ?

(ख) देवकुमारी थापाले किन बाल साहित्यको पुस्तक लेख्न थालिन् ?

(ग) देवकुमारीले आफ्नै खर्चमा कुन संस्था स्थापना गरिन् ?

(घ) देवकुमारी थापा कुन कुन क्षेत्रमा उदाहरण बनेकी छन् ?

३. जोडा मिलाऊ :

(क) देवकुमारी थापाको जन्मस्थान	बाल मन्दिर
(ख) पहिलो नेपाली बाल पत्रिका	हिमाल किशोर
(ग) मानवको मुख्य कर्तव्य	भविष्य
(घ) देवकुमारीले तिस वर्षसम्म सेवा गरेको संस्था	खरसाङ
(ङ) विराट साहित्य संस्था	सेवा
	अध्यक्ष

४. ठिक उत्तरमा ठिक (√) चिह्न लगाऊ :

(क) देवकुमारी थापाले गरेको नयाँ काम के हो ?

(अ) बाल कथा लेखन (आ) बाल पत्रिका प्रकाशन

(इ) बाल नाटक मञ्चन (ई) बाल मन्दिर सञ्चालन

(ख) देवकुमारी अध्यक्ष रहेको संस्था कुन हो ?

(अ) विराट साहित्य संस्था (आ) बाल पत्रिका प्रकाशन

(इ) बाल नाटक मञ्चन (ई) अन्तर्राष्ट्रिय मञ्च

५. मिल्ने शब्द छानेर खाली ठाउँ भरी वाक्य पुरा गर :

(क) असल काममा हौसला दिने व्यक्ति ..... हुन्छन् । (थोरै, ज्यादै, अलिकति)

Curriculum Development Centre

(ख) बाल बालिकाहरू नै देशका भविष्य ..... हुन् । (भार, निर्माता, खेलाडी)

(ग) नेपाली साहित्यमा देवकुमारीको ..... स्थान छ । (गहिरो, विशिष्ट, चर्को)

(घ) हिमाल किशोर पहिलो नेपाली..... हो । (बाल पत्रिका, हिमाल शिशु, बाल साहित्य)

६. उत्तर लेख :

(क) देवकुमारीको बाल साहित्यमा कस्तो योगदान रहेको छ ?

(ख) देवकुमारीलाई किन उच्च विचार भएकी व्यक्ति भनिन्छ ?

(ग) देवकुमारी थापालाई के कारणले नागरिक अभिनन्दन गरियो ?

(घ) देवकुमारी थापालाई किन प्रेरणाकी मुहान मानिन्छ ?

(ङ) देवकुमारी थापाले के कस्ता सम्मान र पुरस्कार पाइन् ?

७. देवकुमारी थापाले शिक्षा, स्वास्थ्य र साहित्यमा दिएको योगदानको चर्चा गर ।

८. पाठको तेस्रो अनुच्छेद पढी चार ओटा बुँदाहरू टिपेर सारांश लेख ।

शब्द भण्डार

९. तल छ्यासमिस पारेर विपरीतार्थी शब्द राखिएका छन् । उदाहरण हेरी मिल्ने शब्द छानेर जोडा मिलाऊ :

उदाहरण : सक्षम = असक्षम

शिक्षित, पत्नी, सहाय, अशिक्षित, पति, विपन्न, थोरै, असहाय, सम्पन्न, सक्रिय, धेरै, निष्क्रिय, असल, रुचि, खराब, नमिठो, अरुचि, मिठो

१०. तलका शब्दको अर्थ बताऊ :

जग, प्रेरणा, निर्माता, अमर, उदाहरण, व्यवस्था, चौतर्फी, हौसला, कर्तव्य, अडिग

११. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

आफन्त, आजीवन, मानव, समर्पित, प्रेरणादायी, मुहान

उच्चारण र हिज्जे

१२. ठिक उच्चारण गर :

प्रेरक, प्रतिभाशाली, पथ प्रदर्शक, स्वर्ण पदक, प्रोत्साहन, समग्र, उदाहरण

Curriculum Development Centre

१३. ठिक हिज्जे भएको शब्द छानेर लेख :

(क) सन्तती	शन्तति	सन्तति
(ख) विविध	बिबिध	विवीध
(ग) विभूषीत	विभूषित	बिभुषित
(घ) वालमैत्री	बालमैत्री	बालमैत्रि
(ङ) प्रदर्शक	प्रदर्षक	पर्दसक
(च) अविस्मरणिय	अविस्मरणीय	अबिस्मरनीय

१४. शिक्षकबाट सुनेर तलका शब्दहरूको उच्चारण गर :

(क) कर्तव्य, भविष्य, व्यक्तित्व, अस्तित्व, अन्याय, कन्या, मान्य

(ख) टाठो, तातो, तारा, टाढा, ठाम, थाम, डाम, दाम, डर, दर

(ग) जन, झन्, जान, झान, डाँठ, दाँत, घाम, दान, धान, गुण, गुन

(घ) अमर, अवसर, असर, असार, साबुन, साउन, सुँड, सुन

(ङ) शुद्ध, बुद्ध, ब्रह्म, बर्मा, माझ, सादा, साझा

१५. पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

कार्यमूलक व्याकरण

१६. पढ, बुझ र गर :

(क) तलको अनुच्छेदमा रेखाङ्कित पदहरूको कारक पहिचान गर :

देवकुमारी थापाले धेरै कृतिहरू लेखिन् । उनले बाल साहित्यले नेपाली साहित्यको भण्डार भरिन् । उनले बाल बालिकाहरूलाई दरिलो पाइला चाल्न सिकाइन् । उनले दयनीय अवस्थाबाट बाल साहित्यलाई उचालिन् । नेपाली बाल साहित्यमा उनको ठुलो योगदान छ ।

माथिका वाक्यमा रेखाङ्कित पदले क्रियापदका माध्यमबाट गरेका कामको भूमिका व्यक्त गरेका छन् । माथिको अनुच्छेदमा रेखाङ्कित पदले कारकको काम गरेका छन् ।

Curriculum Development Centre

कारक र विभक्तिका बारेमा थप जानकारीका लागि तलको तालिका पढ :

विभक्ति चिह्न	विभक्ति	कारक	अर्थ
ले, बाट, द्वारा	प्रथमा	कर्ता	जसले काम गर्छ ।
लाई	द्वितीया	कर्म	जुन काम गरिन्छ ।
ले, बाट, द्वारा	तृतीया	करण	जसको मद्दतले काम गरिन्छ ।
लाई	चतुर्थी	सम्प्रदान	जसका निम्ति काम गरिन्छ ।
देखि, बाट	पञ्चमी	अपादान	जहाँबाट छुट्टिएर काम हुन्छ ।
को, का, की, रो, रा री, नो, ना, नी	षष्ठी		आपसमा नाता वा सम्बन्ध बुझाउँछ ।
मा	सप्तमी	अधिकरण	कुनै कुरा रहने वा अडिने आधार बुझाउँछ ।

(ख) कारकबारे अझ स्पष्ट पार्न कारकको नाम, पहिचान गर्ने उदाहरणहरू यस प्रकार दिइएका छन् :

कर्ता : जसले काम गर्छ ।

(अ) देवकुमारीले राम्ररी पढिन् ।

(आ) उनले कथा लेखिन् ।

(इ) सरकारबाट चुनाव घोषणा भयो ।

कर्म : जुन काम गरिन्छ ।

(अ) देवकुमारीले पुस्तक पढिन् ।

(आ) उनले निबन्ध लेखिन् ।

(इ) पेमाले डोल्मालाई भेटिन् ।

करण : जसको मद्दतले काम गरिन्छ ।

(अ) देवकुमारी आफ्नै प्रतिभाले प्रसिद्ध बनिन् ।

(आ) उनी आफ्नै मिहिनेतले सफल भइन् ।

(इ) साहित्यकारहरू कलमले संसार जित्छन् ।

सम्प्रदान : जसका निम्ति काम गरिन्छ ।

(अ) देवकुमारीले बाल बालिकालाई किताब दिइन् ।

Curriculum Development Centre

(आ) उनले नेपाली साहित्यलाई माया गरिन् ।

(इ) हामीले देवकुमारीलाई श्रद्धा गर्नुपर्छ ।

अपादान : जहाँबाट छुट्टिएर काम हुन्छ ।

(अ) देवकुमारी थापा दार्जिलिङबाट नेपाल आइन् ।

(आ) उनले दयनीय अवस्थाबाट समाजलाई माथि उचालिन् ।

(इ) उनले सानैदेखि कविता लेख्न थालिन् ।

अधिकरण : कुनै कुरा रहने वा अडिने आधार बुझाउँछ ।

(अ) देवकुमारीमा प्रतिभा थियो ।

(आ) उनको मुटुमा नेपाली समाजको माया थियो ।

(इ) उनले बालकहरूमा देशको भविष्य देखिन् ।

१७. कोष्ठकमा दिइएको सङ्केतअनुसार विभक्ति चिह्न राखेर खाली ठाउँ पुरा गर :

(क) अप्सरा ..... नयाँ किताब किनिन् । (प्रथमा विभक्ति)

(ख) सोनु भाइ ..... बोलाउँछिन् । (द्वितीया विभक्ति)

(ग) हरि बिहानै ..... पढ्दै छ । (पञ्चमी विभक्ति)

(घ) गोपाल कलम ..... चिठी लेख्छन् । (तृतीया विभक्ति)

(ङ) मेरो टेबुल ..... घडी छ । (सप्तमी विभक्ति)

१८. रेखाङ्कित शब्दको कारक छुट्याऊ :

(क) चित्रलेखाले इनारबाट बाल्टीमा पानी झिकेर ल्याइन् र भाइलाई दिइन् ।

(ख) सन्तोषले लठ्ठीले सर्पलाई हिर्कायो ।

(ग) मनोजले कलमले चिठी लेखेर आफ्नो साथीलाई पठाए ।

Curriculum Development Centre

सिर्जनात्मक अभ्यास

१९. तलका बुँदाहरूका आधारमा छोटो जीवनी लेख :

साहित्यिक नाम : पारिजात

वास्तविक नाम : विष्णुकुमारी वाइबा

जन्म : वि.सं. १९९४ वैशाख

जन्मस्थान : दार्जिलिङको लिँगिया चिया बगान (भारत)

मातापिता : अमृतादेवी र कालुसिंह वाइबा

शिक्षा : बी.ए.

संलग्नता : 'राल्फा' भन्ने साहित्यिक आन्दोलनको नेतृत्व, प्रगतिशील लेखक सङ्घको स्थापना, अखिल नेपाल महिला मञ्च र बन्दी सहायता नियोगका संस्थापक अध्यक्ष, नेपाल मानव अधिकार सङ्गठनका संस्थापक उपाध्यक्ष

प्रकाशित कृतिहरू

- कथा सङ्ग्रह : 'आदिम देश', 'सडक र प्रतिभा' आदि
- कविता सङ्ग्रह :'आकाङ्क्षा', 'पारिजातका कविता' आदि
- उपन्यास : 'शिरीषको फुल', 'महत्ताहीन', 'बैँसको मान्छे' आदि
- निबन्ध सङ्ग्रह : 'आधी आकाश'
- आत्म संस्मरण : 'धुपी सल्ला र लाली गुराँसको फेदमा'

साहित्यिक विशेषताहरू

- प्रगतिवादी दृष्टिकोण र क्रान्ति चेतनाको प्रभाव परेको
- गरिब, दुःखी तथा असहायप्रति विशेष सहानुभूति राख्ने
- साहित्यले समाज सुधार गर्न सक्नुपर्छ भन्ने विचार व्यक्त गर्ने सङ्घर्षशील साहित्यकार

सम्मान र पुरस्कार : मदन पुरस्कार (२०२२), युगज्ञान पुरस्कार (२०२७) पाण्डुलिपि पुरस्कार (२०४९), गङ्की वसुन्धरा पुरस्कार (२०४९) आदि

मृत्यु : वि.सं. २०५० वैशाख ५, काठमाडौँ

Curriculum Development Centre

पाठ : ४

ग्रन्थचित्र

–इन्द्रबहादुर खत्री

मानिस प्रकृतिको सिर्जनशील प्राणी हो । उसले आफू जन्मेको प्रकृतिमा अनेक सिर्जना र विराट् कलाका स्वरूपहरू देखेको छ । प्रकृतिका **मन मोहक** कलासँग रमाउँदै मानिस आफूले पनि प्रकृतिबाट धेरै कला सिकेको छ । प्रकृतिबाटै उसले कलाको **आविष्कार** पनि गरेको छ । प्रकृतिले सिर्जना गरेका हिमालहरू मुसुक्क मुस्कुराएको देखेपछि मानिस लोभिन्छ । त्यसलाई आफ्नो मनभरि सजाउँदै कापीका पानामा उतार्ने प्रयत्न गर्छ । त्यसमा रेखा कोर्छ, रङ भर्छ । अनि उसको कला कागजका पानाभरि सिँगारिन्छ र चित्रकला जन्मन्छ । यही चित्रकला मानव सभ्यताको विकाससँगै विविध क्षेत्र, विधा, संस्कार र संस्कृति हुँदै अगाडि बढेको छ । आधुनिक युगसम्म आइपुग्दा मानिसले विभिन्न कलासँग परिचित हुने मौका पाएको छ । प्राचीन ग्रन्थमा विषय वस्तुको भावसँगै कोरिएका चित्रकला मात्र नभएर मूर्तिकला, **वास्तुकला**, नृत्यकलाले मानव मनलाई लोभ्याएका छन् । चित्रकलाले मानव जीवनको वास्तविकता बुझाएको छ, इतिहासको चित्र खिचेको छ र वर्तमानलाई सजाएको छ । मानिसले किताबका सुन्दर चित्रहरू हेर्छ, पत्र पत्रिकामा अनेक थरी चित्रहरू र व्यङ्ग्य चित्र हेरेर मुस्कुराउँछ । कतै मानव जीवनको **सजीव** चित्र देख्छ भने कतै सामाजिक **दुरवस्था** समेटिएका व्यङ्ग्य चित्रहरू भेट्छ । यी सबै किसिमका कलाको उत्पत्तिको आधार भूमि प्राचीन युगदेखि सुरु भएको ग्रन्थचित्र हो ।

चित्रकलाको इतिहास निकै पुरानो छ । यसको सम्बन्ध मानव सभ्यताको इतिहाससँगै जोडिएको छ । मानव सभ्यताको विकाससँगै धर्म, संस्कृति, सामाजिक मूल्य र मान्यताको विकास भएको हो । यी कुराहरूलाई आधार बनाउँदै निर्माण गरिएका चित्रहरू परम्परागत चित्रकलाअन्तर्गत

ग्रन्थचित्र – ग्रन्थ वा शास्त्रको कथामा आधारित चित्र

मन मोहक – मनलाई मोहित वा मुग्ध पार्ने, मनलाई लोभ्याउने

आविष्कार – पत्ता लगाउने काम, नयाँ कुराको खोजी

वास्तुकला – घर, दरबार, देवालय आदि निर्माण गर्ने शैली, विशेष कला

सजीव – जिउँदो, नमरेको

दुरवस्था – नराम्रो अवस्था

Curriculum Development Centre

पर्दछन् । **आधुनिक** चित्रकलाको सुरुवात भने निकै पछि मात्र भएको पाइन्छ । परम्परागत नेपाली चित्रहरूमा **पौवाचित्र**, ग्रन्थचित्र, मुहार चित्र, दृश्यचित्र आदि पर्दछन् । यी विविध चित्रहरूमध्ये ग्रन्थचित्रको विशेष महत्त्व रहिआएको छ । ग्रन्थचित्र **ललित कला**को दृश्यभेदअन्तर्गत पर्दछ ।

नेपालमा पाइएका प्राचीन चित्रहरू ग्रन्थचित्र हुन् । **छापाखाना**को आविष्कार हुनुभन्दा पहिले मानिसहरूले आवश्यक पर्ने चित्रहरू हातले कोर्थे । त्यस्ता चित्रहरू **हस्त लिखित** ग्रन्थहरूमा लेखिएका विषय वस्तु र भावसँग मिल्ने खालका हुन्थे । यहींबाट ग्रन्थचित्रको उत्पत्ति भएको हो भन्ने अनुमान गरिन्छ । यस्ता ग्रन्थचित्रहरू ज्यादै **सूक्ष्म** रूपमा कोरिएका हुन्छन् ।

प्राचीन कालदेखि नै ग्रन्थको बाहिरी गातामा चित्र बनाइन्थ्यो । त्यसै गरी भित्री भागमा पनि चित्र बनाइन्थ्यो । यसकारण ग्रन्थचित्रलाई बाहिरी र भित्री गरी दुई भागमा विभाजन गरिएको पाइन्छ । पुस्तकको पाना वा भित्री भागको सुरक्षाका लागि गाता बनाउने चलन छ । प्राचीन समयमा ग्रन्थका गाता बनाउन प्रायः काठका चिल्ला फल्याकहरू प्रयोग गरिन्थे । यस्ता गाताका दुवैतिर त्यस ग्रन्थमा आधारित भएर चित्रहरू बनाइन्थ्यो । ती चित्रहरूलाई गाताचित्र भनिन्छ ।

आधुनिक – अहिलेको, वर्तमान

पौवाचित्र – कागज, कपडा आदिमा देवी देवताको चित्र लेखिएको, प्राचीन शैलीको चित्र

ललित कला – मनको भाव व्यक्त गर्ने चित्र, मूर्ति, वास्तु, शिल्प, सङ्गीत आदिको कला

छापाखाना – छपाइ गर्ने ठाउँ वा प्रेस

हस्त लिखित – हातले लेखिएको

सूक्ष्म – अति गहिराइमा गएर भाव व्यक्त गर्ने, अति साना विषय वस्तुलाई समेट्ने

Curriculum Development Centre

पुस्तकभित्र वर्णन गरिएका विषय वस्तुहरूलाई सरल तरिकाले बुझाउन विषय वा प्रसङ्गअनुसार **रेखाचित्र** वा **रङ्गीन चित्र** पानाको छेउमा बनाइन्थ्यो । आवश्यकतानुसार पानाको तल वा माथि पनि चित्रहरू कोर्ने गरिन्थ्यो । यसरी विषय वस्तुको वर्णनलाई स्पष्ट पार्ने गरी बनाएका चित्रलाई अहिले वर्णनात्मक रेखाचित्र पनि भनिन्छ ।

प्राचीन कालमा कागजको आविष्कार नभएको हुनाले **ताडपत्र** अथवा **भोजपत्र**मा ग्रन्थचित्र कोर्ने परम्परा थियो । ताडपत्र ताड रुखका लामा लामा पात सुकाएर त्यसमा लेख्न हुने गरी तयार पारिन्छ । ताडका पातहरू तिन इन्च जति चौडाइ र बिस इन्च जति लम्बाइका हुन्छन् । त्यस्तै भोजपत्र एक प्रकारको लेकाली जातको रुखको बोक्रा हो । यस्ता बोक्रालाई लामो किताबका पाना जस्तो रूपमा निकालेर सुकाई तिनमा चित्र कोरिन्छ । यसरी भोजपत्र, ताडपत्र तथा कागजमा लेखिएका यस्ता प्राचीन ग्रन्थलाई हस्त लिखित ग्रन्थ भनिन्छ । यिनै ग्रन्थहरूमा प्रयोग भएका चित्रलाई ग्रन्थचित्र भनिन्छ ।

दसौँ शताब्दीको **प्रज्ञा पारमिता** नेपाली चित्रकलामध्ये सबैभन्दा पुरानो चित्रकलामा आधारित ग्रन्थ हो । यो ग्रन्थचित्र डेढ हात जति लामो ताडपत्रमा बनाइएको छ । यो चित्र वि.सं. ९७७ मा राजा शङ्करदेवको समयमा बनाइएको थियो । यसमा तलमाथि काठको फल्याकमा अठार ओटा बौद्ध देवी देवताका **पञ्चबुद्ध**, **चतुसतारा, बज्रसत्त्व**, बत्ती, फुल र शङ्ख लिएका देवी देवताका चित्र छन् । यसमा रातो रङको प्रधानता छ । हाल यो चित्र पाटनस्थित महाबौद्ध मण्डलका शाक्यहरूको जिम्मामा छ ।

ग्रन्थचित्रमा कलाकारले विषय वस्तुको आधारमा रङ तथा गर गहना, कपडा र मुखको हाउभाउ मिलाएर चित्र कोर्दछन् । कलाकारहरूले मुख्य देवता, सहायक देवता र राक्षसका चित्रमा भिन्नाभिन्नै रङको प्रयोग गर्दछन् । ग्रन्थचित्र बनाउँदा कलाकारले प्राकृतिक रङको प्रयोग गर्दछन् । ग्रन्थचित्र निर्माण गर्दा ताडपत्र एवम् भोजपत्रलाई चर्को घाम नपर्ने गरी छायामा सुकाइन्छ । यिनलाई आवश्यक पर्ने आकारमा काटिन्छ र त्यसलाई पानीमा डुबाएर फेरि

रेखाचित्र – रेखा तानेर कोरिएका चित्र

रङ्गीन चित्र – धेरै प्रकारका रङको प्रयोग गरिएका रङ्गी बिरङ्गी चित्र

ताडपत्र – ताड जातको रुखको पात

भोजपत्र – हिमाली भेगमा पाइने एक प्रकारको रुखको बोक्राबाट निकालिएको पत्र

प्रज्ञा पारमिता – ज्ञानको पूर्णता भएको, एक प्रसिद्ध बौद्ध ग्रन्थमा कोरिएको चित्र

पञ्चबुद्ध – अलौकिक शक्ति भएका पाँच बुद्धको समूह

चतुसतारा – प्रज्ञा पारमिता चित्रमा अङ्कित श्वेत, हरित आदि चार ताराहरूको समूह

बज्रसत्त्व – क्षमा माग्ने, बुद्धको एक अवतार

Curriculum Development Center

घाममा सुकाइन्छ। यसलाई शङ्ख वा **शालिग्राम**ले घोटेर चिल्लो पारेपछि मात्र चित्र कोरिन्छ। त्यसलाई किराले नकाटोस् भनेर हरिताल नामक विष लगाइन्छ। किताबका पानालाई एकपट्टिबाट बाँधेर पुस्तकको आकार बनाइन्छ। त्यस पुस्तकको बाहिर काठको पातलो फल्याकको गाता राखेर बाँधिन्छ। त्यस्ता ग्रन्थमा लेख्न बाँसको कलम प्रयोग गरिन्छ। चित्रमा रङ लगाउन चराको प्वाँख तथा कलाकार आफैँले बनाएको जनावरको रौँको ब्रस प्रयोग गरिन्छ। लेखनका निम्ति कटुस, आँप र अमलाका पातलाई धेरै बेर पकाएर कालो मसी बनाइन्छ। यही मसीको प्रयोग गरेर ग्रन्थ लेख्ने र रेखाचित्र कोर्ने गरिन्छ।

परम्परादेखि विकसित भएको ग्रन्थचित्रले अहिले व्यापक रूप ग्रहण गरेको छ। अहिले आएर विद्यार्थीहरूलाई पढाउन पनि विभिन्न चित्रहरूको प्रयोग गर्न थालिएको छ। यस्ता ग्रन्थचित्रहरूले भन्न खोजिएका विषय वस्तु र **मनोभाव**लाई खुलस्त रूपमा बुझाउँछन्। त्यसैले दिन प्रतिदिन यसको लोकप्रियता बढ्दै गएको छ। अहिलेको फोटोग्राफीको विकाससमेत पहिलेका यिनै ग्रन्थचित्रबाट भएको हो। आधुनिक युगमा आइपुग्दा पनि ग्रन्थचित्रको महत्त्व झन् बढ्दै गइरहेको छ। यसको प्रयोगबाट हामीले आफ्नो कला र सिपलाई कुनै न कुनै रूपमा प्रस्तुत गरी **जीवनोपयोगी** बनाउन सक्नुपर्छ।

शालिग्राम – काली गण्डकीको तिरमा पाइने चक्र चिह्नसहितको विष्णुका रूपमा पूजा गरिने विशेष पत्थर

मनोभाव – मनको विचार

जीवनोपयोगी – जीवनका लागि उपयोग हुने

अभ्यास

१. पाठको पहिलो अनुच्छेद पालैपालो सस्वर वाचन गर।

२. उत्तर भन :

(क) मानव मनलाई लोभ्याउने कला कुन कुन हुन् ?

(ख) ग्रन्थचित्र ललित कलाको कुन भेदअन्तर्गत पर्दछ ?

(ग) कस्ता चित्रलाई गाताचित्र भनिन्छ ?

Curriculum Development Centre

(घ) ताडपत्र कसरी तयार पारिन्छ ?

(ङ) प्राचीन समयमा चित्र बनाउँदा कलाकारले कुन रङको प्रयोग गर्थे ?

(च) हामीले कुन कुन कलासँग परिचित हुने मौका पाएका छौँ ?

३. तलका भनाइ ठिक भए ठिक (√) चिह्न र बेठिक भए बेठिक (×) चिह्न लगाऊ :

(क) ग्रन्थचित्र निर्माण गर्दा ताडपत्र एवम् भोजपत्रलाई छायामा सुकाइन्थ्यो ।

(ख) अहिले सामाजिक दुरवस्थाप्रति व्यङ्ग्य गरिएका चित्रहरू पाइँदैनन् ।

(ग) पौवाचित्र आधुनिक चित्रअन्तर्गत पर्दछ ।

(घ) नेपालमा पाइएका प्राचीन चित्रहरू ग्रन्थचित्र हुन् ।

(ङ) ग्रन्थका गाता बनाउन प्रायः काठका चिल्ला फल्याकहरू प्रयोग गरिन्छ ।

४. पाठबाट उपयुक्त शब्द खोजेर खाली ठाउँमा भर :

(क) आधुनिक चित्रकलाको सुरुवात भने ..... मात्र भएको हो ।

(ख) विषय वस्तुको वर्णनलाई स्पष्ट पार्न बनाइएका चित्रलाई ..... पनि भनिन्छ ।

(ग) नेपाली चित्रकलामध्ये सबैभन्दा पुरानो दसौँ शताब्दीको ..... रहेको छ ।

(घ) ग्रन्थचित्रले भन्न खोजिएको मनोभावलाई ..... रूपमा बुझाउँछन् ।

५. तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर देऊ :

(क) चित्रको जन्म कसरी भयो ?

(ख) पहिले ग्रन्थको बाहिरी र भित्री भागमा के कस्ता चित्रहरू बनाइन्थे ?

(ग) कागजको आविष्कार हुनुभन्दा पहिले ग्रन्थचित्रहरू कसरी कोरिन्थे ?

६. तलका प्रश्नहरूको लामो उत्तर देऊ :

(क) ग्रन्थ लेख्ने र रेखाचित्र कोर्ने काममा प्रयोग गरिने रङ र वस्तुहरूको निर्माण कसरी गरिन्छ ?

(ख) चित्रकलाको विकासमा ग्रन्थचित्रको के कस्तो भूमिका रहेको छ, स्पष्ट पार ।

Curriculum Development Centre

७. भाव स्पष्ट गर :

(क) मानव सभ्यताको विकाससँगै धर्म, संस्कृति, सामाजिक मूल्य र मान्यताको विकास भएको छ ।

(ख) हामीले आफ्नो कला र सिपलाई कुनै न कुनै रूपबाट प्रस्तुत गरी जीवनोपयोगी बनाउन सक्नुपर्छ ।

शब्द भण्डार

८. ग्रन्थ + चित्र = 'ग्रन्थचित्र' भए जस्तै तलका शब्दमा 'चित्र' जोडेर नयाँ शब्द बनाऊ :

मुहार, दृश्य, पौवा, रेखा

९. वाक्यमा प्रयोग गर :

मनोभाव, ताडपत्र, परम्परा, दुरवस्था

१०. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

पौवाचित्र	घर, दरबार, देवालय आदि निर्माण गर्ने सिप
वास्तुकला	मनलाई मोहित वा मुग्ध पार्ने
मन मोहक	कागज, कपडा आदिमा देवी देवताको चित्र लेखिएको, प्राचीन शैलीको चित्र
ग्रन्थचित्र	काली गण्डकीको तिरमा पाइने चक्र चिह्न भई विष्णुका रूपमा पूजा गरिने विशेष पत्थर
शालिग्राम	ग्रन्थ वा शास्त्रको कथामा आधारित चित्र
	मनको भाव व्यक्त गर्ने चित्र

उच्चारण र हिज्जे

११. शुद्धसँग उच्चारण गर :

सभ्यता, शालिग्राम, ग्रन्थचित्र, बज्रसत्त्व, पञ्चबुद्ध

Curriculum Development Centre

१२. शिक्षकबाट सुनेर लेख :

फोटोग्राफी, रङ्गीन चित्र, आविष्कार, प्रज्ञा पारमिता

१३. शुद्ध गरी सार :

मुर्तीकला, सुक्ष्म, पउवाचीत्र, निर्मान, पाथ्यपुस्तक

१४. पाठबाट 'य' र 'ए' लागेका दस दस ओटा शब्दहरू खोजेर लेख।

१५. पाठ पढी तालिकामा पाँच पाँच ओटा शब्दहरू भर :

इकार लागेका	ईकार लागेका	उकार लागेका	ऊकार लागेका
चित्र, ...	सजीव, ...	उपहार, ...	आफू, ...

कार्यमूलक व्याकरण

१६. पढ, बुझ र गर :

काल		पक्ष			
		अपूर्ण	पूर्ण	अज्ञात	अभ्यस्त
वर्तमान	लेख्छौ	लेख्दै छौ	लेखेका छौ	–	–
भूत	लेख्यौ	लेख्दै थियौ	लेखेका थियौ	लेखेछौ	लेख्थ्यौ
भविष्यत्	लेख्ने छौ	लेख्दै हुने छौ	लेखेका हुने छौ	–	–

काल भनेको वाक्यमा क्रियापदले बताउने समय हो। पक्ष भनेको कालभित्रको पनि समय हो। यसले क्रियापदको सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त अवस्थालाई बुझाउँछ। माथिको तालिकामा तिन ओटै काल र सबै पक्षका क्रियापदहरू दिइएका छन्। एउटा कालको क्रियापदलाई अर्को कालमा र एउटा पक्षको क्रियापदलाई अर्को पक्षमा परिवर्तन गरेर देखाइएको छ। यसरी गरिने परिवर्तनलाई काल र पक्षका आधारमा गरिने परिवर्तन भनिन्छ।

Curriculum Development Centre

पाठमा भनिन्छ, कोरिन्थ्यो, मिल्दछ, हुन्थे जस्ता क्रियापदहरू प्रयोग भएका छन् । यस्ता अरू पाँच ओटा क्रियापदहरू टिपेर माथिको जस्तै तालिका बनाएर सबै काल र पक्षमा के कस्ता रूप हुन्छन्, देखाऊ ।

१७. पाठबाट वर्तमान र भूत कालका पाँच पाँच ओटा वाक्यहरू टिप र ती वाक्यलाई भविष्यत् कालमा बदल ।

१८. कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यलाई बदल :

(क) महेश ग्रन्थचित्र हेर्छ । (अपूर्ण भविष्यत्)

(ख) सरोज राम्रो चित्र बनाउँछ । (अभ्यस्त भूत)

(ग) फुर्वा खुरुखुरु चित्र कोर्छ । (अपूर्ण भविष्यत्)

(घ) हामी दृश्यचित्र हेर्छौं । (अभ्यस्त भूत)

(ङ) उसले राम्रो चित्र बनायो । (पूर्ण वर्तमान)

(च) सरिताले पौवाचित्र हेरिन् । (अपूर्ण वर्तमान)

(छ) उनीहरूले सङ्ग्रहालयमा चित्रहरू हेरेछन् । (पूर्ण भविष्यत्)

(ज) मैले 'ग्रन्थचित्र' पाठ पढें । (अपूर्ण वर्तमान)

१९. कोष्ठकमा दिइएको धातु र सङ्केतका आधारमा खाली ठाउँ भर :

(क) सीता राम्रो चित्र ..... । (बनाउ : अपूर्ण वर्तमान)

(ख) ऊ ताम्रपत्रमा चित्र ..... । (कोर् : अभ्यस्त भूत)

(ग) सन्तमान धेरै पौवाचित्र ..... । (बनाउ : अपूर्ण भूत)

(घ) पासाङले राम्रा राम्रा चित्र ..... । (कोर् : पूर्ण वर्तमान)

(ङ) तिनीहरू छठ पर्वमा धेरै चित्र ..... । (बनाउ : सामान्य भविष्यत्)

(च) रामलखनले चित्रमा रङ ..... । (भर् : पूर्ण भविष्यत्)

(छ) सलिनाले राम्रो वृत्तचित्र ..... । (ल्याउ : अज्ञात भूत)

(ज) हामी राम्ररी हेरेर चित्र कोर्न ..... । (सिक् : सामान्य भविष्यत्)

Curriculum Development Centre

२०. **भविष्यत् कालका क्रियापदहरूको प्रयोग गरी पाँच वाक्यमा आफ्नो लक्ष्य बताऊ ।**

सिर्जनात्मक अभ्यास

२१. **तल दिइएका बुँदाहरूका आधारमा 'मूर्तिकला' शीर्षकमा १५० शब्दमा नघटाई एउटा प्रबन्ध लेख ।**

मूर्तिकलाको सुरुवात प्राचीन कालदेखि भएको ..... धार्मिक कार्यहरूमा मूर्तिपूजाको विशेष महत्त्व रहेको ..... पहिलेदेखि नै मन्दिरहरू बनाउने र भगवान्का मूर्तिहरू स्थापना गरेर पूजा गर्ने चलन रहेको ..... अहिले आएर उपहार दिनका लागि पनि मूर्ति बनाउने परम्पराको विकास भएको ..... पहिला मूर्तिहरू बनाउँदा काठ, ढुङ्गा, धातु र माटाको प्रयोग गरिने ..... मूर्तिहरू बनाउँदा धार्मिक विधि विधानअनुसार कुँदेर बनाइने ..... वर्तमान समयमा मूर्तिहरू बनाउँदा विभिन्न माध्यम र प्रविधिको प्रयोग गरिने ..... मूर्तिहरू बनाउन मेसिन, विद्युतीय औजार, रबर, मैन, धातु आदिको प्रयोग गरिने ..... मूर्ति बनाउँदा देवतालाई वयस्क, कोमल, आकर्षक, सुन्दर शरीर, कम वस्त्र, शिरमा मुकुट, गर गहना आदि लगाएको बनाउने ..... मूर्तिकला अहिले दिन प्रतिदिन लोकप्रिय हुँदै गएको ..... नेपाली समाजमा धार्मिक दृष्टिले मूर्तिकलाको विशेष महत्त्व रहेको ।

२२. **आफूले जानेको, सुनेको वा देखेको कुनै कलाका बारेमा एक सय शब्दमा नघटाई वर्णन गर ।**

Curriculum Development Centre

पाठ : ५

निवेदन

मितिः २०७१/१०/०१

श्रीमान् प्रधानाध्यापक,
आदर्श उच्च माध्यमिक विद्यालय,
दिगामकोट, गुल्मी ।

विषयः सिफारिस पाऊँ ।

महोदय,

प्रस्तुत विषयमा गोरखापत्रमा प्रकाशित सूचनाअनुसार यही माघ १६ गते राष्ट्रिय स्तरको कविता प्रतियोगिता सम्पन्न हुन लागेको कुरा थाहा भयो । नेपालको प्रजातान्त्रिक आन्दोलनमा अविस्मरणीय योगदान दिएका **सहिद**हरूको सम्मानमा सो कार्यक्रम आयोजना गरिएको रहेछ । विद्यालय तहका विद्यार्थीहरूको बिचमा हुने उक्त प्रतियोगिताको आयोजना नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौँले गरेको रहेछ । त्यस प्रतियोगितामा सहभागी हुनका लागि आफूले पढ्दै गरेको विद्यालयको **सिफारिस** आवश्यक पर्दो रहेछ ।

म यस विद्यालयकी एक मिहिनेती, **जेहेनदार** तथा **नियमित** छात्रा हुँ । मैले यस विद्यालयद्वारा सञ्चालित विविध अतिरिक्त क्रियाकलापमा सहभागी भई पुरस्कार पनि प्राप्त गर्दै आइरहेकी छु । विगतमा जिल्ला शिक्षा कार्यालयले आयोजना गरेको जिल्ला स्तरीय कविता **प्रतियोगिता**मा समेत प्रथम भइसकेकी छु । यसका साथै क्षेत्रीय स्तरको कविता प्रतियोगितामा पनि प्रथम स्थान प्राप्त गरेको कुरा यहाँलाई **अवगत** नै छ ।

अतः राष्ट्रिय स्तरको कविता प्रतियोगितामा पनि सहभागी भएर आफ्नो प्रतिभा प्रस्तुत गर्ने मेरो इच्छा छ । यस विद्यालयको विद्यार्थीका रूपमा सहभागी भएर पुरस्कार प्राप्त गर्न सकेमा विद्यालयका लागि पनि **गौरव**को विषय हुने छ । त्यसैले उक्त प्रतियोगितामा सहभागी हुनका लागि विद्यालयको तर्फबाट सिफारिस गरिदिनुहुन श्रीमान् समक्ष विनम्र अनुरोध गर्दछु ।

आज्ञाकारी छात्रा
तुलसा विश्वकर्मा
कक्षा ८, रो.नं. १४

Curriculum Development Centre

सहिद - देशका लागि आफ्नो जीवन अर्पने व्यक्ति

सिफारिस - लिखित वा मौखिक अनुमोदन

जेहेनदार - बुद्धिमान्, प्रतिभाशाली

नियमित - सधैँ ठिक समयमा उपस्थित हुने

प्रतियोगिता - प्रतिस्पर्धा

अवगत - जानकारी, ज्ञान

गौरव - इज्जत, आदर, सम्मान, प्रतिष्ठा

अभ्यास

१. पाठमा दिइएको निवेदन सस्वर वाचन गर ।

२. उत्तर भन :

(क) यो निवेदन कहिले लेखिएको हो ?

(ख) सूचना कुन पत्रिकामा प्रकाशन भएको थियो ?

(ग) यो निवेदन कसले कसलाई लेखेको हो ?

(घ) कविता प्रतियोगिता कसको सम्मानमा गरिएको रहेछ ?

(ङ) कविता प्रतियोगिताको आयोजना कसले गरेको रहेछ ?

(च) निवेदकले कविता प्रतियोगितामा भाग लिन चाहनुको कारण के हो ?

३. तल दिइएको निवेदनको ढाँचाअनुसार छुट्टै एउटा निवेदन तयार पार :

मिति : .....

सम्बोधन र पद : .....

कार्यालयको नाम र ठेगाना : .....

विषय : .....

Curriculum Development Centre

निवेदनको बेहोरा : .....

निवेदकको नाम : .....

ठेगाना : .....

४. तल दिइएका विषयमा निवेदन लेख :

(क) विद्यालयको पुस्तकालयमा नियमित रूपमा पत्र पत्रिका उपलब्ध गराइदिन अनुरोध गरी विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख ।

(ख) विद्यालयले गरिब तथा जेहेनदार विद्यार्थीलाई प्रदान गर्ने छात्रवृत्ति आफूले पाउन अनुरोध गरी आफ्नो विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख ।

शब्द भण्डार

५. मिल्ने अर्थ छानेर जोडा मिलाऊ :

आगामी विगत अवगत गौरव

जानकारी इज्जत आउँदो बितेको मिलनसार

६. जिल्ला + स्तरीय = 'जिल्ला स्तरीय' भए जस्तै तलका शब्दमा स्तरीय जोडेर नयाँ शब्द बनाऊ :

विद्यालय, क्षेत्र, इलाका, वार्ड, टोल

७. तलका शब्दको विपरीतार्थी शब्द लेख :

आवश्यक, जेहेनदार, ठुलो, जित

८. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

प्रतियोगिता, अविस्मरणीय, अतिरिक्त, प्रथम, पुरस्कार

उच्चारण र हिज्जे

९. शुद्धसँग उच्चारण गर र कापीमा सार :

प्रजातान्त्रिक, प्रज्ञा प्रतिष्ठान, राष्ट्रिय, स्तर

१०. पाठमा दिइएको निवेदन राम्रा अक्षरमा लेखेर शिक्षकलाई देखाऊ ।

Curriculum Development Centre

कार्यमूलक व्याकरण

११. पढ, बुझ र तल सोधिएका प्रश्नको उत्तर देऊ :

माथिको पाठमा 'आगामी, प्रकाशित, अविस्मरणीय' जस्ता विशेषण शब्दको प्रयोग गरिएको छ । नाम वा सर्वनामको गुण, दोष, सङ्ख्या आदि विशेषता बताउने शब्दहरू विशेषण हुन् । विशेषण शब्दले नामिक पदको विशेषता बताउँछन् । विशेषण गुणबोधक, परिमाणबोधक, सङ्ख्याबोधक र सार्वनामिक गरी मूलतः चार किसिमका हुन्छन् ; जस्तै :

गुणबोधक	परिमाणबोधक	सङ्ख्याबोधक	सार्वनामिक
राम्रो, नराम्रो, असल, खराब, मोटो, दुब्लो, परिश्रमी, मिहिनेती	धेरै, थोरै, अलिकति, प्रशस्त	एक, दुई, पाँच, प्रथम, द्वितीय	यो, त्यो, जो, जुन, के, को, कुन, जुन जुन

माथिको तालिकाको अध्ययन गरी तालिकामा नपरेका कुनै दस ओटा विशेषण शब्द लेखेर शिक्षकलाई देखाऊ ।

१२. तलका शब्दलाई तालिकामा दिइए जस्तै कस्तो, कत्रो, कति र कुन भनी प्रश्न गर र उपयुक्त शब्द छानेर भर :

खराब, धेरै, ठुलो, जाँगरिलो, सुन्दर, टर्रो, पिरो, अजङ्ग, छोटो, ती, जेठो, तृतीय, पाँच, पहिलो, ठुलो, सानो

कस्तो	कत्रो	कति	कुन
खराब, ...	अजङ्ग, ...	पाँच, ...	ती, ...

Curriculum Development Centre

सिर्जनात्मक अभ्यास

१३. **पढ, बुझ र गर :**

शुभ कामना पत्रको नमुना

नेपालीहरूका महान् चाड बडा दसैँ र शुभ दीपावलीका अवसरमा सम्पूर्ण विद्यार्थी तथा अभिभावक महानुभावहरूमा सुख,

शान्ति र समृद्धिको हार्दिक मङ्गलमय

शुभ कामना व्यक्त गर्दछौँ ।

सन्तकुमार बान्तवा

प्रधानाध्यापक

तथा

षडानन्द उच्च माध्यमिक विद्यालय परिवार

दिङ्ला, भोजपुर

माथिको शुभ कामना पत्र पढेपछि तिमीले मनाउने कुनै एक चाडको उपलक्ष्यमा पठाइने शुभ कामना पत्रको नमुना तयार पार ।

१४. **आफ्नो गाउँ विकास समिति वा टोलमा स्वच्छ खाने पानीको व्यवस्था मिलाइदिन अनुरोध गरी आफ्नो गाउँ विकास समिति वा नगरपालिकाका प्रमुखलाई निवेदन लेख ।**

Curriculum Development Centre

पाठ : ६

मित्रता

शारदारमण नेपाल

भारद्वाज ऋषिका छोरा द्रोण र पाञ्चाल नरेश पृषत्का छोरा यज्ञसेन द्रुपद एउटै गुरुकुलमा पढ्थे । यी दुईका बिच **प्रगाढ** मित्रता थियो । उनीहरू सँगै पढ्थे, सँगै अभ्यास गर्थे, सँगै खान्थे, सँगै **विश्राम** गर्थे । उनीहरू फुर्सतमा मन खोलेर कुरा गर्थे । कुरैकुरामा एक पटक राजकुमार द्रुपदले भने, "मित्र द्रोण, म पाञ्चाल देशको राजा भएपछि सिंहासनको सुखभोग तिमीसँग पनि बाँड्छु । आधा राज्य म तिमीलाई नै दिन्छु । यो मेरो **प्रतिज्ञा** हो ।"

समय बित्दै गयो । पढाइ सकेर राजकुमार द्रुपद आफ्नो देश पाञ्चाल फर्के । द्रोणको कृपीसँग विवाह भयो । अश्वत्थामा जन्मे । यी दिनहरू द्रोणको परिवारमा दुःख दरिद्रताका दिन थिए । गोठमा एउटा दुहुने गाईसम्म थिएन । बालक अश्वत्थामा 'दुध दुध' भन्दै रुन्थे । छिमेकी ऋषि कुमारहरू अश्वत्थामालाई देखाई देखाई दुध खान्थे । एक पटक कतिसम्म भयो भने छिमेकी ऋषि कुमारहरूले पानीमा पिठो घोलेर अश्वत्थामालाई दिए । सेतो देखेपछि अश्वत्थामाले दुध ठाने । "यी, मैले पनि दुध पाएँ" भन्दै हाँस्दै नाच्दै पानी खान थाले । यो देखेर द्रोण र कृपीलाई सारै दुःख लाग्यो । एउटा दुहुने गाई पाउँछु कि भनेर द्रोण धेरैतिर घुमे । कतै पाएनन् ।

त्यसैताका द्रोणले युद्धर्षि परशुरामले **सर्वस्व दान** गर्दै छन् भन्ने सुने । द्रोण घरबाट कोसौँ टाढाको महेन्द्र पर्वत पुगे । परशुरामले उनी पुग्नुअघि नै सर्वस्व दान गरिसकेका थिए । द्रोणलाई दुःखी देखेर परशुरामले भने, "मसँग अब यो शरीर र **शस्त्रास्त्र विद्या** मात्र बाँकी छ । तपाईँलाई म के दिऊँ ? के लिनुहुन्छ ?"

"गुरु, मलाई तपाईँसँग भएको शस्त्रास्त्र विद्या दिनुहोस् । त्यो नै मेरा लागि ठुलो उपलब्धि हुने छ ।" द्रोणले भने ।

प्रगाढ – ज्यादै गहिरो

विश्राम – आराम

प्रतिज्ञा – सङ्कल्प

सर्वस्व दान – भएभरको सबै सम्पत्ति दान गर्ने काम

शस्त्रास्त्र विद्या – शस्त्र वा हात हतियार चलाउने विद्या

Curriculum Development Centre

"हुन्छ, यो मेरा लागि पनि सौभाग्यको कुरा हो । ल, प्रयोगशालामा आउनुहोस् । शिक्षण सिकाइ सुरु गरिहालौँ ।" परशुरामले खुसी हुँदै भने ।

द्रोणलाई सिक्न समय लागेन । थोरै दिनमै उनी शस्त्रास्त्र विद्यामा **पारङ्गत** भए ।

ठिक त्यसै समयमा उत्तर पाञ्चालमा यज्ञसेन द्रुपद राजा भएको खबर आयो । द्रोणले द्रुपदसँग गुरुकुलमा भएका कुरा झलक्क सम्झे । मनमा आशाको नयाँ सूर्य उदायो । पत्नी कृपी र छोरा अश्वत्थामालाई लिएर द्रोण रातारात पाञ्चाल पुगे । खुसीले गद्गद हुँदै उनले राजा द्रुपदलाई भेटे । उनले मुसुक्क हाँस्दै भने, "मित्र द्रुपद, चिन्नुभयो ? म तपाइँको सहपाठी मित्र द्रोण । यी मेरी श्रीमती कृपी र यो मेरो छोरो अश्वत्थामा हो । म तपाइँसँगको प्रगाढ मित्रता र तपाइँले त्यति बेला दिनुभएको वचन सम्झेर सपरिवार आएको छु । हामी अहिले निक्कै असजिलामा छौँ । परिवार पाल्न पनि धौ धौ परेको छ ।"

द्रोणका कुरा सुनेर द्रुपद रिसाए । उनको अनुहार गुराँस जस्तै रातो भयो । उनले द्रोणको अनुहारमा क्वारक्वारती हेर्दै भने, "म सिंहासनमा विराजमान राजा, तिमी **दरिद्र** बाहुन । म

पारङ्गत - सिपालु, पोख्त

दरिद्र - गरिब

कसरी तिम्रो मित्र ? मित्रता त पद, प्रतिष्ठा, ज्ञान, धन, शक्ति सबै स्तर बराबर भएकाहरूसँग मात्र हुन्छ । तिमी त सामान्य ज्ञान र शिष्टता पनि नभएका रहेछौ, बुझ्यौ ? बालापनमा गुरुकुलमा सँगै बस्दा मैले के भनें के भनिनँ त्यो अहिले सम्झेर हुन्छ ? भैगो, आएछौ, आजको रात बस । टन्न दाल, भात, तरकारी खाऊ । भोलि बिहानै आफ्नो बाटो लाग ।"

द्रुपदको यो बोली व्यवहार द्रोणलाई सहिनसक्नुको अपमान लाग्यो । उनी **रन्थनिँदै** त्यहाँबाट उठे र बेलुकै हस्तिनापुरतिर लागे । हस्तिनापुरका राजगुरु कृप उनका साला थिए । मनमनै सोचे, "ससुरालीमा धेरै दिन त बस्न हुँदैन, बस्दिनँ । अलिदिन **गुपचुप** बसेर भविष्यको योजना बनाउँछु । हस्तिनापुरमै पनि केही काम मिल्छ कि ? यतिसम्म अपमानित भएँ, अब पनि यस्तै **अकिञ्चन** भएर बाँच्नुको त अर्थै रहेन ।"

हस्तिनापुर पुगेपछि एक दिन छोरालाई लिएर द्रोण टहलिन निस्केका थिए । मैदानमा राजकुमारहरू जुटेर **डन्डीबियो** खेलिरहेको देखे । नजिकै चौतारीको डिलमा बसेर द्रोण रमाइलो हेर्न थाले । खेल्दाखेल्दै डन्डी उछिट्टिएर नजिकैको सुक्खा इनारमा खस्यो । झिक्न खोज्दा राजकुमार युधिष्ठिरको औँठी पनि त्यहीँ खस्यो । राजकुमारहरूले अनेकौँ प्रयत्न गरे तर निकाल्न सकेनन् ।

रन्थनिँदै – कुनै पीडा वा चिन्ताबाट छट्पटिँदै

गुपचुप – चुपचाप, बाहिर प्रकट नहुने गरी भित्रभित्रै काम कुरो दबाउने चाल

अकिञ्चन – निर्धन, गरिब

डन्डीबियो – लठ्ठीले बियोमा ठ्याक लगाएर खेलिने प्रसिद्ध खेल

मुसुमुसु हाँस्दै हेरिरहेका द्रोण र अश्वत्थामालाई राजकुमार युधिष्ठिरले देखे । को हुन्, यी काला अनुहारका हँसिला मानिस ? यिनले केही मद्दत गर्न सक्छन् कि भन्ने विचार गरे । उनले नजिकै गएर अभिवादन गर्दै भने, "अपरिचित महोदय, म राजकुमार युधिष्ठिर हुँ र मैदानमा खेल्ने यी सबै मेरा भाइहरू हुन् । सुक्खा इनारमा हाम्रो डन्डी खस्यो । इनार निक्कै गहिरो छ । हामीले निकाल्न सकेनौँ । मद्दत गर्न सक्नुहुन्छ कि ?"

द्रोणले मुसुमुसु हाँस्दै भने, "मैले तिम्रो डन्डी र आँठी निकालिदिएँ भने मलाई भोज खुवाउँछौँ ?"

"किन नखुवाउनु ? भव्य भोज खुवाउँछौँ" युधिष्ठिरले भने ।

द्रोण उठेर इनारको डिलमा गए । अश्वत्थामा पनि सँगै गए । सबैका अगाडि द्रोणले अनौठो शस्त्र कौशल प्रयोग गरे । उनले सजिलैसँग डन्डी र आँठी लिएर निस्के । राजकुमारहरू आश्चर्य चकित भए । युधिष्ठिरले दगुर्दै गएर पितामह भीष्मलाई सबै **विवरण** सुनाए र भने, "पितामह, ती अचम्मका मानिस अहिले पनि चौतारीमा बसिरहेका छन् ।"

"हो र ?" भीष्मले मनमनै निश्चित गरे । यी अवश्य पनि भारद्वाज पुत्र द्रोण हुनुपर्छ । तुरुन्तै उठेर युधिष्ठिरसँगै भीष्म पनि चौतारीमा पुगे । उनले द्रोणलाई विशेष आदरसाथ घरमा लिएर आए । आतिथ्य सम्मानपछि भीष्मले भने, "महोदय द्रोण, तपाईँसँग यसरी भेट्न पाउनु हाम्रा लागि ठुलो **भाग्योदय**को सूचक हो । हामीमाथि कृपा गर्नुहोस् । तपाईँ यस साम्राज्यको सम्मानित आचार्य बनेर हस्तिनापुरमा बसिदिनुहोस् । हाम्रा राजकुमारहरूलाई शस्त्रास्त्रको प्रशिक्षण दिनुहोस् । यस साम्राज्यलाई आफ्नै सरह ठान्नुभए हुन्छ । हामी तपाईँलाई सम्मान दिन्छौँ ।"

"हुन्छ, तपाईँको प्रस्ताव मलाई स्वीकार छ" द्रोणले भने । यति भएपछि छोरा अश्वत्थामाको दुध खाने रहर पनि पुरा हुने भयो ।

द्रोण अब आचार्य द्रोण भए । कौरव पाण्डव राजकुमारहरूलाई शस्त्रास्त्र सिकाउन थाले । अर्जुनको लगनशीलता र **हस्त कौशल** बेजोडको थियो । आचार्य द्रोण छोरा अश्वत्थामापछि शिष्य अर्जुनलाई विशेष स्नेह गर्थे ।

विवरण - वृत्तान्त, कुनै कुरा खुलस्त पार्ने गरी दिइएको वर्णन

भाग्योदय - भाग्यको उदय, भाग्य जागेको

हस्त कौशल - हातको सिप

Curriculum Development Centre

शिक्षा क्रमशः पुरा हुँदै गयो । अन्तिम परीक्षा पनि सकियो । सबै राजकुमारहरू धनुर्विद्यामा निपुण भए । "हामी गुरु दक्षिणा के टक्र्याऊँ ?" राजकुमारहरूले आचार्य द्रोणसित सोधे । द्रोणले अनायास भने, "पाञ्चाल नरेश द्रुपदलाई यहाँ ल्याऊ र मलाई अर्पण गर । यही हो मेरो सर्वोत्तम गुरु दक्षिणा ।" दुर्योधनले भने, "हामी द्रुपदलाई तपाईँको अगाडि ल्याइदिन्छौँ । यसै त म एक्लै गए पनि सेनासहित द्रुपदलाई ल्याउन सक्छु । शोभाका लागि मसँग मेरा भाइहरू जान्छन् । मित्र कर्ण पनि जान्छन् ।"

टोली प्रस्थान गरेको केही दिनमै कौरव र पाञ्चालका बिच घमासान युद्ध भयो । यज्ञसेन द्रुपदको **युद्ध कौशल**का अगाडि दुर्योधन, कर्णलगायत कुनै पनि योद्धा टिक्न सकेनन् । भागेर ज्यान जोगाए । "एक पटक हामी कोसिस गर्छौँ । हामी पाँच भाइ जान्छौँ" अर्जुनले विनम्रताका साथ अभिवादन गर्दै भने । "द्रुपद कम्तीका योद्धा छैनन् है" भन्दै द्रोण मुस्कुराए । यस पटक युद्धमा पाञ्चाल नरेश द्रुपद विजयी बन्न सकेनन् । अर्जुनको ज्ञान र युद्ध कौशलका अगाडि द्रुपदको जोड चलेन । अर्जुनले द्रुपदलाई युद्धभूमिमै समातेर रथमा राखे । उनले द्रोणका अगाडि द्रुपदलाई ल्याएर पेस गर्दै भने, "लिनुस् आचार्य, गुरु दक्षिणा टक्र्याएका छौँ ।"

द्रुपदलाई यस अवस्थामा देखेर आचार्य द्रोणलाई मनमनै हाँसो उठ्यो । उनी संयमित भए तर हाँसेनन् । आँखामा आँखा जुधाएर हेर्दै भने, "पूर्व राजा द्रुपद, नडराउनुहोस् । म तपाईँलाई मार्दिनँ । बालापनमा तपाईँ र मेराबिच गहिरो मित्रता थियो । सँगै पढ्यौँ, सिक्यौँ, खेल्यौँ, खायौँ र बस्यौँ । पछि तपाईँ राजा हुनुभयो । **ऐश्वर्य**को मात लाग्यो । घमन्डले **उन्मत्त** हुनुभयो । मसँगको मित्रता बिर्सनुभयो । **वचनबद्धता** बिर्सनुभयो । मेरो अपमान पनि गर्नुभयो । तपाईँको त्यही घमन्ड तोड्नका लागि मैले तपाईँबाट राज्य खोस्नुपरेको हो । अहिले तपाईँ पराजित हुनुहुन्छ र मेरो बन्धनमा हुनुहुन्छ ।"

"म अझै पनि तपाईँसँग मित्रता चाहन्छु । अहिले तपाईँ अकिञ्चन, म सत्तासीन । हामी बराबरी स्तरमा छैनौँ । मित्रता त बराबरीका बिचमा मात्र हुन्छ होला । हैन ? यसै भएर म तपाईँलाई पाञ्चाल राज्य आधा फिर्ता दिन्छु, हुन्छ ?"

युद्ध कौशल – युद्धमा देखाइने कला

ऐश्वर्य – धन सम्पत्ति, सुख आनन्द

उन्मत्त – मात्तिएको

वचनबद्धता – वचनबद्ध हुने भाव वा कबुलमा बाँधिने काम

यज्ञसेन द्रुपदको आँखा झुक्यो । पसिनै पसिना भए । केही बोलेनन् । आचार्य द्रोणलाई लाग्यो, "यति भएपछि यिनको घमन्ड हरायो कि ? यसभन्दा बढी केही गर्दिनँ ।"

आचार्य द्रोण आसनबाट उठे । उनले सरासर गएर द्रुपदको बन्धन खोले । उठाएर अङ्कमाल गरे, उचित सम्मानसाथ बिदा गरे ।

द्रुपद भने बाटोभरि र आफ्नो राज्यमा पुगिसकेपछि पनि शान्त हुन सकेनन् । उनलाई चिन्ता पऱ्यो । द्रुपदले घमन्डी भएको सजाय पाए । द्रोणले द्रुपदको गल्तीको प्रतिशोध लिएनन् । बरु मित्रतापूर्वक द्रुपदलाई बिदा गरी असल व्यक्तिका रूपमा आफ्नो परिचय दिए ।

अभ्यास

१. कक्षामा 'मित्रता' कथा पालैपालो पढेर सुनाऊ ।

२. उत्तर भन :

(क) राजकुमार द्रुपदले मित्र द्रोणसँग के प्रतिज्ञा गरे ?

(ख) द्रोणको विवाह कोसँग भयो ?

(ग) अश्वत्थामा कसका छोरा हुन् ?

(घ) युधिष्ठिरको औँठी द्रोणले कहाँबाट निकाले ?

(ङ) द्रोण कसरी आचार्य द्रोण भए ?

(च) आचार्य द्रोण कसलाई विशेष स्नेह गर्थे ?

३. कसले कसलाई किन भनेको हो, लेख :

(क) आधा राज्य म तिमीलाई नै दिन्छु । यो मेरो प्रतिज्ञा हो ।

(ख) यी, मैले पनि दुध पाएँ ।

(ग) मसँग अब यो शरीर र शस्त्रास्त्र विद्या मात्र बाँकी छ ।

(घ) हुन्छ, तपाईँको प्रस्ताव मलाई स्वीकार छ ।

(ङ) पाञ्चाल नरेश द्रुपदलाई ल्याऊ र मलाई अर्पण गर ।

४. पाठको दोस्रो अनुच्छेद पढेर तल सोधिएका प्रश्नको उत्तर भन :

(क) राजकुमार द्रुपद कहिले आफ्नो देश पाञ्चाल फर्के ?

(ख) बालक अश्वत्थामा किन रुन्थे ?

Curriculum Development Centre

(ग) को अश्वत्थामालाई देखाई दुध खान्थे ?

(घ) अश्वत्थामा किन नाच्दै र हाँस्दै पानी खान थाले ?

५. तलका प्रश्नहरूको उत्तर लेख :

(क) द्रोण र कृपीलाई किन सारै दुःख लाग्यो ?

(ख) द्रोण कसरी शस्त्रास्त्र विद्यामा पारङ्गत भए ?

(ग) द्रुपदका कस्ता कुरा सुनेर द्रोण रन्थनिए ?

(घ) राजकुमारहरू किन आश्चर्य चकित भए ?

(ङ) अश्वत्थामाको दुध खाने रहर कसरी पुरा भयो ?

(च) पाञ्चाल नरेश द्रुपदले किन द्रोणसँगको मित्रता बिर्सन पुगे ?

(छ) द्रोणको अपमान गर्दा राजा द्रुपदको अवस्था कस्तो भयो ?

(ज) आचार्य द्रोणले द्रुपदलाई किन आधा राज्य फिर्ता दिन्छु भने ?

(झ) द्रुपद किन आफ्नो राज्यमा पुगेपछि पनि शान्त हुन सकेनन् ?

(ञ) 'मित्रता' कथाबाट के शिक्षा पाइन्छ ?

६. भाव स्पष्ट पार :

(क) ऐश्वर्यको मात लाग्यो । घमन्डले उन्मत्त हुनुभयो । मसँगको मित्रता बिर्सनुभयो । वचनबद्धता बिर्सनुभयो । मेरो अपमान पनि गर्नुभयो ।

(ख) म अझै पनि तपाइँसँग मित्रता चाहन्छु । अहिले तपाइँ अकिञ्चन, म सत्तासीन ।

७. यदि तिमी 'मित्रता' कथाको राजा द्रुपद भएको भए द्रोणले पुरानो प्रतिज्ञा सम्झाउँदा के गर्थ्यौं, उत्तर देऊ ।

८. 'मित्रता त पद, प्रतिष्ठा, ज्ञान, धन र शक्ति सबै कुरा बराबर भएकाहरूसँग मात्र हुन्छ' भन्ने राजा द्रुपदको विचारसँग तिमी सहमत वा असहमत के छौ, कारणसहित स्पष्ट गर ।

शब्द भण्डार

९. तलका शब्दको अर्थ लेख :

प्रगाढ, अकिञ्चन, सर्वोत्तम, विश्राम

Curriculum Development Centre

१०. मित्र + ता = 'मित्रता' भए जस्तै तलका शब्दमा 'ता' प्रत्यय जोडेर नयाँ शब्द बनाऊ :

शत्रु, कवि, दरिद्र, शिष्ट, समान

११. पर्यायवाची शब्द छानेर जोडा मिलाऊ :

आचार्य प्रयत्न अकिञ्चन अभिवादन स्तर

कोसिस गुरु नमस्कार तह दरिद्र बन्धन

१२. अनुकरणात्मक शब्दसँग मिल्दो क्रिया छानेर जोडा मिलाऊ :

मुसुक्क धुरुधुरु झलक्क क्वारक्वारती टन्न

रुनु हाँस्नु खानु सम्झनु हेर्नु नाच्नु

१३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

उन्मत्त हुनु, सत्तासीन हुनु, अङ्कमाल गर्नु, अशान्त हुनु, मुसुक्क मुस्कुराउनु

उच्चारण र हिज्जे

१४. तल दिइएका शब्दहरू शुद्धसँग उच्चारण गर :

द्रुपद, फुर्सत, अश्वत्थामा, द्रोण, सर्वस्व दान, शस्त्रास्त्र, शिष्टता, शिष्य

१५. तलका शब्दहरू पढ र वर्णको भिन्नताले हुने फरक अर्थ शिक्षकलाई सोधेर बुझी वाक्यमा प्रयोग गर :

डिल – दिल, डर – दर, घर – सर, रहर – सहर, सुकार्य – कुकार्य, संयोग – वियोग, पर्वत – सर्बत, मन – तन, बालक – पालक

१६. शुद्ध गरी सार :

एक पटक हामी कोशिस गर्छौं हामी पाच भाई जान्छौ अर्जुनले विनम्रताका साथ अभिवादन गर्दै भने

१७. उदाहरण हेरी अन्य सामग्रीको अध्ययन गरी ऋ र रि लागेका पाँच पाँच ओटा शब्दहरू टिप :

उदाहरण : ऋ – ऋषि, रि – रिसाए

Curriculum Development Centre

कार्यमूलक व्याकरण

१८. पढ र बुझ :

आधा राज्य **म तिमी**लाई नै दिन्छु ।

मलाई **तपाइँ**सँग भएको शस्त्रास्त्र विद्या दिनुहोस् ।

उनी त्यहाँबाट उठेर बेलुकै हस्तिनापुरतिर लागे ।

हामीले निकाल्न सकेनौँ । मद्दत गर्न सक्नुहुन्छ कि ?

माथिका वाक्यमा गाढा अक्षरमा आएका 'म, तिमी, तपाइँ, उनी, हामी' जस्ता सर्वनाम शब्दहरूले पुरुषलाई बुझाएका छन् । नेपाली भाषामा पुरुषले बोल्ने वक्ता, सुन्ने श्रोता र विषयलाई बुझाउँछन् । प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष गरी पुरुष तिन किसिमका हुन्छन् । जस्तै :

प्रथम पुरुष : म, हामी, आफू

द्वितीय पुरुष : तँ, तिमी, तपाइँ

तृतीय पुरुष : ऊ, उनी, उहाँ, उनीहरू, त्यो, तिनी, तिनीहरू

माथिका उदाहरणमा आएका द्वितीय पुरुष र तृतीय पुरुषका शब्दहरूलाई अनादर (निम्न आदर), मध्यम आदर (सामान्य आदर) र उच्च आदर गरी तिन भागमा विभाजन गर्न सकिन्छ । जस्तै :

अनादर : तँ, ऊ, त्यो

मध्यम आदर : तिमी, उनी, तिनी

उच्च आदर : तपाइँ, उहाँ

१९. कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरू परिवर्तन गर :

(क) म तिमीलाई नै दिन्छु । (तृतीय पुरुष)

(ख) तपाइँसँग भएको शस्त्रास्त्र विद्या दिनुहोस् । (मध्यम आदर)

(ग) उनी त्यहाँबाट उठेर हस्तिनापुरतिर लागे । (उच्च आदर)

(घ) हामीले निकाल्न सकेनौँ । (द्वितीय पुरुष)

Curriculum Development Centre

(ङ) उनको अनुहार गुराँस जस्तै रातो भयो । (अनादर)

(च) तिमी त सामान्य ज्ञान र शिष्टता नभएका रहेछौ । (प्रथम पुरुष)

सिर्जनात्मक अभ्यास

२०. बाटाभरि र आफ्नो राज्यमा पुगिसकेपछि पनि शान्त हुन नसकेका राजा द्रुपदले आफन्त र आफ्ना मन्त्रीहरूसँगको भेटमा के के कुरा गरे होलान् ? राम्ररी सोचेर कुनै दस ओटा बुँदाहरू तयार पार र साथीहरूसँग मिली ती बुँदालाई समेटेर एउटा कथा तयार गरी शिक्षकलाई देखाऊ ।

Curriculum Development Centre

पाठ : ७

सिप र श्रम

– क्षेत्रप्रताप अधिकारी

पारि जाँदा मन वारि **देउराली**मा राख
पाखुरामा **पहरा**को बल बोकी राख ।
मर्स्याङ्दीको पहरामा कुलो खोप्नुपर्छ
टारीभरि, **बारी**भरि सिप रोप्नुपर्छ ॥

हिजो तिम्ले भने जस्तै आज लाग्यो घाम
किरणहरू बटुलेर टिको लाइदेऊ आमा ।
यस्तो **आसिक** देऊ बरू 'छिटो मरी गएस्
तर माथि हिमालमा **चुली** थप्ने भएस्' ॥

देउराली : पहाडको उकालो सिद्धिने ठाउँ, थुम्की वा भन्ज्याङ परेको ठाउँ वा डाँडो

पहरा : कडा चट्टानले बनेको भिर, पाखो

मर्स्याङ्दी : मुक्तिनाथ डाँडाका पूर्वी भागबाट पैदा भई मुग्लिन त्रिशूली नदीसँग मिसिने सप्त गण्डकी मध्येको एक प्रसिद्ध नदी

टारीभरि : अग्लो ठाउँभरि

बारी : मकै, भटमास आदि हुने पाखो जग्गा

आसिक : आशीर्वाद

चुली : पर्वतको चुच्चो परेर अग्लिएको शिखर, पहाडको टुप्पो, टाकुरो

Curriculum Development Centre

पाखाभरि लालुपाते आँखाभरि छाया
नभेटिने रूप तर नमेटिने माया ।
माटासित यस्तो माया लाऊँ एकपालि
मुटुभित्र बगाइराख मेची महाकाली ॥

सपनामा सगरमाथा अँगालेर सुत
सिर्जनाका गीतहरू सँगालेर उठ ।
सारङ्गीका स्वरहरू **सङ्गीत** फेर्ने गर
आफू हेर्ने आँखाहरू देश हेर्ने गर ॥

सपना : निदाएको बेला मानसिक रूपमा देखिने दृश्य, रमाइलो भविष्यको कल्पना

सिर्जना : नयाँ निर्माण, सृष्टि, रचना, उत्पत्ति

सारङ्गी : तारमा रेटेर बजाइने गितार जस्तो सानो नेपाली बाजा

सङ्गीत : विशेष लय, ताल र वाद्य वादनका साथ गाइने गीत

अभ्यास

१. पाठमा दिइएको कविता लय हालेर पढ ।

२. उत्तर भन :

(क) सिप कहाँ रोप्नुपर्छ ?

(ख) मेची महाकाली कहाँ बगाइराख्नुपर्छ ?

(ग) सपनामा के अँगालेर सुत्नुपर्छ ?

(घ) के सँगालेर उठ्नुपर्छ ?

(ङ) आफू हेर्ने आँखाहरूले अब के हेर्नुपर्छ ?

Curriculum Development Centre

३. खाली ठाउँ भरी कविताका हरफ पुरा गर :

पाखाभरि ..... लालुपाते ..... छाया

नभेटिने ..... तर .....माया।

माटासित ..... माया .....एकपालि

मुटुभित्र .....मेची..... ॥

४. व्याख्या गर :

सारङ्गीका स्वरहरू सङ्गीत फेर्ने गर

आफू हेर्ने आँखाहरू देश हेर्ने गर ।

५. तलका प्रश्नहरूको उत्तर लेख :

(क) कवितामा टारीभरि र बारीभरि सिप रोप्न किन भनिएको हो ?

(ख) कविताको दोस्रो श्लोकमा मर्नुभन्दा अघि के गर्नुपर्छ भनिएको छ ?

(ग) हामीले हाम्रो सिप र श्रमलाई किन देशका लागि खर्चिनुपर्छ ?

(घ) 'सिप र श्रम' कविताको मुख्य भाव के हो ?

शब्द भण्डार

६. मिल्ने अर्थ छानेर जोडा मिलाऊ :

आँखा, माया, आसिक, किरण, नयन, प्रकाश, प्रेम, आशीर्वाद

७. उल्टो अर्थ छानेर जोडा मिलाऊ :

वारि, सपना, उठ, माया, घाम, सुत, छाया, पारि, घृणा, विपना

८. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

सिप, पाखुरा, मुटु, सारङ्गी, सपना

९. शुद्धसँग उच्चारण गर :

मर्स्याङ्दी, सिर्जना, अँगालेर, सँगालेर

१०. तल दिइएका शब्दलाई सच्याएर लेख :

एस्तो, सोरहरू, बतुलेर, वारीभरी

Curriculum Development Centre

११. कविताको तेस्रो श्लोक कापीमा सारेर शिक्षकलाई देखाऊ ।

कार्यमूलक व्याकरण

१२. पढ, बुझ र गर :

हामीले टारीभरि, बारीभरि सिप **रोपौँला** । तँ हिमालमा चुली थप्ने **भएस्** । तिमी सपनामा सगरमाथा अँगालेर **सुत** । हामी सिर्जनाका गीतहरू सँगालेर **उठौँ** ।

माथिका वाक्यमा आएका गाढा अक्षरका क्रियापदले वक्ताको मनोभाव व्यक्त गरेका छन् । क्रियापदले मूलतः सम्भावनार्थ, इच्छार्थ र आज्ञार्थ भाव व्यक्त गर्दछन् । तलको तालिका पढ र बुझ :

कर्ता	सम्भावनार्थ	इच्छार्थ	आज्ञार्थ
तँ	होलास्, जालास्	भएस् गएस्	जा, पढ्
तिमी	जाउला, पढौला	गए, पढे	जाऊ, पढ
म	जाउँला, पढुँला	जाऊँ, पढूँ	
हामी	जाऔँला, पढौँला	जाऔँ, पढौँ	
ऊ	जाला, पढ्ला	जाओस्, पढोस्	
उनीहरू	जालान्, पढ्लान्	जाऊन्, पढून्	

माथिको तालिकाको अध्ययन गरी इच्छार्थ, आज्ञार्थ र सम्भावनार्थ क्रियापदको प्रयोग गरी पाँच पाँच ओटा वाक्यहरू बनाऊ ।

१३. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा वाक्य परिवर्तन गर :

(क) उनीहरू कविता ..... । (लेख् : इच्छार्थ)

(ख) तिमी कविता ..... । (पढ् : आज्ञार्थ)

(ग) तिनीहरू कविता वाचन ..... । (गर् : सम्भावनार्थ)

(घ) सविना र सरोज घुम्न ..... । (जा : आज्ञार्थ)

(ङ) हामी गौरवसाथ ..... । (बाँच् : इच्छार्थ)

(च) म राम्रो कविता ..... । (पढ् : सम्भावनार्थ)

(छ) ऊ देशका लागि .....। (लड् : इच्छार्थ)

Curriculum Development Centre

(ज) उनीहरू कविता गोष्ठीमा ..... । (जा : सम्भावनार्थ)

(झ) आस्तिका परीक्षामा प्रथम ..... । (हु : सम्भावनार्थ)

(ञ) हामी राम्रो गीत ..... । (गाउ : इच्छार्थ)

१४. पढ, बुझ र गर :

पाठमा प्रयोग भएका 'राख, लाग्यो, गएस्, भएस्' जस्ता शब्द करण क्रियापद हुन् । करण क्रियापदले हो वा हुन्छ भन्ने सकारात्मक अर्थ दिन्छ । माथिका क्रियापदलाई अकरणमा परिवर्तन गर्दा क्रमशः 'नराख, लागेन, नगएस्, नभएस्' जस्ता निषेधात्मक क्रियापद बन्छन् । अकरणले होइन वा हुँदैन भन्ने नकारात्मक अर्थ दिन्छ । करण र अकरण क्रियापदसित सम्बन्धित व्याकरणात्मक कोटी हुन् । करणलाई अकरण बनाउँदा आवश्यकताअनुसार क्रियापदको सुरु, बिच र अन्त्यमा 'न' थपिन्छ भने अकरणलाई करण बनाउँदा 'न' झिकिन्छ । जस्तै :

करण वाक्य	अकरण वाक्य
ठुलो पानी पर्ला ।	ठुलो पानी नपर्ला ।
भाइ घुम्न गएछ ।	भाइ घुम्न गएनछ ।
उसले सबै काम गर्ने छ ।	उसले सबै काम गर्ने छैन ।
राम्ररी पढे पास भइन्छ ।	राम्ररी नपढे पास भइँदैन ।
उनीहरू घर जान्छन् ।	उनीहरू घर जाँदैनन् ।

माथिको कविताबाट पाँच ओटा करण क्रियापदहरू टिपेर अकरणमा बदल ।

१५. तल करण क्रियापदहरू दिइएका छन् । तिनलाई अकरणमा परिवर्तन गरी वाक्यमा प्रयोग गर :

बनौँ, गर्लान्, बाँच, गर्छ, पढोस्, गर्थें

सिर्जनात्मक अभ्यास

१६. पाठको कविताको लयमा एउटा कविता लेखेर कक्षामा सबैलाई सुनाऊ ।

Curriculum Development Centre

पाठ : ८

भूगोलविद् हर्क गुरुङ



नेपाल प्राकृतिक विविधताले भरिपूर्ण सुन्दर मुलुक हो। हिमाल, पहाड, तराई, छाँगा, छहरा, भिरपाखा, उपत्यका र खाँचहरूले यो देशलाई थप आकर्षक बनाएका छन्। जातीय, भाषिक र सांस्कृतिक दृष्टिकोणले समेत नेपाल **समृद्ध** छ। यही नेपाली भूमिमा समयको कालखण्डमा कैयौँ महान् व्यक्तिहरू जन्मेका छन्। उनीहरूले देशका लागि उल्लेखनीय योगदान दिएका छन्। तीमध्ये **भूगोलविद्** हर्क गुरुङ अग्र पङ्क्तिमा आउँछन्। उनी राष्ट्रको उन्नतिका लागि महत्त्वपूर्ण योजना बनाउने **योजनाविद्** पनि हुन्।

गुरुङको जन्म वि. सं. १९९५ पुस २१ गते भएको थियो। उनका पिता प्रसाही गुरुङ र माता मायसेवो गुरुङ हुन्। उनी लमजुङ जिल्लाको ङादी खोला नजिकै तराँचे भन्ने गाउँमा जन्मेका हुन्। उनी सानैदेखि **गम्भीर**, **चिन्तनशील** एवम् सरल र मिलनसार प्रकृतिका थिए। नौ वर्षको उमेरसम्म उनी आफ्नै गाउँका लेकबँसी, खेतबारी र पाखा पखेरामा रमाए। उनको बाल्यकाल सुखद वातावरणमा बित्यो। नौ वर्षपछि काठमाडौँ छिर्ने मौका पाएका उनले केही समय काठमाडौँको दरबार हाइस्कुलमा पढे। त्यसपछि उनी आफ्ना पिताको साथमा भारतको देहरादुन पुगे र गोर्खाली पल्टनको चिल्ड्रेन स्कुलमा भर्ना भए। त्यहाँबाट उनले म्याट्रिक परीक्षा उत्तीर्ण गरे र नेपाल फर्के। नेपाल फर्केपछि त्रिचन्द्र कलेजमा आई.ए.मा भर्ना भए। यसपछि भूगोल विषय लिएर उच्च शिक्षा हासिल गरे। सन् १९६५ मा उनले बेलायतको एडेनबरा विश्व

समृद्ध – धनी

भूगोलविद् – भूगोलको ज्ञान भएको व्यक्ति

योजनाविद् – योजना बनाउन जान्ने व्यक्ति

गम्भीर – गहिरो, शान्त

चिन्तनशील – चिन्तन गर्ने, विचारशील

Curriculum Development Centre

विद्यालयबाट पोखरा **उपत्यका**को भूगोल विषयमा विद्यावारिधि गरे । भूगोल विषयमा विद्यावारिधि गर्ने उनी नै पहिलो नेपाली भए ।

'बिहानीले दिउँसोको सङ्केत गर्छ' भने झैँ हर्क गुरुङ सानैदेखि लगनशील, इमानदार र अनुशासित थिए । उनी आफ्ना साथीहरू र गुरुहरूका माझ असाध्यै प्रिय थिए । सानैदेखि आफ्नो गाउँघरमा भएका वनपाखा, **नागबेली** परेका पहाडहरू र त्यहाँ रमाउने चरा चुरुङ्गीको आवाजलाई सुनेर लोभिन्थे । बाल्यकालदेखि नै यही प्राकृतिक वातावरणले उनको मनलाई मोहित पारेको थियो । त्यसैले भूगोल विषयको अध्ययन गर्ने र देशको भूगोलको नक्सा कोर्ने **अभिलाषा** उनको मनमा सजीव भएर आयो ।

हर्क गुरुङ खेल खेल्ने, चित्र कोर्ने र हिमाल चढ्ने काममा पनि रुचि राख्थे । फुटबल खेल उनलाई असाध्यै मन पर्थ्यो । चित्र कोर्ने कला भने उनले मनाङे लामाबाट सिकेका थिए । उनी असाध्यै सुन्दर चित्रहरू बनाउँथे । वि.सं.२०१३ मा भएको राष्ट्रव्यापी चित्रकला प्रतियोगितामा उनले कोरेको डाँफे र मुनालको चित्र **सर्वोत्कृष्ट** ठहरियो । यही चित्र पछि गएर हुलाक टिकटका रूपमा प्रकाशन भयो ।

हर्क गुरुङ नेपाली धर्तीमा उदाएका एउटा **जाज्वल्यमान** तारा हुन् । एउटै व्यक्तिमा धेरै गुण भेटिनुले उनलाई बहुमुखी प्रतिभाका धनी व्यक्ति मानिन्छ । उनले भूगोल, जनसङ्ख्या, पर्यटन, जातजाति, अर्थशास्त्र, पर्वतारोहण र विकास सम्बन्धी विभिन्न पुस्तकहरू लेखेका छन् । उनले लेखेका अठार ओटा पुस्तकहरू प्रकाशन भएका छन् । उनी विदेशीसँग ऋण लिएर देशलाई चलाउनुहुन्न भन्थे । आफ्नै देशमा भएका सम्पदाबाट देशलाई चलाउनुपर्छ र आफ्नै खुट्टामा उभिनुपर्छ भन्ने उनको विचार थियो ।

हर्क गुरुङ यो देशको भूगोलको नक्सा कोर्ने र विकासको योजना बनाउने व्यक्ति हुन् । उनले नेपालको भूगोलको बारेमा गहिरो अध्ययन गरेका थिए । नेपाल भौगोलिक र प्राकृतिक दृष्टिले निकै सम्पन्न छ । यहाँका हिमाल, पहाड र तराईका जङ्गलहरूमा बहुमूल्य जडीबुटीहरू पाइन्छन् । ती जडीबुटीहरूलाई बिक्री गरेर देशको अर्थतन्त्र बलियो बनाउनुपर्छ भन्ने उनको विचार थियो ।

उपत्यका – पहाडको फेदीको समथर जमिन, चारैतिर पहाडले घेरेको बिचको समथर भाग

नागबेली – नाग (सर्प) को हिँडाइ जस्तो बाङ्गोटिङ्गो

अभिलाषा – इच्छा, चाहना

सर्वोत्कृष्ट – सबैभन्दा राम्रो, सर्वोत्तम

जाज्वल्यमान – प्रभावशाली, ज्यादै चम्किलो

Curriculum Development Centre

दुर्गम क्षेत्रको विकास गरेर मात्र **सुगम** क्षेत्रको विकास सम्भव हुन्छ भन्ने उनको धारणा थियो। उनी नेपालका जनजातिको उत्थानका बारेमा आवाज उठाउने व्यक्ति हुन्। उनले आफू 'एसिया एन्ड पेसिफिक डेभलपमेन्ट सेन्टर' मलेसियाको प्रमुख हुँदा 'फेसेज अफ नेपाल' नामक पुस्तक लेखे। यस पुस्तकले नेपालका जनजातिलाई विश्वमा चिनाउने काम गऱ्यो।

हर्क गुरुङ कहिल्यै व्यक्तिगत स्वार्थमा लागेनन्। उनले पद, प्रतिष्ठा र पैसाको मोहप्रति लागेर आफ्नो स्वाभिमान गुमाएनन्। उनी सधैँ अध्ययन र अनुसन्धानमा व्यस्त रहे। उनले राष्ट्रको उन्नति र प्रगतिका लागि **निर्भीकता**का साथ स्पष्टवादी र इमानदार भएर काम गरे। विविध क्षेत्रमा उनको योगदान रह्यो तापनि उनी मूलतः योजनाकारका रूपमा बढी चर्चित छन्। उनले राष्ट्रिय योजना आयोगको उपाध्यक्ष समेत भएर काम गरे। त्यति बेला आफ्नो देशलाई कसरी विकसित बनाउन सकिन्छ भन्ने विषयमा महत्त्वपूर्ण विचारहरू अगाडि सारे। उनले शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा ठुलो योगदान दिए। उनले अगाडि सारेका योजना र विकासले आज पनि देशको उन्नतिमा लाग्न थप **ऊर्जा** प्रदान गरेको छ।

हर्क गुरुङले वन, वन्यजन्तु, राष्ट्रिय **निकुञ्ज** र आरक्षण क्षेत्रहरूको व्यवस्थापनमा समेत विशेष ज्ञान हासिल गरेका थिए। उनी नेपाल र नेपालीको लागि गर्व गर्न लायक व्यक्ति हुन्। उनको निधन वि.सं. २०६३ असोज ७ गते हेलिकोप्टर दुर्घटनामा परी भयो। त्यस दिन कञ्चनजङ्घा **संरक्षण** क्षेत्र आयोजनाको व्यवस्थापन हस्तान्तरण कार्यक्रममा सहभागी हुन जाने कार्यक्रम थियो। उनी पूर्वी नेपालको घुन्सा गाउँबाट ताप्लेजुङको फुङलिङका लागि उडेको श्री एयरलाइन्सको हेलिकोप्टरमा चढेका थिए। सो हेलिकोप्टर दुर्घटनामा पर्दा अरू चौबिस जनाको समेत दुःखद निधन भएको थियो। यो दुःखद घटनाको खबरले सिङ्गो राष्ट्र **स्तब्ध** र **शोकमग्न** भयो।

दुर्गम – मुस्किलसँग मात्र जान सकिने ठाउँ

सुगम – सजिलैसँग पुग्न सकिने, सुविधा सम्पन्न ठाउँ

निर्भीक – कसैसँग नडराउने

ऊर्जा – शक्ति

निकुञ्ज – वन्यजन्तु तथा रुखहरूको सुरक्षाका निम्ति जोगाइने क्षेत्र

संरक्षण – जोगाउने काम

स्तब्ध – पीडाले बोल्नै नसक्ने

शोकमग्न – शोकमा डुबेको

Curriculum Development Centre

हर्क गुरुङ आज हामीसामु छैनन् तर नेपाल र नेपालीका लागि दिएको योगदानका कारण उनी सबैको मनमा जीवित छन् । उनको नाममा विश्व वन्यजन्तु कोषले छात्रवृत्ति कोष स्थापना गरेको छ । यस कोषको स्थापनाबाट वन्यजन्तु र वातावरणको संरक्षणमा लागेका व्यक्तिलाई छात्रवृत्ति प्रदान गर्ने गरिएको छ । उनको सम्झनामा नेपाल सरकारले उनकै जन्मस्थानमा सालिक निर्माण गरेर सम्मान प्रकट गरेको छ । उनको **अनुकरणीय** आदर्श जीवन गाथाबाट सधैँ राष्ट्रको उत्थानमा लाग्नुपर्ने प्रेरणा लिन सकिन्छ ।

अनुकरणीय – नक्कल वा अनुकरण गर्न लायक

अभ्यास

१. कक्षामा पाठ पालैपालो पढ ।

२. उत्तर भन :

(क) नेपाल कुन कुन कुराले समृद्ध छ ?

(ख) हर्क गुरुङको जन्म कहिले भएको थियो ?

(ग) हर्क गुरुङले कसबाट चित्र बनाउने कला सिकेका थिए ?

(घ) हर्क गुरुङको मृत्यु कहिले भयो ?

(ङ) हर्क गुरुङको सम्झनामा नेपाल सरकारले के गरेको छ ?

३. ठिक बेठिक छुट्याएर लेख :

(क) हर्क गुरुङको जन्म लमजुङ जिल्लामा भएको थियो ।

(ख) हर्क गुरुङ विज्ञान विषयमा विद्यावारिधि गर्ने पहिलो नेपाली हुन् ।

(ग) हर्क गुरुङ भूगोलविद् तथा योजनाकार हुन् ।

(घ) हर्क गुरुङ विदेशी ऋण लिएर भए पनि देशको विकास गर्न सकिन्छ भन्ने विचार राख्थे ।

(ङ) हर्क गुरुङले धेरै किताबहरू लेखेका छन् ।

Curriculum Development Centre

४. पाठको चौथो अनुच्छेद शिक्षकबाट सुन र तलका प्रश्नको उत्तर भन :

(क) हर्क गुरुङ कुन कुन काममा रुचि राख्थे ?

(ख) हर्क गुरुङलाई कुन खेल असाध्यै मन पर्थ्यो ?

(ग) राष्ट्रव्यापी चित्रकला प्रतियोगिता कहिले भएको थियो ?

(घ) हर्क गुरुङले कोरेको कुन चित्र सर्वोत्कृष्ट ठहरियो ?

(ङ) हर्क गुरुङ कस्ता चित्रहरू बनाउँथे ?

(च) 'सर्वोत्कृष्ट' शब्दको अर्थ के हो ?

५. पाठको सातौँ अनुच्छेद राम्ररी पढेर चार ओटा मुख्य बुँदा टिप र एक तृतीयांशमा सारांश लेख ।

६. तलका प्रश्नहरूको उत्तर लेख :

(क) हर्क गुरुङको बाल्यकाल कसरी बित्यो ?

(ख) हर्क गुरुङलाई के गर्ने अभिलाषा आयो ?

(ग) हर्क गुरुङलाई किन बहुमुखी प्रतिभाका धनी व्यक्ति मानिन्छ ?

(घ) हर्क गुरुङले नेपाली भाषा, जातजाति र देशको विकासका लागि के कस्ता विचारहरू अगाडि सारे ?

(ङ) हर्क गुरुङको मृत्यु कसरी भयो ?

(च) हर्क गुरुङको जीवनीबाट के प्रेरणा लिन सकिन्छ ?

७. भाव स्पष्ट गर :

नेपाल प्राकृतिक विविधताले भरिपूर्ण विश्वको सुन्दर मुलुक हो ।

शब्द भण्डार

८. विपरीतार्थी शब्द छानेर जोडा मिलाऊ :

सुगम	सुन्दर	दृश्य	प्रकाशित	
अदृश्य	दुर्गम	अप्रकाशित	कुरूप	वन्यजन्तु

Curriculum Development Centre

९. तलका शब्दको अर्थ लेख :

निकुञ्ज, अनुकरणीय, सजीव, जाज्वल्यमान, उपत्यका

१०. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

पर्यटन, लगनशील, हस्तान्तरण, छात्रवृत्ति

११. राष्ट्र + व्यापी = राष्ट्रव्यापी भए जस्तै तलका शब्दमा 'व्यापी' जोडेर नयाँ शब्द बनाऊ :

जिल्ला, क्षेत्र, देश, उपत्यका, सप्ताह

उच्चारण र हिज्जे

१२. तलका शब्दहरू शुद्धसँग उच्चारण गर र कापीमा सार :

समृद्ध, सांस्कृतिक, उत्तीर्ण, अभिलाषा, जाज्वल्यमान, अर्थशास्त्र, स्पष्टवादी, व्यवस्था

१३. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ
इस्कुल	स्कुल
द्रिस्टि	दृष्टि
काठमान्डु	काठमाडौँ
प्राकिर्तिक	प्राकृतिक
जिबन	जीवन

१४. पाठमा ऋण, उत्तीर्ण, नेपाल, निर्भीकता जस्ता 'ण' र 'न' वर्णको प्रयोग भएका धेरै शब्दहरू छन्। 'ण' र 'न' को प्रयोग भएका दस दस ओटा शब्दहरू पाठबाट खोजेर लेख।

१५. पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख।

Curriculum Development Centre

कार्यमूलक व्याकरण

१६. कोष्ठकमा दिइएको सङ्केतका आधारमा तलका वाक्यहरूलाई परिवर्तन गर :

(क) हर्क गुरुङले भूगोलको नक्सा कोरे । (पूर्ण भूत)

(ख) हर्क गुरुङले चिल्ड्रेन स्कुलबाट म्याट्रिक उत्तीर्ण गरे । (अज्ञात भूत)

(ग) उनी अनुशासित भएर पढ्थे । (अपूर्ण भूत)

(घ) उनका पुस्तकहरू प्रकाशन भए । (पूर्ण वर्तमान)

(ङ) उनी सुन्दर दृश्यहरूलाई हेरेर मुस्कुराउँथे । (सामान्य वर्तमान)

१७. पाठको सातौँ अनुच्छेदलाई पूर्ण भूत कालमा परिवर्तन गरी पुनर्लेखन गर ।

१८. तलका वाक्यहरूमा आएका गाढा अक्षर भएका शब्दहरू राम्ररी पढ र बुझ :

हर्क गुरुङ विदेशीसँग ऋण लिएर देशलाई चलाउनुहुन्न **र** आफ्नो देशमा भएका सम्पदाबाट देशलाई चलाउनुपर्छ **अनि** आफ्नै खुट्टामा उभिनुपर्छ **भन्ने** महान् विचार राख्थे । उनी आज हामीसामु छैनन् **तर** उनले नेपालीका लागि दिएको योगदानका कारण सबैको मनमा जीवित छन् ।

माथिका वाक्यमा प्रयोग भएका **र, अनि, भन्ने, तर** जस्ता शब्दहरू संयोजक हुन् । यीबाहेक वाक्यमा **वा, अथवा**, **तापनि**, **किनभने**, **जब तब**, **भने**, **एवम्, तथा**, **नत्र**, **तैपनि**, **त्यसैले**, **किनकि**, **नत्रभने** आदि शब्दहरूले पनि वाक्यमा संयोजकको काम गर्छन् । संयोजकले दुई वा दुईभन्दा बढी पद, पदावली, वाक्य र वाक्य खण्डलाई जोड्ने काम गर्छ ।

माथिको पाठबाट फरक फरक संयोजक प्रयोग भएका तिन ओटा वाक्य खोजेर लेख ।

Curriculum Development Centre

सिर्जनात्मक अभ्यास

१९. तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी लेखेर शिक्षकलाई देखाऊ :

नाम : गोपालप्रसाद रिमाल

जन्म : वि.सं. १९७५ जेठ १८, काठमाडौँ

मातापिता : आदित्यकुमारी र उमाकान्त रिमाल

शिक्षा : वि.सं. १९९२ को प्रवेशिका परीक्षामा प्रथम श्रेणीमा प्रथम

संलग्नता

— वि.सं. १९९० देखि नै साहित्य लेखनमा लागेका

— भाषानुवाद परिषद्मा सरकारी लेखकका रूपमा जागिरे, 'शारदा' पत्रिकाका सम्पादक, वि.सं. १९९७ मा चौध महिनासम्म लप्टन भई काम गरेका

प्रमुख प्रकाशित कृतिहरू

– 'मसान' र 'यो प्रेम' (नाटक), 'आमाको सपना' (कविता सङ्ग्रह)

साहित्यिक विशेषताहरू

— निडर, क्रान्तिकारी र स्वाभिमानी व्यक्ति

— नेपाली साहित्यमा नाटक र गद्य कविताका क्षेत्रमा उत्कृष्ट योगदान दिएका

— सामाजिक विभेदको विरोध गर्दै कवितामा प्रतीकात्मक शैलीमा विद्रोही स्वर दिने कवि

सम्मान तथा पुरस्कार : मदन पुरस्कार (२०१९), त्रिभुवन पुरस्कार (२०३०)

मृत्यु : वि.सं. २०३०, कात्तिक ८ गते, काठमाडौँ

२०. तिम्रो समुदायमा अपाङ्गता भएका व्यक्तिले गरेका उल्लेखनीय कार्यहरूलाई समेटेर एउटा जीवनी तयार पार र प्रदर्शन पाटीमा टाँस ।

Curriculum Development Centre

पाठ : ९

प्रकृति र वातावरण

– गणेशप्रसाद भट्टराई

मानिस प्रकृतिको **उपज** हो। प्रकृति व्यक्ति वा वस्तुको विशेषता हो। बानी, स्वभाव आदिलाई पनि प्रकृति भनिन्छ। यसले **जगत्**को निर्माण र विकासलाई पनि सङ्केत गर्छ। वातावरण शब्दले मूल रूपमा पृथ्वी वरिपरिको हावालाई जनाउँछ। यसले मानिस, जीव र वनस्पतिको अवस्थालाई समेत सङ्केत गर्छ। प्रकृति र वातावरण मानव जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्ने विषय हुन्।

प्राणी र **वनस्पति**को जीवन वातावरणमा **निर्भर** रहन्छ। सृष्टिक्रमसँगै प्रकृतिमा प्राणी र वनस्पतिको जीवनका लागि निश्चित वातावरण सिर्जना भएको छ। वातावरणकै कारण प्राणी र जीवबिच **घनिष्ट** सम्बन्ध स्थापना हुन्छ। विश्वमा रहेका जीवहरूमध्ये मानिस सर्वश्रेष्ठ प्राणी हो। मानिसले प्रकृतिलाई बिगार्न र जोगाउन पनि सक्छ। वनस्पति र अन्य जीवले प्रकृति **संरक्षण** गर्न सक्दैनन्। प्राकृतिक सन्तुलन कायम गर्न भने जीव र वनस्पति दुवैको भूमिका हुन्छ। सबै प्राणी र वनस्पति निश्चित **पारिस्थितिक** प्रणालीभित्र रहेका हुन्छन्। प्रकृतिको यस सन्तुलित अवस्थाभित्र जीव र वनस्पतिको अस्तित्व सुरक्षित हुन्छ। पारिस्थितिक प्रणाली खलबलियो भने प्राकृतिक अवस्था असन्तुलित हुन्छ। यसबाट वनस्पति लोप हुने र जीवले अनेकौँ सङ्कट झेल्नुपर्ने हुन्छ। प्राकृतिक सम्पदालाई जोगाइराखेमा वातावरण संरक्षण हुन्छ। वन जङ्गल, नदी, हिमाल, पहाड, **खनिज** आदिलाई सन्तुलित ढङ्गले उपयोग गर्नुपर्छ। वातावरण संरक्षणको यो कार्य मानिसले मात्र गर्न सक्छ।

उपज – उत्पन्न हुने कुनै वस्तु, भावना वा विचार

जगत् – संसार

वनस्पति – प्रायः फुल नफुली फल लाग्ने रुख विशेष, बोट बिरुवा, लता आदि

निर्भर – भरोसामा रहेको, आश्रित

घनिष्ट – ज्यादै नजिकको

संरक्षण – जोगाउने काम, सुरक्षा

पारिस्थितिक – परिस्थितिले जन्माएको, उब्जाएको

खनिज – जमिनभित्र रहेको, खानीबाट निकालिने वा निस्कने

Curriculum Development Centre

मानिसले आफ्नो सुविधाका लागि प्राकृतिक स्रोतको उपयोग गर्छ । प्राकृतिक स्रोतको उपयोग गर्दा **विवेक** पुऱ्याउनुपर्छ । मानिसका अविवेकी क्रियाकलापले प्राकृतिक स्रोतमा विकृति आउँछ । प्राकृतिक वातावरण विकृत भयो भने विसङ्गति देखा पर्छ । हामीले **भूक्षय**, बाढी, पहिरो, अतिवृष्टि, अनावृष्टि जस्ता समस्या भोग्नुपर्छ । रुख बिरुवा मासिन्छन् । जीवहरूको जीवन सङ्कटग्रस्त हुन्छ । प्राकृतिक सौन्दर्य नासिन्छ । खाद्यान्न, फलफुल, तरकारीको उत्पादन कम हुन्छ । मौसममा परिवर्तन आउँछ । बालीनालीको उत्पादन समय परिवर्तन हुन्छ । नदीहरू सुक्न थाल्छन् । हिमालहरू पग्लन थाल्छन् । यसको प्रतिफल मानिस स्वयम् सङ्कटमा पर्छ । यसर्थ वातावरण प्रतिकूल हुन नदिन र प्रकृति स्वच्छ राख्न मानिसले नै प्रयत्न गर्नुपर्छ ।

मानिस बुद्धिले बाँच्छ । मानिससँग सोच्ने मस्तिष्क र काम गर्ने हात छन् । मस्तिष्कले सुन्दर प्रकृतिको कल्पना गर्नुपर्छ । मानवीय क्रियाकलाप वातावरणको रक्षामा केन्द्रित हुनुपर्छ । वैज्ञानिक चमत्कार र मानवीय उन्नतिभित्र प्रकृतिको विनाश समेटिनु हुँदैन । प्राकृतिक स्रोतको परिचालन गर्दा आफ्नै खुट्टामा बन्चरो हान्नु हुँदैन । मानिस **कल्पनाशील** प्राणी पनि हो ।

विवेक – असल र खराब छुट्याउन सक्ने क्षमता

भूक्षय – बाढी, पहिरो आदिबाट जमिन भासिने, बग्ने वा नासिने काम

कल्पनाशील – कल्पना गर्ने, सोच विचार गर्ने क्षमता भएको

उसले विकास, उन्नति, आविष्कार, रचना, सिर्जनाका रूपमा कल्पनालाई साकार गर्छ। कल्पना साकार पार्ने र उद्देश्य पूर्ति गर्ने क्रममा प्रकृतिको विनाश गर्नु हुँदैन । मानवीय क्रियाकलाप वातावरण प्रतिकूल भए मानिस सङ्कटको भुमरीमा फस्छ । जीवन सरल बनाउन मानिसले उद्योग धन्दा स्थापना गर्छ र कल कारखाना चलाउँछ। यसले वातावरणमा रहेको हावा, पानी र जमिन प्रदूषित बनाउँछ । ठुलो आवाज निकाल्ने मिसिन, यातायात र सञ्चारका साधनहरू सञ्चालनले ध्वनि प्रदूषण गराउँछन् । यस्तै कृषि कार्यमा विषादी प्रयोग गर्नाले खानेकुरामा अखाद्य रसायन मिसिन्छ । रासायनिक मलको अधिक र अव्यवस्थित प्रयोगले प्राङ्गारिक उत्पादनमा कमी आउँछ। यी सबैले वातावरण प्रतिकूल बनाउँछन्। दूषित हावा र पानीको प्रयोगले विभिन्न रोग निम्तिन्छन्। जमिन प्रदूषित भए उब्जनी घट्छ।

जङ्गल विनाश भयो भने सुक्खा, खडेरीलगायत अनेकौँ समस्या देखिन्छन्। पानीका स्रोत सुक्न थाल्छन् । वन्यजन्तुको वासस्थान विनाश हुन्छ । उद्योगबाट निस्कने धुवाँ र विषालु ग्याँसले वातावरणमा हानिकारक ग्याँसको वृद्धि भएको छ। सूर्यबाट आउने हानिकारक किरण रोक्ने वातावरणको ओजोन तह पातलिँदै छ। परिणामस्वरूप वनस्पति र जीव लोप हुने, प्राकृतिक विपत्ति आउने, अम्ल वर्षा हुने क्रम बढ्छ। साथै अनेकौँ रोग देखा पर्ने, खाद्यान्न र पानीको अभाव हुने जस्ता सङ्कट देखिएका छन्। पृथ्वीको तापक्रम बढ्न थालेको छ। यी सबैको कारक मानिस हो। मानिसले मात्र प्रकृतिलाई अनुकूल बनाई वातावरण रक्षा गर्न सक्छ।

सन्तुलित वातावरणको उत्प्रेरक पनि मानिस नै हो। पृथ्वीमा अनेकौँ प्राकृतिक सम्पदा छन्। पृथ्वीमा प्राप्त सम्पदा सबैका लागि आवश्यक पर्छन् । तिनको विवेकपूर्ण प्रयोग गर्नुपर्छ । प्राकृतिक स्रोत र साधन भविष्यका लागि पनि जोगाउनुपर्छ। पृथ्वी सबैको साझा घर हो। पृथ्वीका स्रोत र साधनको पनि समानुपातिक प्रयोग गर्नुपर्छ । प्राकृतिक स्रोतको उपयोगले प्रकृतिलाई कुरूप बनाउनु हुँदैन। गाँस, वास र कपासको प्रयत्नले वातावरण खलबलिनु हुँदैन। मानिसलाई वनस्पति चाहिन्छ । वनस्पति मानिसले जोगाउन सक्छ । वनस्पतिको उपयोग गर्नासाथ उसले नयाँ बिरुवा लगाउनुपर्छ। घर र विद्यालय वरिपरि बिरुवा रोप्नुपर्छ। नाङ्गा डाँडा हरिया बनाउनुपर्छ। अझ सके प्रत्येक व्यक्तिले प्रत्येक जन्म दिनमा रुख रोपेर शुभ कामना साट्ने संस्कार विकास गर्नुपर्छ। रुख बिरुवाको **सञ्चय** गर्नुपर्छ।

पानी **जीवनदायिनी** स्रोत हो । पानीका स्रोतको सुरक्षा गरी प्रदूषण हुनबाट रोक्नुपर्छ । जमिनमा प्राङ्गारिक मल बिउको प्रयोग बढाउनुपर्छ। बढी उत्पादन लिने नाममा जमिनलाई विषादीको भण्डार बनाउनु हुँदैन। सास फेर्न चाहिने हावालाई दूषित बनाउनु हुँदैन। जीवजन्तुको

सञ्चय – अलि अलि गरी बटुलेर धेरै पार्ने काम

जीवनदायिनी– जीवन दिने, जीवनका लागि नभई नहुने

अवैध सिकार र चोरी निकासी अन्त्य गर्नुपर्छ। वन फँडानी र वन्य पदार्थ **तस्करी**को अन्त्य गर्नुपर्छ। प्राण बचाउने जडीबुटीको सदुपयोग गर्नुपर्छ । बाटोघाटो, पुल पुलेसा, भवन निर्माण गर्दा वातावरणीय सन्तुलनलाई प्राथमिकता दिनुपर्छ । यी सबै कार्यका लागि मानवीय सोच, क्रियाकलाप र व्यवहारलाई शुद्धीकरण गर्नुपर्छ । मानिसको स्वच्छ विचारले सुन्दर प्रकृति निर्माण गर्न सक्छ। विवेकशील व्यवहारले सन्तुलित वातावरण सिर्जना गर्न सक्छ। सहअस्तित्व र भ्रातृत्व भावले विश्वको मुहार हँसाउन सक्छ।

जनसङ्ख्या वृद्धि, अव्यवस्थित सहरीकरण र प्राकृतिक स्रोतको स्वार्थपूर्ण प्रयोगले प्रकृति र वातावरण दुवैको विनाश गर्छ। वातावरण स्वच्छ नभए मानिस अस्वस्थ हुन्छ। मानिसको सोच, स्वास्थ्य र सन्तुष्टिका लागि वातावरण स्वच्छ हुनुपर्छ। सुन्दर प्रकृतिले स्वस्थ विचार जन्माउँछ। प्रकृतिमा सङ्कट आए मानिसको मन र मस्तिष्क स्वस्थ हुँदैन । वातावरण विनाश भए मानिसको अस्तित्व सङ्कटमा पर्छ। प्राकृतिक असन्तुलन भई प्रकृति विनाशको **पुञ्ज** बन्छ। यसबाट बच्न हामी सबै सचेत बन्नुपर्छ। **कञ्चन** प्रकृति र वातावरणका लागि जनस्तरमा चेतना फैलाउनुपर्छ। प्रकृति, वातावरण र मानिसको अन्योन्याश्रित सम्बन्धलाई बचाई राख्नुपर्छ। शिक्षा र व्यवहारले यसलाई पुष्टि गर्नुपर्छ। असल विचार र **सत्प्रयत्न**ले प्रकृति र वातावरण सुन्दर बनाउनुपर्छ।

तस्करी – लुकेर गरिने अवैध व्यापार

पुञ्ज – थुप्रो, वस्तुहरूको समूह

कञ्चन – स्वच्छ, सफा

सत्प्रयत्न – असल प्रयास, कोसिस

अभ्यास

१. कक्षामा माथिको पाठ आलोपालो गरी पढ ।

२ उत्तर भन :

(क) के गरेमा वातावरणको संरक्षण हुन्छ ?

(ख) मानिस कस्तो अवस्थामा सङ्कटको भुमरीमा फस्छ ?

(ग) मानिसले कुन रूपमा कल्पनालाई साकार पार्छ ?

(घ) किन प्राकृतिक स्रोतमा विकृति आउँछ ?

(ङ) वातावरण शब्दले मूल रूपमा केलाई जनाउँछ ?

(च) कुन कुन कुरालाई सन्तुलित ढङ्गले उपयोग गर्नुपर्छ ?

(छ) मानवीय क्रियाकलाप केमा केन्द्रित हुनुपर्छ ?

(ज) मानिसले वातावरणको रक्षा कसरी गर्न सक्छ ?

(झ) वातावरण विनाश भए के हुन्छ ?

३. उपयुक्त शब्द राखेर खाली ठाउँ भर :

(क) प्राणी र वनस्पतिको जीवन ..... मा निर्भर रहन्छ ।

(ख) सहअस्तित्व ..... भावले विश्वको मुहार हँसाउन सक्छ ।

(ग) जमिन प्रदूषित भए ..... घट्छ ।

(घ) प्राकृतिक सम्पदालाई जोगाइ राखेमा ..... संरक्षण हुन्छ ।

(ङ) रुख बिरुवाको ..... गर्नुपर्छ ।

४. तलका प्रश्नहरूको उत्तर लेख :

(क) मानिसका कस्ता क्रियाकलापले गर्दा वातावरण प्रतिकूल हुन्छ ?

(ख) वातावरण प्रतिकूल हुँदै जाँदा अहिले के के सङ्कटहरू देखिएका छन् ?

(ग) हामीले सन्तुलित वातावरणको सिर्जना गर्न के के कुरामा ध्यान दिनुपर्छ ?

Curriculum Development Centre

५. भाव स्पष्ट गर :

(क) वैज्ञानिक चमत्कार र मानवीय उन्नतिभित्र प्रकृतिको विनाश समेटिनु हुँदैन ।

(ख) प्रकृति, वातावरण र मानिसका बिचमा अन्योन्याश्रित सम्बन्ध छ ।

(ग) मानिसको सोच, स्वास्थ्य र सन्तुष्टिका लागि वातावरण स्वच्छ हुनुपर्छ ।

६. पाठको तेस्रो अनुच्छेद पढी चार ओटा मुख्य बुँदाहरू टिप र सारांश लेख ।

शब्द भण्डार

७. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

स्वच्छ पुञ्ज सूर्य हावा जगत्

रास दिवाकर सफा संसार वायु प्राकृतिक

८. विपरीतार्थी शब्द छानेर जोडा मिलाऊ :

जीवन सन्तुलन प्राकृतिक अतिवृष्टि प्रतिकूल

अप्राकृतिक मरण अनावृष्टि असन्तुलन अखाद्य अनुकूल

९. तलका शब्दको अर्थ भन :

भूक्षय, संरक्षण, विवेक, अतिवृष्टि

१०. वि+कृति = 'विकृति' भए जस्तै तल दिइएका शब्दमा 'वि' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :

ज्ञान, योग, चार, मति, कृति

११. विवेक + शील = 'विवेकशील' भए जस्तै तलका शब्दमा 'शील' जोडेर नयाँ शब्द बनाऊ :

कर्म, उद्यम, विचार, गति, कल्पना

१२. कु+रूप = 'कुरूप' भए जस्तै तलका शब्दमा 'कु' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :

कार्य, कर्म, विचार, दिन, दृष्टि

१३. वातावरण + ईय = 'वातावरणीय' भए जस्तै तलका शब्दमा 'ईय', प्रत्यय लगाएर नयाँ शब्द बनाऊ :

केन्द्र, मानव, दानव, स्वर्ग, आत्मा

Curriculum Development Centre

१४. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

वनस्पति, वातावरण, विसङ्गति, कल्पनाशील, सञ्चार, प्रदूषण, संरक्षण, स्वच्छ

१५. माथिको पाठमा प्रयोग भएका केही पारिभाषिक तथा प्राविधिक शब्दहरू यहाँ दिइएका छन् । शिक्षकको सहायताले तिनको अर्थ बुझ र लेख :

ग्याँस, अम्ल, तापक्रम, रसायन, खनिज, भूक्षय

उच्चारण हिज्जे

१६. पाठको तेस्रो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

१७. तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख :

(क) भूक्षय, भूछ्य, भुक्षय

(ख) घनिस्ट, घनिश्ट, घनिष्ट

(ग) अबस्था, अवस्था, अवस्ठा

(घ) अबिवेकी, अविबेकी, अविवेकी

(ङ) कल्पनाशील, कल्पनाशिल, कल्पनासिल

१८. पाठ पढी तालिकामा उल्लेख भएका वर्णहरू प्रयोग भएका पाँच पाँच ओटा शब्द भर :

वर्ण	प्रयोग भएका शब्दहरू
ञ	
श, ष, स	
न,ण	
ऊ	
ब, व	

१९. पाठको अन्तिम अनुच्छेदमा 'स्वच्छ, अस्वस्थ' जस्ता आधा अक्षर भएका शब्दहरू प्रयोग भएका छन् । तिमीले यस्तै आधा अक्षर प्रयोग भएका अरू पाँच ओटा शब्दहरू खोजेर लेख ।

Curriculum Development Centre

कार्यमूलक व्याकरण

२०. तलका वाक्यहरू पढी करण भए अकरण र अकरण भए करणमा बदल :

(क) मानिसले प्रकृतिलाई जोगाउन सक्छ ।

(ख) पृथ्वीमा प्राप्त सम्पदा सबैका लागि आवश्यक पर्छ ।

(ग) मानिसले प्रकृतिलाई बिगारेको छ ।

(घ) मानवीय उन्नतिभित्र प्रकृतिको विनाश समेटिएको छैन ।

(ङ) मस्तिष्कले सुन्दर प्रकृतिको कल्पना गर्नुपर्छ ।

(च) मानिस बुद्धिले बाँच्छ ।

(छ) खाने कुरामा अखाद्य रसायन मिसिँदैन ।

(ज) स्रोत र साधनको समानुपातिक प्रयोग गर्नुपर्छ ।

(झ) घर र विद्यालय वरिपरि बिरुवा रोपिएको छैन ।

(ञ) मानिसले वातावरणको सुरक्षा गरेको छ ।

२१. पढ, बुझ र गर :

पदयोग : बहिनीले, तिमीलाई, हिजोदेखि, लुम्बिनीबाट, साथीको, घरमा, तलतिर, माथिपट्टि, आमासँग, उत्तरतर्फ, कालीमाटी, नाटककार, अध्ययनशील, फलस्वरूप, आत्मपरक

पद वियोग : जाने छ, खेल्दै छन्, पढेको छ, आए हुन्थ्यो, न तल न माथि, रामका लागि, नेपाल सरकार, समाज सेवा, मानव धर्म, मानव अधिकार

माथिको उदाहरण हेरी पाठबाट पदयोग र पद वियोग भएका पाँच पाँच ओटा शब्दहरू खोजेर लेख ।

सिर्जनात्मक अभ्यास

२२. 'वातावरण प्रदूषण' शीर्षकमा एक सय पचास शब्दमा नघटाई एउटा प्रबन्ध लेख ।

२३. तिम्रो विद्यालयको वातावरण सफा र स्वच्छ राख्न के के गरिएको छ ? कुनै पाँच ओटा बुँदा तयार गर र एउटा अनुच्छेद लेख ।

Curriculum Development Centre

पाठ : १०

एउटा घटना

– शान्तदास मानन्धर

विद्यालयका सबै विद्यार्थीहरू एकै खाले कहाँ हुन्छन् र ? तर सबै विद्यार्थीहरू पढ्न भने विद्यालय पुग्छन्। सुरेश पनि दिनहुँ स्कुल जान्थ्यो। उसको चाख खेल र खेल्ने प्रक्रियामा थियो। ऊ पढ्नै नचाहने विद्यार्थी भने पक्कै थिएन। ऊ पढ्न सक्ने आफ्ना साथीहरूको राम्ररी **तारिफ** गर्थ्यो। आफूले पढाइमा ध्यान दिन नसकेको कुरा साथीहरूका अघिल्तिर खुलस्त राख्थ्यो।

सानैदेखि उसको **रुचि** र ध्यान खेलतिर थियो। उसलाई थाहा नभएको कुनै खेलै थिएन। ऊ थरीथरीका खेलहरूका बारेमा जति कुरा गरे पनि थाक्दैनथ्यो। कुरैकुरामा ऊ भन्थ्यो, "मलाई त दिन दिनै समय तालिकाअनुसार उहीका उही विषय वस्तु पढ्न रमाइलो लाग्दैन। दिनका दिन उही कुरा **रटिरहनु** जस्तो **उराठ लाग्दो** अरू केही हुन सक्दैन। अँ, साँच्चै पढाइमा पनि त

तारिफ – प्रशंसा

रुचि – चाहना, इच्छा

रटिरहनु – कण्ठ हुने गरी पढिरहनु

उराठ लाग्दो – दिक्क लाग्दो

खेल खेल्दा जस्तै रमाइलो हुने गरी पढ्न सिकाउने किताबहरू भएको भए कति प्रगति हुन्थ्यो होला, हगि ! यस्तो किन नभएको होला ? वर्षभरि उही किताबहरूको एउटै झोला बोकी हिँड्नु जस्तो दिक्क लाग्दो काम अरू के छ त ?" सुरेश साथीहरूको बिचमा यस्तै प्रश्न गर्थ्यो। तर ऊ झोलाका किताबबाहेक अर्को कुनै किताब भने पढ्दैनथ्यो। अनौठो कुरा के थियो भने उसको कुरा सुन्न बसेका उसका साथीहरू उसको कुरा सुनेर **बिरलै** थाक्थे। ऊ कुनै पनि खेलको विषयमा सुन्नेहरू सबै **लट्ठिने गरी** रमाइलो पाराले घन्टौँसम्म बयान गर्न सक्थ्यो।

विद्यालयका तर्फबाट खेल खेलेको भोलिपल्ट कुनै कक्षा खाली रह्यो भने ऊ खेलकै कुरा गर्थ्यो। साथीहरूका माझ रहेर खेलमा कसले कसरी राम्ररी खेल्यो अनि को कहाँ कसरी चुक्यो, सबै कुराको बेली बिस्तार गरिरहेको हुन्थ्यो। आज ऊ आफ्ना साथीहरूलाई सुनाइरहेको थियो, "हिजोको खेलमा विजयले खेलेको खेल सारै राम्रो थियो। उसका प्रहारहरू र करामतले गर्दा नै हाम्रो विद्यालयले जित हात पार्न सकेको हो।"

उसको कुरा सुनिरहेको सुमनले सुरेशसँग सोध्यो, "हैन सुरेश, विजयले त्यति टाढाबाट हानेर पनि कति राम्ररी गोल गरेको, क्या अचम्म ! यो उसले कसरी सकेको होला हगि ?"

"हो, विजयको त कुरै नगरौँ, ऊ खेल्दा आफ्नो **तन**, मन सबै लगाएर खेल्छ। थाहा छ ? हाम्रो फुटबल टिमको त ऊ **गर्व** हो, गर्व। कक्षामा पढ्दा पनि त ऊ सधैँ तन, मन लगाएर पढ्छ। हामीले पनि विजयले जस्तै तन, मन लगाएर ध्यान केन्द्रित गर्न सक्यौँ भने उसले जस्तै खेल र पढाइ दुवैमा प्रगति गर्न सकिहाल्छौँ नि।" सुरेशको यस कुरामा सबैको सहमति हुन्छ।

सुरेशतिर फर्केर सुमनले फेरि भन्यो, "तन, मन दिन सक्यौँ भने खेलमा हाम्रो प्रगति हुँदै जान्छ। अनि लगातार अभ्यास गर्दै रह्यौँ भने एकातिर आफू पक्का हुँदै गइन्छ भने अर्कोतिर नयाँ नयाँ **दाउ** सिक्दै गइन्छ। अनि फुटबल हान्दा त्यसैमा सम्पूर्ण शक्ति र ध्यान केद्रित गर्न सक्यौँ भने जता भन्यो त्यतै र जसरी चाह्यो त्यसरी नै हान्न सक्ने हुन्छौँ नि त।"

त्यसपछि उनीहरूले त्यस साल चलिरहेको ओलम्पिक खेलका विषयमा कुरा गरे। कुन कुन देशले के कति स्वर्ण पदक जिते भन्ने बारेमा पनि छलफल गरे। कुरै कुरामा फुटबल खेलका विषयमा

बिरलै – कहिलेकाहीँ, कम मात्रामा

लट्ठिने गरी – लट्ठ पर्ने गरी

तन – शरीर

गर्व – गौरव, औचित्यपूर्ण अहम् भावना

दाउ – मौका, अवसर, काठपात काट्न प्रयोग गरिने एक प्रकारको हतियार

Curriculum Development Centre

पनि उनीहरूले कुरा गरे । सुरेशले **भावुक** भएर बिचैमा भन्यो, "हामी उहिले नै गाउँका नदी किनारतिर डुल्न जाँदा नदीका **बग्रेठ** ढुङ्गाहरू हुत्याएर धेरै बेरसम्म खेल्थ्यौँ । म त्यति बेला सबैलाई उछिन्थेँ । हामी उहिले ढुङ्गाहरू हातले हुत्याउँथ्यौँ तर फुटबल त खुट्टाले पो खेल्नुपर्छ त ।"

यो कुरा सुनिरहेका सबैलाई रमाइलो लाग्यो । त्यसै बेला चेतनले विद्यालयको चउरमा रहेको फुटबललाई भएभरको शक्ति निकालेर जोडले हिर्कायो । त्यसपछि केशवको पालो आयो । उसले पनि फुटबल चेतनको भन्दा पर पुऱ्यायो । खेलमा अरू पनि सामेल हुन थाले । सुरेश साथीहरूको **प्रतिस्पर्धात्मक** खेलको **रमिता** हेरिरहेको थियो । यत्तिकैमा विमलले सुरेशतिर फर्केर सोध्यो, "सुरेश दाइ, तपाईँको कति परसम्म पुग्छ होला, एकपल्ट देखाउनुहोस् न ।"

त्यति बेलासम्ममा सुरेशभित्र एक जना खेलाडीको मनमा उर्लने **क्षमता** प्रदर्शन गर्ने चाहना पुरा चुलिइसकेको थियो । चउरमा बसिरहेको सुरेश बिस्तारै उठ्यो र उसले शरीरको सम्पूर्ण बल लगाएर जोडले हान्यो । त्यसै बेला बल फुलको गमलामा ठोकिएर गमला फुटेको आवाज आयो । "लौ, गमला फुटेको हो क्यारे !" भन्दै खेलमा संलग्न सबै केटाहरू त्यहाँबाट एकैपल्ट **अलप** भए र कक्षा कोठाभित्र पसेर आआफ्ना ठाउँमा चनाखो भएर बसे ।

एकै छिनपछि एक जना शिक्षक उनीहरूको कक्षा कोठामा पस्नुभयो । सबै विद्यार्थीहरू **अदप**का साथ एकैपल्ट जऱ्याक जुरुक उठे । विद्यार्थीहरू बस्न नपाउँदै शिक्षकले सोध्नुभयो, "मलाई लाग्छ तिमीहरूले पनि देखेकै हौला, उता कोठाको झ्यालबाहिर गमला फुटाइएको दृश्य ? कि देखेका छैनौ कि कसो ?" विद्यार्थीहरू कसैले चुँ पनि गरेनन् । शिक्षकले फेरि भन्न थाल्नुभयो, "अस्ति मात्र राखिएको तिन सय पर्ने ठुलो गमला आज फुट्यो । गमला तिमीहरूमध्ये कसैले फुटाएको हुनुपर्छ ।" अहिले पनि कसैले केही नबोली सुनिरहे ।

भावुक – कुनै कुराको सोच विचार गर्ने, गहिरो सोचाइमा पर्ने

बग्रेठ – खोलाले बगाएर ल्याई बगरमा फालिएका वस्तु, कडा खालका ढुङ्गा आदि

प्रतिस्पर्धात्मक – कुनै कुरामा आफू उत्तम हुन वा जित्न गरिएको प्रयास, काम

रमिता – रमाइलो, तमासा

क्षमता – शक्ति

अलप – लोप

अदप – मान, मर्यादा, ठुलाबडाको आदर

Curriculum Development Centre

त्यसपछि शिक्षक अलि **गम्भीर** देखिनुभयो र सोध्नुभयो, "गमला फुटेको आवाज आउनुभन्दा अगाडि मैले बाहिर चउरमा केही केटाहरू देखेको थिएँ। ती तिमीहरू नै हौ नि, हैनौ र ?" यस बेला पनि कसैले केही बोलेनन्। त्यसपछि शिक्षकले भन्नुभयो, "तिमीहरू कसैले नबोलेकाले फुटाल्ने काम एकै जनाबाट भए पनि मेरो विचारमा नयाँ गमला किन्नका लागि लाग्ने पैसा तिमीहरू सबैले **दामासाही**ले बेहोर्नुपर्छ।" यसपालि सबैले मुख खोले, "हुन्छ ! हामी बेहोर्छौं।" आफ्ना सबै साथीहरूले गमलाका लागि लाग्ने खर्च बेहोर्छौं भनेको सुनिरहेको सुरेशको अनुहारमा यति बेला साथीहरूप्रति **कृतज्ञता**का भावहरू उर्लिरहेको प्रस्ट झल्कियो। त्यसपछि उसले नम्र भएर भन्यो, "गमला मेरै कारणले फुटेको हो। मैले हानेको बल सोझै गएर गमला फुटेको भने होइन। मैले फुटाउँछु भनेर फुटाएको त हुँदै हैन। मैले आफ्नो क्षमता र सिप प्रदर्शन गर्न खोज्दा त्यसो हुन गएको हो। त्यसैले लाग्ने पैसा मैले बेहोर्नुपर्थ्यो तर नयाँ गमला किन्न मसँग पैसा छैन।" यति बेला उसको स्वर सारै मसिनु थियो।

सुरेशका कुरा ध्यान दिएर सुनिरहनुभएका गुरुले प्रसन्न भएर भन्नुभयो, "मलाई थाहा छ, सुरेश एउटा राम्रो खेलाडी हो, त्यसैले ऊ अनुशासित छ। तिमीले सकाऱ्यौ, मलाई खुसी लाग्यो। गमला किन्न लाग्ने आधा खर्च म बेहोर्छु। विद्यार्थीले पढाइको साथमा खेल्नु पनि पर्छ तर अबदेखि यस्तो प्रदर्शन कुनै क्षति नहुने गरी होस्।" यति भनिसकेपछि शिक्षक बाहिरिनुभयो। सबै विद्यार्थीहरूले लामो सास छाडे। त्यति बेला सबै विद्यार्थीहरूको अनुहार गम्भीर देखिन्थ्यो भने सुरेशको अनुहारमा शिक्षक र आफ्ना साथीहरूप्रतिको कृतज्ञताको भाव झल्किरहेको थियो।

गम्भीर – गहिराइ थाहा नपाइने, शान्त, धीर

दामासाही – सबैले बराबर गरेर बाँडी लिने वा दिने व्यवस्था, भागबन्डा

कृतज्ञता – कृतज्ञ हुनाको भाव वा अवस्था, खुसीसाथ व्यक्त गरिएको आभार

अभ्यास

१. उत्तर भन :

(क) सुरेशको चाख कतातिर थियो ?

(ख) सुरेशलाई कुन कुरा गर्न उराठ लाग्छ ?

(ग) विजय कसरी खेल्छ ?

(घ) विद्यार्थीले खेलको साथमा के कुरामा ध्यान दिनुपर्छ ?

Curriculum Development Centre

२. ठिक उत्तरमा ठिक (√) चिह्न लगाऊ :

(क) सुरेश कस्तो खेलाडी हो ?

(अ) अराजक (आ) अनुशासित (इ) उत्तेजक

(ख) फुटेको गमलाको मूल्य कति पर्दो रहेछ ?

(अ) दुई सय (आ) तिन सय (इ) पाँच सय

(ग) सुरेशलाई बल हान्न लगाउने को थियो ?

(अ) विजय (आ) चेतन (इ) विमल

(घ) खेलमा संलग्न सबै केटाहरू किन अलप भए ?

(अ) गमला फुटेकाले (आ) झ्याल खसेकाले (इ) कक्षा सुरु भएकाले

३. तलका भनाइ कसले कसलाई किन भनेको हो, लेख :

(क) विद्यार्थीले पढाइको साथमा खेल्नु पनि पर्छ ।

(ख) हिजोको खेलमा विजयले खेलेको खेल सारै राम्रो थियो ।

(ग) हाम्रो फुटबल टिमको त ऊ गर्व हो, गर्व ।

४. तलका प्रश्नहरूको उत्तर लेख :

(क) सुरेशलाई खेलमा जस्तै पढाइमा रुचि नलाग्नुको कारण के हो ?

(ख) विजयलाई किन फुटबल टिमको गर्व भनिएको हो ?

(ग) सुरेशले खेल सिद्धिएको भोलिपल्ट विद्यालयमा के के कुराका बारेमा वर्णन गर्थ्यो ?

(घ) सुरेशको कुन कुरामा सबै विद्यार्थीहरूको सहमति हुन्छ ?

(ङ) सुरेशको अनुहारमा शिक्षक र आफ्ना साथीहरूप्रति किन कृतज्ञताको भाव झल्किरहेको थियो ?

(च) 'एउटा घटना' कथाले कस्तो शिक्षा दिन खोजेको छ ?

५. 'एउटा घटना' कथामा अहिलेका विद्यालय स्तरका विद्यार्थीहरूको कस्तो मनोविज्ञानको विश्लेषण गर्न खोजिएको छ, वर्णन गर ।

६. यस कथामा प्रयोग भएका पात्रहरूमध्ये तिमीलाई सबैभन्दा मन पर्ने पात्र को हो र किन ?

Curriculum Development Centre

७. तिम्रो विद्यालयमा तिमीले कुनै दिन गल्ती गरेको थाहा पाएपछि तिम्रा शिक्षकले तिमीलाई के गर्नुभएको थियो ? घटना विवरणसहित खुलस्त पार ।

८. कहिलेकाहीँ असल मनसायले आफ्नो सिप र क्षमता प्रदर्शन गर्न खोज्दा पनि ठुलो क्षति हुँदो रहेछ । त्यसैले तिम्रो विद्यालयमा खेल खेल्ने साथीहरूलाई कुन कुन सम्भावित घटना घट्नबाट सजग गराउन चाहन्छौ, स्पष्ट पार ।

शब्द भण्डार

९. तलका शब्दको अर्थ लेख :

रुचि, प्रगति, गर्व, भाव, क्षमता

१०. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

अनौठो, बिरलै, शक्ति, सहमति

११. प्र + दर्शन = 'प्रदर्शन' भए जस्तै तल दिइएका शब्दमा 'प्र' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :

हार, कार, योग, चार, कृति, गति

१२. अधि + तिर = 'अधित्तिर' भए जस्तै तल दिइएका शब्दहरूबाट नयाँ शब्द बनाऊ :

तल + तिर =

माथि + तिर =

मुनि + तिर =

उच्चारण र हिज्जे

१३. तलका शब्द शुद्धसँग उच्चारण गर र कापीमा सार :

प्रदर्शन, विजय, गम्भीर, दामासाही, अनुशासित

१४. पाठको दसौँ अनुच्छेद राम्ररी पढ र त्यहाँ प्रयोग भएका ह्रस्व इकार र दीर्घ इकार लागेका पाँच पाँच ओटा शब्दहरू खोजेर लेख ।

१५. 'ब' र 'व' लागेका पाँच पाँच ओटा शब्दहरू पाठबाट खोजेर लेख ।

१६. तल दिइएका शब्दहरू पढ र वर्णको भिन्नताले हुने फरक अर्थ शिक्षकलाई सोधेर बुझ र लेख :

झ्याल, स्याल, ञ्याल, ख्याल

Curriculum Development Centre

१७. तलका शब्दलाई शुद्ध पार :

भोलीपल्ट, बेली विस्तार, केन्द्रीत, कृतग्यता

कार्यमूलक व्याकरण

१८. पढ, बुझ र गर :

(क) विमलले सुरेश**तिर** फर्केर सोध्यो, "तपाईँले हानेको बल कति पर**सम्म** पुग्छ होला, एक**पल्ट** देखाउनुहोस् न ।"

(ख) हामी नदी किनार**तिर** डुल्न जाँदा धेरै बेर**सम्म** खेल्थ्याँ ।

माथिका वाक्यहरूमा प्रयोग भएका गाढा अक्षर भएका शब्द नामयोगी हुन् । यस्ता नामयोगी शब्दहरू पाठमा अरू पनि धेरै छन् । नामयोगी एक्लैको खास अर्थ हुँदैन । यिनीहरू नाम, सर्वनाम, विशेषण र अन्य पदसँग जोडिएर आउने गर्छन् ।

तिर, सम्म, पल्ट, बमोजिम, समेत, बाहेक, अनुसार, तर्फ, सँग, मुनि, माथि जस्ता धेरै नामयोगी शब्दहरू माथिको पाठमा प्रयोग भएका छन् ।

पाठबाट नामयोगी प्रयोग भएका पाँच ओटा वाक्यहरू लेखेर शिक्षकलाई देखाऊ ।

१९. तिर, सम्म, देखि, बाट, सँग, तर्फ जस्ता नामयोगी प्रयोग गरेर वाक्यहरू बनाऊ ।

२०. तलको उदाहरण हेरी वाक्यमा आएका गाढा अक्षर भएका शब्द राम्ररी पढ र पाठमा सर्वनाम शब्दहरू प्रयोग भएका पाँच ओटा वाक्यहरू टिप ।

उदाहरण :

गुरुले प्रसन्न भएर भन्नुभयो, "मलाई थाहा छ । सुरेश एउटा राम्रो खेलाडी हो, त्यसैले **ऊ** अनुशासित छ । **तिमी**ले सकाऱ्यौ, **मलाई** खुसी लाग्यो ।"

सिर्जनात्मक अभ्यास

२१. तिमीले सुनेको कथाको आधारमा कम्तीमा दस ओटा बुँदाहरू टिप र छुट्टै शीर्षक राखेर एउटा कथा तयार पार ।

२२. तिम्रा अभिभावकलाई सोधी एउटा कथा तयार पार र कक्षामा साथीलाई सुनाऊ ।

Curriculum Development Centre

पाठ : ११

दाजुलाई चिठी

विन्ध्यवासिनी, पोखरा

मिति : २०७१/०९/०८

आदरणीय दाजु,

सादर प्रणाम !

कुशल रही कुशलताको कामना गर्छु। दाजु, तपाइँले पठाएको पत्र मैले हिजो मात्र प्राप्त गरँ। निकै खुसी लाग्यो तर तपाइँले विदेशमै बस्ने निर्णय गर्नुभएछ। यसले हामी सबैलाई स्तब्ध तुल्यायो।

दाजु तपाइँले घर छाडेको लामो समय भइसकेको छ। घरमा बुढा भएका आमाबुबा कति बेला छोरो फर्केला भनेर तपाइँकै प्रतीक्षामा हुनुहुन्छ। तपाइँमाथि बुबाआमाको ठुलो **भरोसा** छ। तपाइँले नै सानी बहिनी र मलाई पनि सुन्दर भविष्यको बाटामा डोऱ्याउनु छ। यो घर राम्ररी सम्हाल्ने **दायित्व** पनि तपाइँको काँधमा छ।

यस विषयमा एक पटक तपाइँले घरमा कसैसँग सल्लाह गर्नुभएन। तपाइँको यो निर्णय हामी कसैलाई पनि मन परेको छैन। काम र मामका लागि विदेशमै बस्नुपर्छ भन्ने छैन। यही देशमा बसेर पनि धेरैले धन र सम्मान कमाएका छन्। तपाइँसँगै पढेकी सुम्निमा दिदी आफ्नै गाउँको विद्यालयमा प्रधानाध्यापक भएर शिक्षाको उज्यालो छर्दै हुनुहुन्छ। त्यस्तै तपाइँकै साथी गोविन्द, डोल्मा, मनोज र आर्य पनि आफ्नै गाउँमा पौरख गरेर बाँच्नुभएको छ। उहाँहरूले आधुनिक ढङ्गले फलफुल र तरकारी खेती गरेर धन कमाउनुभएको छ। कमल दाइले गाउँमै कफी उद्योग खोल्नुभएको छ। अहिले त सरकारले पनि बेरोजगार युवाहरूलाई लक्षित गरेर **स्वरोजगार** कार्यक्रम ल्याएको छ। मौरी पालन र फलफुल खेतीबाट धेरै युवा युवतीहरूले राम्रो आम्दानी गरेका छन्। सरकारले पनि स्वदेशमै बसेर केही गर्न चाहने युवा युवतीहरूलाई सस्तो व्याजमा ऋण दिने व्यवस्था मिलाएको छ।

भरोसा – विश्वास, आड

दायित्व – जिम्मेवारी, कर्तव्य

स्वरोजगार – आफ्नै काम, आफैँले केही गर्न सक्ने

हरेक नेपालीले आफ्नै देशमा बसेर श्रम र पसिना बगाएमा देशको उन्नति सम्भव छ। देशका लागि तपाईँ जस्ता धेरै प्रतिभाहरूको खाँचो छ। तपाईँ त्यहाँ बसेर 'कृषि क्षेत्रको आधुनिकीकरण' विषयमा जुन ज्ञान प्राप्त गर्नुभएको छ, त्यसले यो देशको **मुहार** फेर्न सकिन्छ। आफूले सिकेको सिप आफ्नै देशको उन्नतिका निम्ति खर्च गर्नुपर्छ। यो असल नागरिकको कर्तव्य पनि हो। अतः देशप्रतिको आफ्नो जिम्मेवारीलाई अवश्य पुरा गर्नुहुने छ भन्ने कुरामा म आशावादी छु।

अन्त्यमा, 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' अर्थात् आफूलाई जन्म दिने आमा र जन्मभूमि सबैभन्दा ठुला हुन्छन्। यस मन्त्रलाई स्मरण गर्दै **शीघ्रातिशीघ्र** स्वदेशमै फर्किनुहुने छ भन्ने विश्वासका साथ यो पत्रबाट बिदा हुन चाहन्छु। अहिलेलाई यत्ति नै।

तपाईँको प्यारो भाइ

शोभाकर गुरुङ

खामको नमुना



मुहार - अनुहार

शीघ्रातिशीघ्र - जतिसक्दो चाँडो, छिटोभन्दा छिटो

अभ्यास

१. पाठको चिठी पालैपालो पढ।

२. उत्तर भन :

(क) यो चिठी कसले कसलाई लेखेको हो ?

(ख) कुन कुराले सबैलाई स्तब्ध तुल्यायो ?

Curriculum Development Centre

(ग) प्रभाकरले कुन विषयमा ज्ञान हासिल गरेका छन् ?

(घ) सुम्निमा दिदी के गर्दै हुनुहुन्छ ?

(ङ) असल नागरिकको कर्तव्य के हो ?

३. ठिक उत्तर छानेर लेख :

(क) आमाबुबाको भरोसा कसमाथि छ ?

(अ) शोभाकर (आ) प्रभाकर (इ) दिवाकर

(ख) प्रभाकर अमेरिकाको कुन ठाउँमा बस्दै छन् ?

(अ) वासिङ्टन (आ) जर्ज टाउन (इ) न्युयोर्क

(ग) गाउँमा कसले कफी उद्योग खोलिसकेका छन् ?

(अ) कान्छा दाइ (आ) कमल दाइ (इ) सुबोध दाइ

(घ) शोभाकर कहाँ बस्दै छन् ?

(अ) पोखरा (आ) विराटनगर (इ) डोल्पा

४. तलका प्रश्नको उत्तर लेख :

(क) गाउँघरमा ककसले के के गरेर धन कमाएका छन् ?

(ख) देशलाई किन प्रभाकर जस्ता प्रतिभाहरूको आवश्यकता छ ?

५. चिठीमा किन 'आफूलाई जन्म दिने आमा र जन्मभूमि सबैभन्दा ठुला हुन्छन्' भनिएको होला, आफ्नो विचार प्रस्तुत गर ।

६. 'दाजुलाई चिठी' पाठ पढेपछि प्रत्युत्तर दिँदै भाइलाई एउटा चिठी लेख ।

७. आफ्नो विद्यालयले आयोजना गरेको कुनै कार्यक्रमको वर्णन गरी आफ्नो साथीलाई एउटा चिठी लेख ।

शब्द भण्डार

८. तलका शब्दको अर्थ लेख :

प्रतीक्षा, भविष्य, शीघ्रातिशीघ्र, प्रतिभा, कर्तव्य

Curriculum Development Centre

९. उदाहरण हेरी तल दिइएका अनेकार्थी शब्दहरूको फरक अर्थ बुझ र वाक्यमा प्रयोग गर :

जस्तै : पत्र – चिठी = रविले दाजुलाई पत्र लेख्यो ।

पत्र – पाना = रविनाले किताबका पत्र पल्टाइन् ।

तर, फुल, पुरा, मान, फल, कर, अर्थ, कल, ताल

उच्चारण र हिज्जे

१०. तलका शब्दहरू शुद्धसँग उच्चारण गर :

कुशलता, सुन्दर, तरकारी, प्रधानाध्यापक, श्रम

११. पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुन र लेख ।

कार्यमूलक व्याकरण

१२. तलका वाक्यमा गाढा अक्षरमा भएका शब्द पढ र बुझ :

यो घर **राम्ररी** सम्हाल्ने दायित्व पनि तपाईँकै काँधमा छ ।

अहिले त सरकारले पनि बेरोजगार युवाहरूलाई लक्षित **गरेर** स्वरोजगार कार्यक्रम ल्याएको छ ।

माथिका वाक्यमा गाढा अक्षरमा आएका 'राम्ररी, अहिले, गरेर' जस्ता शब्दहरू क्रिया विशेषण हुन् । क्रिया विशेषणलाई क्रियायोगी पनि भनिन्छ । वाक्यमा क्रियापदको विशेषता जनाउन आउने शब्दलाई क्रिया विशेषण भनिन्छ । क्रिया विशेषणले क्रियाको समय, स्थान, तरिका, कारण आदि बुझाउँछन्, जस्तै :

कहिले	हिजो, आज, भोलि, अहिले, पहिले, अब ...
कहाँ	तल, माथि, भित्र, बाहिर, वारि, पारि ...
कसरी	राम्ररी, ढकमक्क, झिलिमिली, चिटिक्क, गरेर, पढेर ...
किन	पढ्न, गरेकाले, खान, लेख्न ...
कति	धेरै, थोरै ...

Curriculum Development Centre

१३. पाठमा प्रयोग भएका कम्तीमा पाँच ओटा क्रिया विशेषण शब्द टिपेर वाक्यमा प्रयोग गर ।

१४. पाठमा प्रयोग भएका नामयोगी, संयोजक र निपात टिप ।

१५. रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याऊ :

(क) परिश्रमी किसानले सधैँ परिश्रम गर्छ र यस धर्तीमा आफू बाँचेर अरूलाई पनि बचाउँछ ।

(ख) मौरी पालन र फलफुल खेतीबाट धेरै युवा युवतीहरूले राम्रो आम्दानी गरेका छन् ।

सिर्जनात्मक अभ्यास

१६. पढ, बुझ र गर :

निमन्त्रणा

श्री ..... ज्यू

यस विद्यालयको पन्ध्रौँ वार्षिकोत्सवका अवसरमा विविध सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण कार्यक्रमको आयोजना गरिएको हुनाले उक्त कार्यक्रममा उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछौँ ।

स्थान : विद्यालयको प्राङ्गण
समय : ठिक १०:०० बजे
मिति : २०७१/१०/१५

प्रार्थी
दोमाकान्त यादव
प्रधानाध्यापक
तथा
मिथिला उच्च माध्यमिक विद्यालय परिवार
जनकपुर धाम

माथिको जस्तै गरी विद्यालयले आयोजना गरेको खेलकुद तथा पुरस्कार वितरण समारोहमा उपस्थितिका लागि पठाइने निमन्त्रणा पत्रको नमुना तयार गर ।

१७. आफूले जाडो बिदाको छुट्टीमा गरेको कुनै रमणीय ठाउँको वर्णन गरी आफ्ना साथीलाई चिठी लेख ।

Curriculum Development Centre

पाठ : १२

मेरो घर

– प्रभा भट्टराई

यो मेरो घर, छानामा **खर,** ढुङ्गाको आँगन
मन छ ठुलो दिएरै पुग्छ पर्दैन मागन ।
घामले दिन्छ मायालु न्यानो जूनले शीतल
मायाले भिजी रसिलो सधैँ मेरो यो **भूतल** ॥

फरिया चोली लाएका चेली, छन् मेरा **सहेली**
धान र गहुँ जत्तिकै खेल्छन्, खेतमा बयेली ।
मारुनी, **घाटु, सोरठी, सेलो**, सवाई, दोहोरी
मान्दैन मन, आनन्दसँग नखेली, नहेरी ॥

मन्दिर, **गुम्बा, मस्जिद**, चर्च, सबैमा छरिन्छु
पोल्टामा दिन्छन् सबैले माया, यत्तिकै भरिन्छु ।
तिहार, दसैँ, छठ र इद, **माघी** र **ल्होसार**
साथी छन् धेरै, रमाइलो गर्दै, मनाउँछु चहाड ॥

खर – घर, गोठ छाउन प्रयोग गरिने लामा लामा मसिना सिन्के पात हुने एक प्रकारको घाँस
भूतल – भूमि, पृथ्वीको बाहिरी भाग, तह
सहेली – साथी, सँगिनी
मारुनी – महिलाको भेषमा नाच्ने र गाउने पुरुष
घाटु – कुमारी युवतीहरूले गीत गाएर हाउभाउसहित नाचिने पुराना कथामा आधारित गुरुङ जातिको लोकनृत्य
सोरठी – गुरुङ, मगर आदि जातिमा प्रचलित गीति नाच
सेलो – भोटे, तामाङ, शेर्पा जातिको प्रसिद्ध लोकगीत
गुम्बा – बुद्ध धर्मको देवालय, ध्यान उपासना गर्ने केन्द्र
मस्जिद – इस्लाम धर्म मान्नेहरूले प्रार्थना गर्ने घर
माघी – थारु जातिले माघे सङ्क्रान्तिका दिन नव वर्षको रूपमा मनाउने प्रसिद्ध चाड
ल्होसार – तामाङ, शेर्पा, गुरुङ आदि जातिले नयाँ वर्षका रूपमा मनाउने प्रसिद्ध चाड

Curriculum Development Centre

सबैको माया लागेर होला, फुलेको हिमाल
रसाई बग्छन् खोला र नाला, रसिलो नेपाल ।
गाउँछन् खोला, नाच्दछन् रुख, बोल्दछन् पहाड
सबैले दिन्छन् सबैको साथ, गर्दैनन् डहाड ॥

हिउँद, वर्षा, बिहान, साँझ, खटिन्छु हाँसेर
माटाको गर्छु **अर्चना** मिठो, सम्बन्ध गाँसेर ।
म मिहिनेती, म **कर्मवीर,** धर्तीको सन्तान
उमारी अन्न जहान पाल्छु, भन्दछन् किसान ॥

अर्चना – पूजा

कर्मवीर – सधैँ काममा खट्ने, निःस्वार्थ रूपले कर्तव्य पालनमा अटल रहने

अभ्यास

१. 'मेरो घर' कविता कक्षामा शिक्षकले पढेको सुन र सामूहिक रूपमा लय हालेर पढ ।

२. उत्तर भन :

(क) किसानको घर कस्तो छ ?

(ख) किसानका सहेलीहरू कस्ता छन् ?

(ग) किसान कहाँ छरिन्छन् ?

(घ) किसानले जहान कसरी पाल्छन् ?

३. उदाहरण हेरी पाठको दोस्रो श्लोकलाई वाक्यमा मिलाएर लेख :

उदाहरण : फरिया चोली लाएका चेली, छन् मेरा सहेली

फरिया चोली लाएका चेली मेरा सहेली छन् ।

Curriculum Development Centre

४. तलका प्रश्नको उत्तर लेख :

(क) भूतललाई कुन रूपमा प्रस्तुत गरिएको छ ?

(ख) नेपालको धार्मिक सहिष्णुतालाई कसरी प्रस्तुत गरिएको छ ?

(ग) नेपालको प्रकृति चित्रण कसरी गरिएको छ ?

(घ) किसानलाई किन धर्तीको कर्मवीर सन्तान भनिएको हो ?

(ङ) कविताको मुख्य भाव के हो ?

५. माथिको पाठ हेरी कविता पुरा गर :

सबैको माया ..... हिमाल

रसाई बग्छन् ..... नेपाल

६. व्याख्या गर :

(क) मन्दिर, गुम्बा, मस्जिद, चर्च, सबैमा छरिन्छु
पोल्टामा दिन्छन् सबैले माया, यत्तिकै भरिन्छु ।
तिहार, दसैँ, छठ र इद, माघी र ल्होसार
साथी छन् धेरै, रमाइलो गर्दै, मनाउँछु चहाड ॥

(ख) हिउँद वर्षा, बिहान, साँझ, खटिन्छु हाँसेर
माटाको गर्छु अर्चना मिठो, सम्बन्ध गाँसेर ।
म मिहिनेती, म कर्मवीर, धर्तीको सन्तान
उमारी अन्न जहान पाल्छु, भन्दछन् किसान ॥

शब्द भण्डार

७. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

भूतल	कर्मवीर	अर्चना	सहेली	
पूजा	पृथ्वीको बाहिरी भाग	सधैँ काममा खट्ने	माया	साथी

८. तलका शब्दको अर्थ लेख :

माघी, छठ, मारुनी, खर, धर्ती

Curriculum Development Centre

९. वाक्यमा प्रयोग गर :

हिमाल, बिहान, आनन्द, पहाड, तिहार

१०. पाठबाट चन्द्रबिन्दु लागेका पाँच ओटा शब्द खोजेर लेख ।

उच्चारण र हिज्जे

११. शुद्धसँग उच्चारण गर र कापीमा सार :

ढुङ्गा, शीतल, मस्जिद, पोल्टो, ल्होसार

१२. पाठबाट चोली, चेली जस्ता शब्दको अन्त्यमा दीर्घ इकार लागेका शब्दहरू खोजेर कापीमा लेख ।

१३. कविताको तेस्रो श्लोक शिक्षकबाट सुनेर लेख ।

कार्यमूलक व्याकरण

१४. पाठबाट तिन तिन ओटा नाम र विशेषण शब्द खोजी वाक्यमा प्रयोग गर ।

१५. पाठबाट करण र अकरण क्रियापद टिपी एक अर्कामा बदल ।

१६. दिइएका कवितामा रेखाङ्कित शब्दहरूको पदवर्ग छुट्याऊ :

(क) घामले दिन्छ मायालु न्यानो, जूनले शीतल
मायाले भिजी रसिलो सधैँ, मेरो यो भूतल ॥

(ख) म मिहिनेती, म कर्मवीर, धर्तीको सन्तान
उमारी अन्न जहान पाल्छु, भन्दछन् किसान ॥

सिर्जनात्मक अभ्यास

१७. तल दिइएका शब्दहरूमध्ये उपयुक्त शब्द छानेर खाली ठाउँ भर :

आनन्द, कान्ति, मुसुक्क, केही, राम्रो, पौरख, आएर

नेपाल हाम्रो छ झनै ..... विश्वका माझमा
चन्द्रले ..... छर्दछन्, यहाँ ..... साँझमा ।
नेपाली ठिटो ..... हाँसी ..... गरौँ भन्दछ
पुर्खाको ..... सम्झेर यहाँ ..... मान्दछ ॥

१८. तिमीलाई मन पर्ने विषयमा कुनै कविता लेखेर भित्ते पत्रिकामा टाँस ।

Curriculum Development Centre

पाठ : १३

विज्ञान अभिशाप नभई वरदान

(आज शुक्रबारको दिन हो । हरेक शुक्रबार कैलालीको धनगढीमा अवस्थित तिलनगर उच्च माध्यमिक विद्यालयमा अतिरिक्ति कार्यक्रमको आयोजना गरिन्छ । विद्यालयको वार्षिक कार्य तालिकाअनुसार आज कक्षा आठका विद्यार्थीहरूले वाद विवाद प्रतियोगिता सञ्चालन गर्दै छन् । विद्यालयको आँगन रङ्गीचङ्गी ध्वजा पताकाहरूले सिँगारिएको छ । एउटा ठुलो तुलमा 'वाद विवाद प्रतियोगिता' लेखेर टाँगिएको छ । कार्यक्रममा सभाध्यक्षको आसन ग्रहण विद्यालयकै प्रधानाध्यापकले गर्नुभएको छ । विद्यालयका सबै शिक्षक र अतिथिहरूले आफ्नो आसन ग्रहण गरिसक्नुभएको छ । तिन सदस्यीय निर्णायक मण्डल र समय पालकलाई दर्शकको अघिल्लो पङ्क्तिमा राखिएको छ । मञ्चको अगाडिपट्टि सबै विद्यार्थीहरू अत्यन्तै उत्साहित मुद्रामा छन् । कार्यक्रम सुरु हुनै आँटेको छ । कार्यक्रमको सञ्चालन कक्षा आठकै छात्रा आस्तिका महर्जनले गर्दै छिन् ।)

कार्यक्रम उद्घोषक

आदरणीय सभाध्यक्ष, अतिथि महानुभावहरू, **निर्णायक मण्डल,** गुरुहरू एवम् मेरा प्यारा साथीहरू !

आजको वाद विवाद प्रतियोगिताको विषय 'विज्ञान **अभिशाप** नभई **वरदान'** हो । आजको यस प्रतियोगितामा कक्षा आठकै विद्यार्थी सीमा खान र गोपाल बुढामगरले विषयको पक्षमा तथा मोनिका बुढाथोकी तथा आशाराम थारुले विषयको विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्दै छन् । कार्यक्रम सुरु हुनुअघि प्रतियोगितामा सहभागी प्रतियोगीहरूले पालना गर्नुपर्ने केही नियमहरू सुनाउँछु :

१. प्रत्येक वक्तालाई पाँच मिनेटको समय दिइने छ । चार मिनेट पुग्नासाथ जनाउ घन्टी बज्ने छ । अन्तिम घन्टी बजेपछि वक्ताले आफ्नो भनाइ टुङ्ग्याउनुपर्ने छ ।

२. प्रतियोगीहरूले आफ्ना विचारहरू अत्यन्तै शिष्ट र सभ्य भाषामा राख्नुपर्ने छ ।

३. कुनै व्यक्ति, जाति, वर्ग, लिङ्ग र सम्प्रदायमाथि **आक्षेप** लगाएर बोल्न पाइने छैन ।

४. कुनै पनि प्रकारको लिखित कागज वा टिपोट हेरेर बोल्न पाइने छैन ।

५. निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

अब म 'विज्ञान अभिशाप नभई वरदान' भन्ने विषयको पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्न सीमा खानलाई मञ्चमा आमन्त्रण गर्दछु ।

(सीमा खान मञ्चमा जान्छिन् र बोल्न थाल्छिन् ।)

सीमा खान

आदरणीय सभाध्यक्ष, अतिथि महानुभावहरू, निर्णायक मण्डल, गुरुहरू तथा मेरा सहपाठी साथीहरू !

निर्णायक मण्डल – निर्णय गर्ने व्यक्तिहरूको समूह

अभिशाप – हानि नोक्सानी, सराप

वरदान – इच्छा गरिएको वस्तुको प्राप्ति, वर, आशीर्वाद

आक्षेप – आरोप, गाली, दोष

Curriculum Development Centre

आजको यस वाद विवाद प्रतियोगितामा म 'विज्ञान अभिशाप नभई वरदान' भन्ने विषयको पक्षमा बोल्दै छु । आजको युग विज्ञान र कम्प्युटरको युग हो । विज्ञानकै कारण अहिलेको युग सुविधा सम्पन्न हुन पुगेको छ । ढुङ्गे युगबाट अगाडि बढेको मानिस आज **अन्तरिक्ष**मा मानव बस्ती बसाउने तयारीमा छ । प्राचीन युगको मानिस बर्से भेललाई पार गर्न नसकेर नदीको पारिपट्टि टुलुटुलु हेरिरहन्थ्यो । आधुनिक युगमा आइपुग्दा पानी जहाजको आविष्कार गरी सामुद्रिक यात्रामा तल्लीन छ । विज्ञानले आविष्कार गरेका रेल, मोटर, कार, पानी जहाज, हवाईजहाज जस्ता यातायातका साधनले मानवको जीवनमा ठुलो परिर्वतन आएको छ । जल, **थल** र **नभ**मा समेत आजको मानिसले विजय प्राप्त गरेको छ । मानव जीवनलाई विपन्नताबाट सम्पन्नतातिर र अँध्यारो युगबाट उज्यालो भविष्यतिर डोऱ्याउने काम विज्ञानले नै गरेको छ । मानवका निम्ति अज्ञात र असम्भव जस्ता देखिएका कुराहरू विज्ञानकै कारण सहज र सम्भव भएका छन् । मानवका निम्ति अत्यन्तै खतरनाक देखिएका **बिफर, प्लेग** र **हैजा** जस्ता **प्राण घातक** रोगहरूलाई विज्ञानले नियन्त्रणमा लिएको छ । संसारमा देखा परेका धेरै रोगको औषधी पत्ता लगाएर मृत्युको मुखबाट मानिसलाई बचाएको छ । (जनाउ घन्टी बज्छ ।)

यन्त्र मानवको आविष्कार गरेपछि मानिसका लागि कठिन मानिएका कामहरूसमेत सहज ढङ्गले सम्पन्न हुन थालेको छ । मानवका निम्ति विज्ञान वरदान सावित भएको छ । त्यसैले मेरो विचारमा आजको विज्ञानलाई अभिशाप भन्नु दिउँसै आँखा बन्द गरेर अँध्याराको अभिनय गर्नु मात्रै हो । अतः विज्ञान कहिल्यै अभिशाप हुन सक्दैन । यो मानव सभ्यताको वरदान हो भन्ने कुरामा जोड दिँदै आफ्नो भनाइ टुङ्ग्याउन चाहन्छु । धन्यवाद । (जोडदार ताली बज्छ ।)

उद्घोषक

म सीमा खानलाई धन्यवाद दिँदै विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्न मोनिका बुढाथोकीलाई यस मञ्चमा निम्त्याउँछु ।

अन्तरिक्ष – पृथ्वी र ग्रह, नक्ष आदिको बिचको खाली भाग, आकाश

थल – पानीबाहेकको पृथ्वीको भूभाग, जमिन

नभ – आकाश, गगन

बिफर – ज्वरोका साथसाथै शरीरभरि फोका फोका भएर खटिरा आउने र ज्यानसमेत लिने प्राण घातक रोग

प्लेग – उपियाँ, मुसा आदिबाट मानिसमा फैलिएर शरीरका खुट्टा जोर्नी, काखी आदिमा डल्लो निस्कने र त्यसको पीडाले जरो आई मृत्युसमेत हुने रोग

हैजा – लगातार वा तारन्तार दिसा र बान्ता भइरहने एक सरुवा रोग, कलेरा

प्राण घातक – प्राण लिने, ज्यान मार्ने, ज्यानमारा

Curriculum Development Centre

मोनिका बुढाथोकी

आदरणीय सभाध्यक्ष, अतिथिहरू, सम्मानित गुरुहरू, निर्णायक मण्डल एवम् मेरा मित्रहरू !

आजको वाद विवाद प्रतियोगितामा म विषयको विपक्षमा बोल्दै छु । हामी सबैलाई थाहा छ । आजको मानव हत्या, हिंसा, भय र आतङ्कले त्रसित छ । आधुनिक विज्ञानले आविष्कार गरेका हात हतियारका कारण मानवको जीवन सङ्कटमा परेको छ । साँझ खाना खाएर सुतेको मानिस भोलि बिहानको सूर्योदय हेर्न पाइन्छ कि पाइँदैन भनेर सशङ्कित छ । हरेक दिन कहीँ न कहीँ गोली चलेको, बम वर्षा भएको खबर सुन्नुपरेको छ । पहिलो विश्वयुद्ध र दोस्रो विश्वयुद्धले संसारमा नरसंहार मच्चाइसकेका छन् । दोस्रो विश्वयुद्धमा अमेरिकाले छाडेका परमाणु बमले जापानका सुन्दर सहर हिरोसिमा र नागासाकी ध्वस्त भए । लाखौँ मानिसले अनाहकमा ज्यान गुमाए । त्यस कहाली लाग्दो आक्रमणमा युद्धको घाउ बोकेर बाँचेका व्यक्तिहरूका सन्ततिहरू अहिलेसम्म पीडाले छटपटाइरहेका छन् । संसारको खुसी खोस्न र सुन्दर धर्तीलाई ध्वस्त पार्न विज्ञानले आविष्कार गरेका शस्त्रअस्त्रहरू प्रयोग भएका छन् । अतः आधुनिक विज्ञान आज मानवका निम्ति अभिशाप सिद्ध भइसकेको छ । विज्ञानले विकास र निर्माण होइन, विपत्ति र **ध्वंस** निम्त्याएको छ । यति हुँदाहुँदै पनि मेरा विपक्षी मित्रले आधुनिक विज्ञानका उपलब्धिको निकै प्रशंसा गर्नुभयो । उहाँले जल, थल, नभमा समेत आधुनिक विज्ञानले विजय प्राप्त गरेका **कपोल कल्पित** तर्कहरू प्रस्तुत गर्नुभयो । सायद म जस्तै यहाँहरू पनि उहाँका विचारसित सहमत हुनुहुन्न होला । उहाँले भने जस्तै आज विज्ञान त्यति शक्तिशाली भएको भए आजको मानिसलाई किन रोग, भोक र शोकले सताएको छ ? बाढी, पहिरो, हुरी, बतास, दैवी विपत्ति, ज्वालामुखी र भूकम्पले किन मानव मनलाई तड्पाएका छन् ? अतिवृष्टि, अनावृष्टिले किन मानव मनलाई तर्साएका छन् ? क्यान्सर र एड्स जस्ता खतरनाक रोगहरू किन देखा परेका छन् ? उहाँसँग यसको तर्कसङ्गत जवाफ छ ? अवश्य छैन । (जनाउ घन्टी बज्छ ।)

यति मात्र होइन, मेरा पूर्ववक्ता मित्रले आधुनिक विज्ञानले आविष्कार गरेको यन्त्र मानवलाई निकै ठुलो वरदान ठान्नुभयो । के यन्त्र मानवको प्रयोगले मानव जीवनमा देखा पर्ने अकल्पनीय परिणामको बारेमा उहाँले सोच्नुभएको छ ? अवश्य छैन । यन्त्र मानवको अत्यधिक प्रयोगले भविष्यमा धेरै मानिसहरू बेरोजगार हुने छन् । भोकमरीको समस्या देखा पर्ने छ र मानवको

ध्वंस – विनाश

कपोल कल्पित – आधारहीन, काल्पनिक

अस्तित्वसमेत सङ्कटमा पर्ने छ । त्यसैले यो वरदान नभएर अभिशाप नै हो भन्ने कुरामा जोड दिँदै यहाँबाट बिदा हुन्छु । (घन्टी बज्छ ।) धन्यवाद ।

उद्घोषक

मोनिका बुढाथोकीलाई धन्यवाद दिँदै अब म अर्का प्रतियोगी गोपाल बुढामगरलाई निम्त्याउँछु । उहाँ 'विज्ञान अभिशाप नभई वरदान हो' भन्ने विषयको पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्दै हुनुहुन्छ ।

गोपाल बुढामगर

श्रद्धेय सभाध्यक्ष महोदय, अतिथि महानुभावहरू, निर्णायक मण्डल एवम् मेरा प्यारा साथीहरू !

आजको यस वाद विवाद प्रतियोगितामा म विषयको पक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्दै छु । हामी सबैलाई थाहा छ, आधुनिक विज्ञानले आविष्कार गरेका रेडियो, टेलिफोन, टेलिभिजन, मोबाइल विज्ञानका वरदान सावित भएका छन् । कम्प्युटर र इन्टरनेटले आजको मानव जीवनलाई निकै सहज तुल्याएका छन् । विज्ञान मानिसको अभिन्न अङ्ग बनेको छ र विज्ञानका उपलब्धिबिनाको मानव जीवन आज प्रायः असम्भव भइसकेको छ । सञ्चारको क्षेत्रमा आधुनिक विज्ञानले गरेको प्रगतिले संसार निकै साँघुरो बनिसकेको छ । एउटा घरको सानो कोठामा बसेर हामी संसारको अवलोकन गर्न सक्ने भएका छौँ । आज संसारका कुना कुनामा घटेका घटनालाई घरमै बसी बसी हेर्न र सुन्न सकिन्छ । संसारका कुनै पनि कुनामा आफन्तसँग तुरुन्तै कुरा गर्न सकिन्छ । शिक्षा, स्वास्थ्य, कृषि, उद्योग र यातायातका क्षेत्रमा पनि ठुलो परिवर्तन आएको छ । हलो, कुटो र कोदालाको ठाउँ ट्याक्टरले लिएको छ । किसानले कैयौँ दिन पसिना बगाउनुपर्ने खेतलाई ट्याक्टरले केही क्षणमा जोत्न र सम्याउन सक्छ । क्यान्सर र एड्स जस्ता कैयौँ रोगको निदानका लागि अनुसन्धानहरू भइरहेका छन् । औद्योगिक क्षेत्रमा आएको परिवर्तनले नयाँ नयाँ सामानहरू उत्पादन भएका छन् । बेरोजगारीको समस्यामा कमी आएको छ । विद्युत् ऊर्जाले मानवको जीवनलाई थप सुविधा सम्पन्न बनाएको छ । यति हुँदाहुँदै पनि मेरा पूर्ववक्ता मित्रले आधुनिक विज्ञानका उपलब्धिप्रति आँखा चिम्लेर विज्ञानलाई अभिशाप भन्नुभयो । उहाँले आधुनिक विज्ञानलाई विपत्ति र ध्वंसको संज्ञा दिनुभयो । म उहाँका ती **मन गढन्ते** तर्कहरूसँग सहमत हुन सक्दिनँ । हरेक कुराका सकारात्मक र नकारात्मक पक्ष हुन्छन् । आखिर मानिसले माल पाएर चाल पनि त पाउनुपर्छ । यो त मानवमा देखा परेको दानवीय प्रवृत्ति होइन र ? अपराधीलाई तह लगाएर न्याय र शान्ति स्थापना गर्न आविष्कार गरिएका हात हतियार दुष्टका सहारा बन्न दिने समाज दोषी हो कि विज्ञान ? यसबारेमा राम्ररी विचार पुऱ्याउन आवश्यक छ । (जनाउ घन्टी बज्छ ।)

मन गढन्ते – मनले सोचेको

मित्र ! निदाएको व्यक्तिलाई उठाउन सकिन्छ तर निदाएको नाटक गर्नेलाई उठाउन सकिँदैन । मेरा पूर्ववक्ता मित्र घरमा राइस कुकरमा पकाएको खाना खानुहुन्छ । विज्ञानले आविष्कार गरेको गाडी चढेर विद्यालय आउनुहुन्छ । विद्यालयमा विज्ञानले आविष्कार गरेको माइक्रोफोन समाएर भन्दै हुनुहुन्छ विज्ञान अभिशाप हो । के उहाँको यो भनाइमा सत्यता छ ? अवश्य छैन । त्यसैले मानव सभ्यताको विकासमा नयाँ उचाइ थप्ने विज्ञान अभिशाप नभई वरदान हो भन्ने कुरामा जोड दिंदै आफ्नो भनाइ यहीँ टुङ्ग्याउँछु । धन्यवाद । (ताली बज्छ ।)

उद्घोषक

गोपाल बुढामगरलाई धन्यवाद दिंदै अब म विषयको विपक्षमा आफ्ना विचारहरू प्रस्तुत गरिदिनुहुन आशाराम थारुलाई यस मञ्चमा निम्त्याउँछु ।

आशाराम थारु

सभाध्यक्ष, अतिथिहरू, निर्णायक मण्डल, गुरुवर्ग एवम् मेरा प्यारा साथीहरू !

आज म विज्ञान अभिशाप नभई वरदान विषयको विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर्दै छु । आज विज्ञानकै कारण मानव जीवन असहज, जटिल र यान्त्रिक बन्दै गएको छ । मानवीय मूल्य र मान्यताहरू समाप्त हुँदै गएका छन् । विज्ञानले आविष्कार गरेका हात हतियारको सन्त्रास मात्र होइन, प्राकृतिक सुन्दरता समेत आज नास हुँदै छ । कल कारखानाको धुवाँले वातावरण प्रदूषित बनेको छ । आणविक शस्त्रास्त्रको उत्पादन, परीक्षण र प्रयोगले माटाको उर्वरा शक्ति नष्ट हुँदै गएको छ । उत्पादनमा कमी आउन थालेको छ र विश्वका मानवमा अभाव, गरिबी र तनाव बढ्दै गएको छ । मानिसले विज्ञानले आविष्कार गरेका हतियारको आडमा ध्वंसको बाटो लिएको छ र मानवता हराएको छ । हतियारको **उन्माद**ले मानिसमा दुर्भावना बढ्दा मानवताका पर्खालहरू गर्ल्यामगुर्लुम ढल्न थालेका छन् । एउटा रोगको निदानका लागि रासायनिक औषधी प्रयोग गर्दा अर्कै खालका धेरै रोगहरू देखा परेका छन् । मानिसको जीवन एकपछि अर्को गर्दै अझै सङ्कटको भुमरीमा फस्दै गएको छ । वैज्ञानिक आविष्कार, औद्योगिकीकरणको विस्तार, अत्यधिक रूपमा यातायातका साधनले फाल्ने धुवाँ आदिले वातावरण प्रदूषित भएको छ । यसले गर्दा ओजोन तहमा प्वाल परी सूर्यका किरणहरू सोझै पृथ्वीमा आउने सम्भावना छ । यसले तापीय प्रदूषण बढ्न सक्छ र वातावरणीय परिवर्तनका साथमा सम्पूर्ण प्राणीको अस्तित्व सङ्कटमा पर्न सक्छ । त्यसैले आधुनिक विज्ञान मानवका लागि अभिशाप सिद्ध भइसकेको छ ।

उन्माद – मात्तिएर जे मन लाग्यो त्यही गर्ने वा बोल्ने काम, बहुलठ्ठीपन

मेरा विपक्षी मित्रले विज्ञानलाई वरदानका रूपमा सावित गर्न खोज्नुभयो । विज्ञानका केही सकारात्मक पक्ष हुन सक्छन् । त्यसलाई म नकार्न सक्दिनँ तापनि उहाँले विज्ञानको आविष्कार कम्प्युटर र इन्टरनेटलाई जुन महत्त्व दिनुभयो, त्यसमा म सहमत हुन सक्दिनँ । आज इन्टरनेटबाट महत्त्वपूर्ण सूचनाहरूको चुहावट हुँदा व्यापारका क्षेत्रमा समस्या देखा परेका छन् । प्रविधिहरू चोरी भएका छन् । गोपनीयता भङ्ग भएको छ र यसले ठुलो समस्या निम्त्याएको छ । (जनाउ घन्टी बज्छ ।)

अपराधीहरूले यसको दुरुपयोग गर्दा साङ्गठनिक अपराधका घटनाहरू बढ्न सक्छन् । यसले कैयौँ व्यक्तिको जीवन खतरामा पर्न सक्छ । त्यसैले विज्ञान वरदान नभई अभिशाप हो भन्ने कुरामा जोड दिँदै म यहाँबाट बिदा हुन्छु । धन्यवाद । (ताली बज्छ ।)

उद्घोषक

धन्यवाद, आशाराम थारुलाई । अब म आजको वाद विवाद प्रतियोगितामा वक्ताहरूको बोल्ने क्रम यहीँ समाप्त भएको जानकारी गराउँछु । यसपछि निर्णायकहरूले आफ्नो निर्णय सुनाउनुभन्दा पहिले अतिथि महानुभावहरूले आफ्नो मन्तव्य राख्नुहुने छ । निर्णायकको निर्णयपछि विजेता प्रतियोगीहरूलाई पुरस्कार वितरण गरिने छ र अन्त्यमा सभाध्यक्षको मन्तव्यसहित सभा विजर्सन हुने छ । यति भन्दै आजको यस कार्यक्रमबाट म बिदा हुन्छु । धन्यवाद ।

अभ्यास

१. 'विज्ञान अभिशाप नभई वरदान' भन्ने पाठलाई उद्घोषकसहित अरू चार जना पात्रले हाउभाउसहित पालैपालो पढेर कक्षामा सुनाऊ ।

२. तलका प्रश्नहरूको मौखिक उत्तर देऊ :

(क) वाद विवाद प्रतियोगिताको सञ्चालन कहाँ हुँदै छ ?

(ख) वाद विवाद प्रतियोगितामा कति जना प्रतियोगीहरूले भाग लिएका छन् ?

(ग) वाद विवाद प्रतियोगिता कुन विषयमा भएको थियो ?

(घ) 'विज्ञान अभिशाप होइन वरदान हो' भन्ने विषयको पक्ष र विपक्षमा ककसले बोले ?

३. तलका भनाइ कसले भनेको हो, भन :

(क) प्रतियोगीहरूले आफ्ना विचारहरू राख्दा अत्यन्तै शिष्ट र सभ्य भाषामा राख्नुपर्ने छ ।

Curriculum Development Centre

(ख) जल, थल र नभमा समेत मानिसले विजय प्राप्त गरेको छ ।

(ग) बिफर, प्लेग र हैजा जस्ता प्राण घातक रोगलाई विज्ञानले नियन्त्रणमा लिएको छ ।

(घ) विज्ञानले विपत्ति र ध्वंसलाई निम्त्याएको छ ।

(ङ) मानिसमा दुर्भावना बढ्दा मानवताका पर्खालहरू गर्ल्यामगुर्लुम ढलेका छन् ।

४. तलका प्रश्नको उत्तर लेख :

(क) आधुनिक युग मानवका निम्ति किन वरदान सावित भएको छ ?

(ख) विज्ञानलाई अभिशाप मान्नुपर्ने कारणहरू के के हुन् ?

(ग) आशाराम थारुले भनेका मुख्य मुख्य कुरा लेख ।

५. यदि तिमी यस वाद विवाद प्रतियोगितामा निर्णायक बन्ने अवसर पाएको भए कसलाई पहिलो घोषित गर्थ्यौ र किन ?

६. विज्ञान वरदान हो भन्ने पक्षमा बोल्ने दुवै वक्ताका तर्कहरू राम्ररी पढेर पाँच ओटा बुँदा टिप र सारांश लेख ।

शब्द भण्डार

७. तलको तालिकामा देखाइए जस्तै गरी प्रत्यय जोडी शब्द बनाऊ :

प्रत्यय	शब्द	शब्द + प्रत्यय	थप शब्दहरू
इक	समुद्र	समुद्र +इक = सामुद्रिक	समाज, दिन, विज्ञान, यन्त्र
इत	विकास	विकास+इत = विकसित	केन्द्र, प्रदूषण, सञ्चालन, प्रतिष्ठा
ईय	ताप	ताप+ईय = तापीय	मानव, दानव, केन्द्र, स्वर्ग, आत्मा

८. तलका शब्दको अर्थ लेख :

वरदान, आक्षेप, अभिशाप, अन्तरिक्ष

९. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

गर्ल्यामगुर्लुम, शिष्ट, टुलुटुलु, प्राण घातक, साँघुरो

Curriculum Development Centre

१०. तल दिइएका प्राविधिक शब्दहरूलाई वाक्यमा प्रयोग गर :

कम्प्युटर, इन्टरनेट, यन्त्र मानव, परमाणु बम, एटम बम

११. उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

सम्भव वरदान आधुनिक दुरुपयोग

उपयोग असम्भव प्राचीन अभिशाप आविष्कार

१२. मिल्दो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

प्रगति त्रास कपोल कल्पित नयाँ निदान

उन्नति मन गढन्ते समाधान सन्त्रास नवीन गोपनीयता

उच्चारण र हिज्जे

१३. शुद्धसँग उच्चारण गर र कापीमा सार :

आविष्कार, यातायात, सङ्कट, वितरण, उपलब्धि, शस्त्रअस्त्र

१४. गोपाल बुढामगरले बोलेका कुराहरू शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर देऊ :

(क) कुन कुन कुराले मानव जीवनलाई सहज तुल्याइदिएका छन् ?

(ख) केले केही क्षणमा खेत जोत्न र सम्याउन सक्छ ?

(ग) हरेक कुराका कस्ता पक्ष हुन्छन् ?

(घ) विज्ञानले गर्दा कुन कुन क्षेत्रमा ठुलो परिवर्तन आएको छ ?

१५. आशाराम थारुले बोलेका कुराहरू पढी जीवन, मानवीय शब्दमा जस्तै दीर्घ इकार प्रयोग भएका पाँच ओटा अरू शब्द खोजेर लेख ।

१६. सीमा खानले बोलेका कुराहरू पढी 'विज्ञान, विषय' शब्दमा जस्तै शब्दको सुरुमा ह्रस्व इकार लागेका पाँच ओटा शब्दहरू खोजेर लेख ।

Curriculum Development Centre

१७. तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख :

(क) आदर्निय आदरणिय आदरणीय

(ख) अभिशाप अभीसाप अभिसाप

(ग) अतीथि अतिथी अतिथि

(घ) पूर्वबक्ता पूर्ववक्ता पूर्बवक्ता

१८. पाठमा प्रयोग भएका शिरबिन्दु लागेका केही शब्दहरू तल दिइएका छन्। तिनलाई वाक्यमा प्रयोग गर :

हिंसा, संसार, नरसंहार, ध्वंस, संज्ञा

कार्यमूलक व्याकरण

१९. तलका वाक्यहरू पढ, बुझ र गर :

(क) **एउटा** घरको **सानो** कोठामा बसेर हामी संसारको अवलोकन गर्न सक्ने भएका छौँ।

(ख) **आधुनिक** विज्ञानले गरेको प्रगतिले संसार **साँघुरो** बनिसकेको छ।

(ग) **अँध्यारो** युगबाट **उज्यालो** भविष्यतिर डोऱ्याउने काम विज्ञानले नै गरेको छ।

(घ) विज्ञानले **नयाँ** संसारको **सुन्दर** सपना देखाएको छ।

उदाहरण हेरी पाठमा प्रयोग भएका दस ओटा विशेषण शब्द टिपेर वाक्यमा प्रयोग गर।

२०. पाठमा सीमा खानले व्यक्त गरेका विचारको अन्त्यतिर 'बज्छ, सक्दैन, चाहन्छु' जस्ता वर्तमान कालका क्रियापदहरू प्रयोग भएका छन्। ती क्रियापदलाई पूर्ण वर्तमान कालका क्रियापदमा परिवर्तन गरी लेख।

२१. भविष्यत् कालका क्रियापदको प्रयोग गरेर आफूले भोलि गर्नुपर्ने कामका बारेमा पाँच ओटा वाक्य लेख।

Curriculum Development Centre

२२. **पढ, बुझ र गर :**

पद सङ्गति नमिलेका वाक्य	पद सङ्गति मिलेका वाक्य
म विज्ञान वरदान हो भन्ने पक्षमा बोल्छ ।	म विज्ञान वरदान हो भन्ने पक्षमा बोल्छु ।
मेरो आमाले विज्ञानलाई अभिशाप भन्यो ।	मेरी आमाले विज्ञानलाई अभिशाप भन्नुभयो ।
हामीले वाद विवाद प्रतियोगितामा भाग लियो ।	हामीले वाद विवाद प्रतियोगितामा भाग लियौँ ।
मेरो बहिनी प्रतियोगितामा भाग लिन्छ ।	मेरी बहिनी प्रतियोगितामा भाग लिन्छिन् ।

माथिको तालिका अध्ययन गरी तलका वाक्यहरूलाई पद सङ्गति मिलाएर लेख :

(क) मेरो साथीहरू बोल्दै छ ।

(ख) मेरो बाबाले मलाई कार्यक्रममा भाग लिन पठायो ।

(ग) उनीहरू वाद विवाद गर्दै छ ।

(घ) गुरु मञ्चमा आयो ।

(ङ) तिम्रो साथीहरूले प्रतियोगिता जित्ने छ ।

सिर्जनात्मक अभ्यास

२३. **'गाउँले जीवनभन्दा सहरिया जीवन बेस' भन्ने विषयको पक्षमा एउटा वाद विवाद लेख ।**

२४. **'जागिरभन्दा व्यापार बेस' भन्ने विषयको पक्ष र विपक्षमा आफ्ना तर्कहरू प्रस्तुत गर ।**

Curriculum Development Centre

पाठ : १४

साहित्यकार रवीन्द्रनाथ ठाकुर



मानिस बौद्धिक क्षमता भएको प्राणी हो । मानिसमध्ये कतिपय यस्ता प्रतिभाशाली मानिसले विश्वलाई चकित पारेका छन् । ती मध्ये साहित्यकार रवीन्द्रनाथ ठाकुर यस्तै **प्रतिभाशाली** व्यक्ति हुन् । उनी विश्व **विख्यात** नोबेल पुरस्कार जित्ने पहिलो एसियाली साहित्यकार हुन् । त्यसैले रवीन्द्रनाथलाई अन्तर्राष्ट्रिय साहित्यकारको उच्च स्थानमा राखिन्छ । उनले पाँच वर्षको कलिलो उमेरमा नै कविता रचेर आफ्ना गुरुहरूलाई समेत छक्क पारेका थिए । अहिले उनका रचना भारत र बङ्गलादेशका राष्ट्रिय गान बनेका छन् । यो विश्वमा कसैले **हासिल** गर्न नसकेको गौरवमय प्रतिष्ठा हो । उनी कवि, कथाकार, उपन्यासकार, नाटककार र चित्रकारका रूपमा पनि प्रसिद्ध छन् ।

रवीन्द्रनाथ ठाकुरको जन्म सन् १८६१ मे ७ मा भएको थियो । उनी भारतस्थित कोलकाताको जोडासाँकु भन्ने ठाउँमा जन्मेका थिए । उनका बाजे द्वारकानाथ त्यस क्षेत्रका प्रख्यात व्यक्ति थिए । उनका पिताको नाम देवेन्द्रनाथ र माताको नाम शारदादेवी थियो । उनको परिवार शिक्षित र सम्पन्न थियो । उनी सात जना दाजुभाइमध्ये कान्छा थिए । सानैमा उनलाई पढाउनका लागि विद्यालय भर्ना गरियो । उनी विद्यालयको सीमित वातावरणमा भन्दा स्वतन्त्र रहेर खुला वातावरणमा सिक्न चाहन्थे । त्यसैले घरमा हुने साहित्य, सङ्गीत र चित्रकला सम्बन्धी चर्चामा उनी विशेष ध्यान दिन्थे । यो कुरा बुझी उनलाई घरमै पढ्ने र सङ्गीतको अभ्यास गराउने व्यवस्था गरियो ।

प्रतिभाशाली – विशिष्ट क्षमता भएका व्यक्ति

विख्यात – प्रसिद्ध

हासिल – प्राप्त

रवीन्द्रनाथ ठाकुरले एघार वर्षकै उमेरमा 'पृथ्वी पराजय' नामक गहकिलो नाटक लेखे । त्यसै वर्ष रवीन्द्रनाथकै रुचिअनुसार उनलाई बुबाले प्रकृतिको विचित्र स्थल हिमालय भ्रमण गर्न लगे । त्यस बेला उनले महासागरदेखि हिमालयसम्मको जीवन र जगत् सम्बन्धी फराकिलो अनुभव बटुले । त्यसै मौकामा विभिन्न क्षेत्रका मानिस र तिनले भोगेका दुःख, कष्ट, शोषण, उत्पीडनलाई उनले नजिकैबाट बुझ्न पाए । उनका अनुभवहरूको छाप साहित्यिक कृतिहरूमा पाइन्छ । चौध वर्षको बाल्यकालमा सोर सय हरफको 'बनफुल' कविता लेखी उनले सबैलाई **विस्मित** पारे । यसरी उनी साहित्यकारका रूपमा जताततै प्रसिद्ध हुन थाले ।

रवीन्द्रनाथ औपचारिक अध्ययनलाई अघि बढाउन बेलायत गए । त्यहाँ लन्डन विश्व विद्यालयमा भर्ना भई पढ्न पनि थाले । उनलाई आफ्नो देशको मायाले छाडेन । उनी भारत फर्किएर अध्ययन, भ्रमण र लेखनमा तल्लीन भए । सन् १८८३ मा २२ वर्षको उमेरमा उनको विवाह मृणालिनीदेवीसँग भयो । त्यसपछि उनी गृहस्थ जीवन र साहित्यमा चुर्लुम्म डुबे । उनी क्रमशः **वाङ्मय**का **मर्मज्ञ** र साहित्यका **उत्कृष्ट** सर्जक मानिन थाले । त्यस बखत रवीन्द्रनाथ साहित्य सिर्जनामा लीन भए । त्यसैले उनी विशिष्ट श्रेणीका साहित्यकार बन्न सफल भए । उनले भाषा साहित्यमा दाजु ज्योतिरेन्द्रसँग मिली भारती पत्रिकाको सम्पादन गरे । त्यसै गरी भाउजूको भावना र चाहनाबाट अभिप्रेरित भई साना केटाकेटीका लागि बाल पत्रिका पनि निकाले । यी कार्यहरूले गर्दा उनको योगदानलाई अझ फराकिलो पाऱ्यो ।

जीवन घामछायाको यात्रा हो । मानिसले जीवनमा कहिले सुख त कहिले दुःख भोग्नुपर्छ । रवीन्द्रनाथ सम्पन्न परिवारका भएकाले बाल्य जीवन धेरैजसो सुखमय नै रह्यो तर उनले सुख मात्र भोग्न पाएनन् । अनेकौँ दुःख पनि भोगेका थिए । १३ वर्षको बाल्यकालमा उनले ममतामयी माताको बिछोड सहनुपऱ्यो । उनलाई सङ्गीत र साहित्यमा प्रेरणा दिने भाउजूको पनि असामयिक मृत्यु भयो । उनलाई आमा र आमातुल्य भाउजूको विछोडले असाध्यै अस्थिर बनायो । त्यस्ता शोकलाई विविध साधनाको स्रोत बनाउँदै उनले आफूलाई सम्हाले । अनि त झन् **तल्लीन** भई कविताको आराधनामा लागे । त्यसरी नै उनले कथा, उपन्यास, नाटक आदिको रचना गरे । यसबाहेक गीत, सङ्गीत र चित्रकलाको साधनामा पनि उनी लागे । सन् १९०१ मा उनले शान्ति निकेतन नामक विद्यालयको पनि स्थापना गरे । यस विद्यालयमा प्राकृतिक एवम् विद्यार्थी

विस्मित – चकित
वाङ्मय – भाषामा लेखिएका सबै कृति वा ग्रन्थ
मर्मज्ञ – मर्म बुझ्ने
उत्कृष्ट – श्रेष्ठ, सबैभन्दा राम्रो
तल्लीन – काममा लागि परेको, तत्पर

मैत्री वातावरणमा शिक्षा लिने व्यवस्था थियो । त्यति मात्र नभएर त्यस विद्यालयका लागि पाठ्य पुस्तक पनि लेखे । यिनै **सुकार्य**हरूले गर्दा उनको चर्चा सर्वत्र हुन थाल्यो ।

रवीन्द्रनाथको जीवनमा फेरि दुःखको झरी सुरु भयो । सन् १९०२ मा उनले पत्नी वियोगको कठोर पीडा सहनुपर्‍यो । छोटो अन्तरालमा नै सन् १९०३ मा माहिली छोरी बितिन् । त्यसपछि सन् १९०५ मा बुबाको निधन भयो । उनको हृदयमा छोरी र बुबाको विछोडले बनाएको घाउ नपुरिँदै सन् १९०७ मा उनले कान्छो छोराको वियोग खप्नुपर्‍यो । तर पनि उनी विचलित नभई साधनामा जुटी नै रहे । उनले आफूले स्थापित गरेको विद्यालयलाई विश्व विद्यालयमा परिणत गरे । साहित्यका क्षेत्रमा अनेकौँ रचना तयार पारे । यिनका रचनामध्ये कविता विधामा 'गीताञ्जली' ज्यादै प्रसिद्ध छ । यस कृतिमा प्रकृतिको बाहिरी र आन्तरिक सौन्दर्यको चित्रण र ईश्वरको महिमा गान गरिएको छ । त्यसरी नै यसमा प्रकृति, ईश्वर र मानिसको माझ **घनिष्ट** सम्बन्ध देखाइएको छ । बङ्गालीमा प्रथमतः छोटा कथा रचना गर्ने उनका कथामा 'काबुली बाला' र उपन्यासमा 'गोरा' प्रख्यात छन् । उनका नाटकमा 'रक्तकरबी' र 'फाल्गुनी' निकै चर्चित छन् । यसै क्रममा उनले गीताञ्जलीलाई अङ्ग्रेजीमा समेत अनुवाद गरे । यस कार्यले गर्दा अन्तर्राष्ट्रिय स्तरमा समेत उनको ख्याति फैलियो । सन् १९१३ मा उनको 'गीताञ्जली' कृतिका लागि **विश्व विख्यात** नोबेल पुरस्कार प्रदान गरियो । उनी विश्व साहित्यका उज्ज्वल **नक्षत्र**का रूपमा विख्यात बने । यसरी विविध साधनामा लाग्दालाग्दै असी वर्षको उमेरमा सन् १९४१ अगस्ट ७ मा उनको मृत्यु भयो ।

नोबेल पुरस्कार विजेता रवीन्द्रनाथले उनका कृतिमा प्रकृति, ईश्वर र मानिसका अपार महिमा गाएका छन् । उनले ज्ञानको प्रसारलाई सर्वत्र महत्त्व दिएका छन् । उनका दृष्टिमा मानव अधिकार, राष्ट्रप्रेम र समाज सुधार **सर्वोपरि** महत्त्वका विषय हुन् । उनी स्वतन्त्रता सङ्ग्रामका योद्धा भएकाले सम्पूर्ण मानवको **मुक्ति** र समृद्धि उनको **अभीष्ट** हो । उनका समस्त सिर्जनाबाट यिनै अमर आदर्श प्रेरणा पाउन सकिन्छ ।

सुकार्य – राम्रो काम

घनिष्ट – ज्यादै गहन

विश्व विख्यात – संसार प्रसिद्ध

नक्षत्र – तारा

सर्वोपरि – सबैभन्दा माथि

मुक्ति – स्वतन्त्रता

अभीष्ट – चाहेको कुरा

Curriculum Development Centre

अभ्यास

१. प्रस्तुत पाठ कक्षामा पालैपालो पढ र सुन।

२. तलका प्रश्नको उत्तर भन :

(क) रवीन्द्रनाथको जन्म कहाँ भएको थियो ?

(ख) रवीन्द्रनाथले साहित्य सिर्जना गर्ने प्रेरणा कसरी प्राप्त गरे ?

(ग) रवीन्द्रनाथले कुन विश्व प्रसिद्ध पुरस्कार पाए ?

(घ) रवीन्द्रनाथको विवाह कति वर्षको उमेरमा कोसँग भयो ?

(ङ) रवीन्द्रनाथका प्रमुख चार ओटा कृतिहरू के के हुन् ?

(च) रवीन्द्रनाथका दृष्टिमा सर्वोपरि महिमाका विषय के हुन् ?

३. जोडा मिलाऊ :

रवीन्द्रनाथको जन्म	सन् १८८३
मृणालिनीदेवीसँग विवाह	जोडासाँकु
शान्ति निकेतन	सन् १९०२
मृणालिनीदेवीको मृत्यु	गोरा
नोबेल पुरस्कार प्राप्ति	विद्यालय
रवीन्द्रनाथको देह त्याग	सन् १९१३
	सन् १९४१

४. उत्तर लेख :

(क) रवीन्द्रनाथको बाल्यकाल कसरी बितेको थियो ?

(ख) रवीन्द्रनाथले हिमालको यात्राबाट के के अनुभव बटुले ?

Curriculum Development Centre

(ग) रवीन्द्रनाथको 'गीताञ्जली' कस्तो कृति हो ?

(घ) शान्ति निकेतन विद्यालय स्थापनाको मुख्य उद्देश्य के थियो ?

(ङ) रवीन्द्रनाथले कृतिका माध्यमबाट दिएका मुख्य सन्देश के के हुन् ?

५ पाठको पाँचौं अनुच्छेद पढी चार ओटा मुख्य बुँदाहरू टिप र एक तृतीयांशमा सारांश लेख ।

शब्द भण्डार

६. विपरीतार्थी शब्दसँग जोडा मिलाई कापीमा सार :

जस्तै : उत्कृष्ट = निकृष्ट

आकर्षण	पिता	औपचारिक	
अनौपचारिक	विकर्षण	अरुचि	माता

७. उस्तै अर्थ दिने शब्दहरूसँग जोडा मिलाऊ :

चकित	प्रसिद्ध	अनमोल	स्वतन्त्र	
प्रख्यात	अमूल्य	विछोड	छक्क	मुक्त

८. तलका शब्दका एकभन्दा बढी अर्थ पढ र बुझ :

सम्पन्न :	१. धनी	२. सकिएको
मौका :	१. संयोग	२. अवसर
क्षेत्र :	१. स्थान	२. खेत
दृष्टि :	१. आँखा	२. हेराइ
सङ्ग्राम :	१. सङ्घर्ष	२. लडाइँ

९. तलका शब्दहरूको अर्थ भन :

विविध, साहित्यकार, प्रतिष्ठा, गौरवमय, मनोरम, गहकिलो, गृहस्थ, स्रोत, आराधना, निर्भीक, अन्तराल, ममतामयी

Curriculum Development Centre

१०. 'विभूषण' शब्दबाट 'विभूषित' भए झैं तलका शब्दबाट हुने रूप लेख :

रचना ..... प्रसार .....

प्रतिष्ठा ..... आकर्षण .....

व्यवस्था ..... शिक्षा .....

११. साहित्य + कार = 'साहित्यकार' भए जस्तै तलका शब्दबाट नयाँ शब्द बनाऊ :

कथा, उपन्यास, नाटक, चित्र, सङ्गीत, गीत, मूर्ति

१२. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :

प्रतिभा, विश्व, अभ्यास, अमर, प्रेरणा

उच्चारण र हिज्जे

१३. शुद्ध उच्चारण गर र कापीमा सार :

बौद्धिक, प्राणी, अनमोल, गहकिलो, तल्लीन, मर्मज्ञ, सर्जक, वाङ्मय, स्रोत, साधना, राष्ट्रप्रेम, स्वतन्त्रता, अभीष्ट, प्रसार, अमूल्य

१४. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ	बोलाइ	लेखाइ
इस्सोर	ईश्वर	बिस्व	विश्व
अब्भ्यास्	अभ्यास	सिक्छित्	शिक्षित
पर्तिभा	प्रतिभा	चित्त्रकला	चित्रकला

१५. पाठको दोस्रो अनुच्छेद शिक्षकबाट सुनेर तलका प्रश्नहरूको उत्तर भन :

(क) रवीन्द्रनाथ किन स्वतन्त्र रहेर सिक्न चाहन्थे ?

(ख) रवीन्द्रनाथ के सम्बन्धी चर्चामा विशेष ध्यान दिन्थे ?

(ग) रवीन्द्रनाथको केमा बढी आकर्षण थियो ?

(घ) रवीन्द्रनाथलाई साहित्यमा रुचि बढाउने घटना कुन हो ?

Curriculum Development Centre

१६. पाठबाट दीर्घ इकार र दीर्घ उकार लागेका पाँच पाँच ओटा शब्द खोजेर लेख।

कार्यमूलक व्याकरण

१७. पाठको तेस्रो अनुच्छेदका क्रियापदलाई अज्ञात भूत कालमा परिवर्तन गरी पुनर्लेखन गर ।

१८. तलका भूत कालका सामान्य पक्षका क्रियापदलाई अभ्यस्त पक्षमा परिवर्तन गरी पुनर्लेखन गर :

(क) रवीन्द्रनाथले तल्लीन भई कविताको आराधना गरे ।

(ख) उनले नाटक रचना गरे ।

(ग) उनले नयाँ किसिमका छोटा कथा लेखे ।

(घ) उनले मनोवैज्ञानिक आधारमा उपन्यास रचे ।

(ङ) उनी चित्रकलाको साधनामा लागे ।

(च) उनले शान्ति निकेतन नामक विद्यालय खोले ।

(छ) उनले विद्यालयका लागि पाठ्य पुस्तक पनि लेखे ।

१९. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर :

(क) उनीहरू कविता लेख्छन् । (सम्भावनार्थ)

(ख) तिमीहरू पाठ्य पुस्तक पढ्छौ । (सम्भावनार्थ)

(ग) हामी छोटा कथा पढ्छौँ । (इच्छार्थ)

(घ) रवीन्द्रनाथले कविताको आराधना गरे । (सम्भावनार्थ)

(ङ) भाइले नोबेल पुरस्कार पाउँछ । (इच्छार्थ)

Curriculum Development Centre

सिर्जनात्मक अभ्यास

२०. **तलका विवरणका आधारमा छोटो जीवनी लेखेर शिक्षकलाई देखाऊ :**

नाम : शिव अधिकारी

जन्म : वि.सं. २०१०, बैरेनी गाविस, धादिङ

बाल्य जीवन : सामान्य परिवारको भएकाले दुःख सुखमा बितेको

मातापिता : ईश्वरीदेवी र पूर्णचन्द्र अधिकारी

शिक्षा : स्नातकोत्तर (नेपाली)

पेसा : पत्रकारिता

संलग्नता

- २०३० सालदेखि पत्रकारिता क्षेत्रमा संलग्न
- 'देशान्तर' साप्ताहिक को सम्पादक
- 'सुरुचि' साप्ताहिक को प्रधान सम्पादक
- 'गोरखापत्र' दैनिकमा प्रधान सम्पादक र महाप्रबन्धक

प्रकाशित प्रमुख कृतिहरू

- उपन्यासहरू : 'पुश्चली', 'चेष्टा', 'विदिशा', 'आखेट' आदि
- नाटकहरू : 'त्रासदी मुद्राहरू', 'तासको जामा' आदि
- कविता सङ्ग्रहहरू : 'सम्प्रति' आदि

साहित्यिक विशेषताहरू

- विद्रोही नाटककार, प्रगतिशील कवि
- विसङ्गतिवादी चिन्तन, राजनीतिक विकृतिप्रति व्यङ्ग्य

पुरस्कार तथा मान सम्मान : युवावर्ष मोती पुरस्कार, गोरखा दक्षिणबाहु चौथो

निधन : वि.सं. २०६०

२१. **कुनै स्थानीय प्रेरक व्यक्तिको जीवनी सम्बन्धी तथ्य सङ्कलन गरेर बुँदा तयार पारी जीवनी लेख ।**

Curriculum Development Centre

पाठ : १५

ठग समातियो

–विजय चालिसे

विक्रम र विराज सानैदेखि आफ्नो काम आफैँ गर्थे । उनीहरू पढ्नमा पनि तेज थिए । विक्रम सानो भए पनि एकदमै चलाख थियो । सानी बहिनी भने आफ्नो काम आफैँ गर्ने उमेरकी थिइन । त्यसैले उसलाई आमा र दाजुले मद्दत गर्नुहुन्थ्यो । विक्रम र विराज समयमा पढ्न जान्थे । समयमा केही बेर खेल्थे र समयमै घर फर्कन्थे ।

बाबा पोखरा जानुभएको थियो । विक्रम स्कुलबाट फर्केर केही बेर खेल्न भनी निस्कियो । खेलेर फर्कँदा साँझ पर्नै आँटेको थियो । त्यति बेला पनि विराज घर फर्केको थिएन । सधैँ समयमै आउने छोराले अबेर गरेकामा आमा चिन्तित हुनुहुन्थ्यो । आज विराजले किन अबेर गऱ्यो ? आमाको चिन्ता बढ्दै थियो । त्यत्तिकैमा बाहिर कसैले घन्टी बजायो । विराज आइपुगेको होला भन्ने सम्झेर आमाको अनुहार उज्यालो भयो तर बाहिर विराजकै उमेरको अर्कै केटो उभिएको थियो ।

"तपाईँ विराजकी आमा हो ?" आमालाई देख्नासाथ उसले केही आत्तिए झैँ गरी सोध्यो । "हो ! बाबु को नि ? विराजलाई चिन्नुहुन्छ ?" उसको आत्तिए जस्तो **स्वर** सुनेर आमा अझ चिन्तित हुनुभयो । "म विराजको साथी हुँ । कलेजबाट फर्कँदा विराजलाई मोटरले ठक्कर दियो । हामीले अस्पताल लगेका छौँ । तुरुन्तै उपचार गर्नुपर्छ रे, म पैसा लिन आएको । दस हजार दिनुहोस्, म लिएर गइहाल्छु ।" उसको कुरा सुनेर आमा एकदमै आत्तिनुभयो । "पख बाबु, म पैसा लिएर आउँछु । सँगै जाउँला ।" आमा आत्तिएकै अवस्थामा जवाफै नपर्खी भित्र

स्वर – आवाज

पस्नुभयो । विक्रमले सुरुदेखि नै त्यस केटाको अनुहार गडेर हेरिरहेको थियो । विराजका धेरै साथीहरूलाई ऊ चिन्दथ्यो तर यस केटालाई भने उसले चिनेन । उसको अनुहार पनि त्यति आत्तिएको र चिन्तित जस्तो लागेन ।

"ल हिँड ! विक्रम, तिमी बहिनी हेरेर बसिरहनू है, म चाँडै आउँछु ।" आमा अस्पताल जान हिँड्न खोज्नुभयो । "होइन, घरमा साना भाइ बहिनी छन् । तपाईँ नगए पनि हुन्छ । हामी छँदै छौँ नि, विराजको हेर विचार गर्न ।" त्यस केटाले भन्यो । उसको कुराले विक्रमलाई झन् शङ्का लाग्यो । उसले झट्ट सम्झियो, "दाइले बिहान घर फर्कन **अबेर** हुन्छ भन्नुभएको थियो । रमेशकहाँ गएर पढ्नु छ पनि भन्नुभएको थियो ।" विक्रमलाई एक पटक रमेशकहाँ फोन गरेर बुझ्न मन लाग्यो । "आमा एकछिन पर्खनुहोस् है !" अरू केही नभनी ऊ भित्र पस्यो । रमेशको घरमा फोन गऱ्यो । फोन रमेशले नै उठायो । विक्रमले घरमा भएका सबै कुरा सुनायो ।

"त्यस केटाको अनुहार कस्तो छ, भन त ? विराज र हरि सँगसँगै निस्किएका थिए । हरि पो हो कि त !" रमेशले सोध्यो । विक्रमले सम्झेसम्म मिल्ने गरी केटाको **हुलिया** बतायो । हुलिया सुनेर रमेशलाई कतै **ठग** त होइन भन्ने लाग्यो । रमेशले भन्यो, "त्यसलाई केही बेर **अलमल्याएर** राख । म आउँछु । अस्पताल पुऱ्याएको हो रहेछ भने पनि उपचार भइहाल्छ ।" रमेशको कुरा सुनेपछि विक्रमले छिमेकी विकास काकालाई पनि फोन गऱ्यो । विकास काका प्रहरीमा हाकिम हुनुहुन्थ्यो । उसले काकालाई पनि सबै कुरा बतायो ।

"आमा, ढिला गर्नुभएन । म **खर्च** लिएर जाँदै गर्छु, तपाईँ आउँदै गर्नुहोला । समयमै औषधी नपुगे के हुन्छ, के ?" विक्रम बाहिर निस्कँदा त्यो केटो हडबडाएर भन्दै थियो ।

आमालाई कसरी रोक्ने ? विक्रमलाई असजिलो पऱ्यो । "आमा झ्यालढोका थुनेर जानुहोस् न, म भेट्दिनँ, चोर आयो भने मैले के गर्ने ?" उसले केही सोचेर भन्यो । "कति अलमल्याउँछ यो केटो पनि !" आमा फतफताउँदै फेरि भित्र पस्नुभयो । त्यो केटो झन् आत्तिएर हडबडाएको देखियो ।

अबेर – ढिलो, अबेला

हुलिया – मानिसलाई चिनाउने रूप, रङ, आकृति आदिको विवरण

ठग – ठगेर वा धोका दिएर अरूको धनमाल लिने व्यक्ति

अलमल्याएर – कसैलाई भ्रममा पारी रोकेर

खर्च – कुनै कामका निम्ति मासिने रुपियाँ, धनमाल

Curriculum Development Centre

"विक्रम, उनी नै हुन्, विराजको खबर ल्याउने ?" विकास काका आएर सोध्नासाथ त्यो केटो झन् अताल्लिए जस्तो देखियो। "हो ! हो ! काका, विक्रमले भन्यो। "तपाईँहरू समय बर्बाद गर्दै हुनुहुन्छ। म हिँडें, तपाईँहरू आउँदै गर्नुहोस्।" त्यसले च्याँट्ठिएको स्वरमा भन्यो।

ऊ **हडबडाएको** देखेर विकास काकालाई पनि शङ्का लागेछ। काकाले भन्नुभयो, "सँगै जाऔँला। अस्पताल पुऱ्याएको भए किन आत्तिनु !" काकाको कुराले त्यो झनै आत्तियो।

"ओहो ! विकास काका पनि ! के भयो ?" एक्कासि विराजलाई त्यहीँ देखेर सबै चकित भए। "धेरै चोट त लागेन बाबु !" आमाले **अँगालो** हाल्दै सोध्नुभयो। "चोट रे ! के भएको छ र मलाई ? म त रमेशकहाँबाट सरासर आउँदै छु। भाइलाई भनेकै थिएँ नि, अलि अबेर हुन्छ भनेर, बिर्स्यो कि क्या हो ?" उसले **छक्क** पर्दै सोध्यो।

"खबरदार ! भाग्ने होइन। अब तँलाई म ठिक गर्छु।" काकाको आवाजले सबैको ध्यान त्यस केटातिर गयो। ऊ भाग्न खोज्दै रहेछ। काकाले उसलाई समात्नुभयो। रमेश पनि आइपुग्यो। "विक्रम, तिमीले गर्दा आमा ठगिनबाट बच्नुभयो। यस्ता ठगहरूको अहिले **बिगबिगी** छ।" विकास काकाको कुराले सबै छक्क परे। विक्रम मनमनै खुसी थियो। बाबा यो कुरा थाहा पाएपछि कति खुसी हुनुहोला ?

हडबडाएर – हतारिएर, आत्तिएर

अँगालो – स्नेह वा आत्मीयता जनाउन कसैलाई आफ्नो छातीमा टाँस्ने काम

छक्क पर्नु – दङ्ङ पर्नु, जिल्ल पर्नु, आश्चर्यमा पर्नु

बिगबिगी – डर, त्रास

अभ्यास

१. 'ठग समातियो' कथा कक्षामा पालैपालो पढ ।

२. उत्तर भन :

(क) 'ठग समातियो' कथाका लेखक को हुन् ?

(ख) विराजकी आमा किन चिन्तित हुनुहुन्थ्यो ?

(ग) विराज कहाँ गएको थियो ?

(घ) ठगले आमासँग कति रुपियाँ मागेको थियो ?

(ङ) कसले गर्दा आमा ठगिनबाट बच्नुभयो ?

३. तलका भनाइ कसले कसलाई किन भनेको हो, लेख :

(क) पख बाबु, म पैसा लिएर आउँछु ।

(ख) त्यस केटाको अनुहार कस्तो छ, भन त ?

(ग) त्यसलाई केही बेर अलमल्याएर राख ।

(घ) म खर्च लिएर जाँदै गर्छु, तपाइँ आउँदै गर्नुहोला ।

(ङ) तपाइँहरू समय बर्बाद गर्दै हुनुहुन्छ । म हिँडें, तपाइँहरू आउँदै गर्नुहोस् ।

४. पाठ राम्ररी पढी ठिक शब्द खोजेर खाली ठाउँमा भर :

(क) आमाको अनुहार ..... भयो ।

(ख) आमा ..... फेरि भित्र पस्नुभयो ।

(ग) आमा बाहिर निस्कँदा त्यो केटो ..... भन्दै थियो ।

(घ) एक्कासि विराजलाई त्यहीँ देखेर सबै ..... भए ।

(ङ) म त रमेशकहाँबाट ..... आउँदै छु ।

Curriculum Development Centre

५. तलका प्रश्नहरूको सङ्क्षिप्त उत्तर देऊ :

(क) आमा के कारणले गर्दा एकदमै आत्तिनुभयो ?

(ख) आमा किन अस्पताल जान हिँड्न खोज्नुभयो ?

(ग) विक्रमले कसलाई किन फोन गऱ्यो ?

(घ) विक्रमले आमालाई अलमल्याउनुको कारण के थियो ?

(ङ) 'ठग समातियो' कथाले के सन्देश दिएको छ ?

६. तल दिइएका कथाका वाक्यहरूलाई पाठका आधारमा क्रम मिलाएर लेख :

( ) सधैँ समयमै आउने छोराले अबेर गरेकामा आमा चिन्तित हुनुभयो ।

( ) विक्रम र विराज सानैदेखि आफ्नो काम आफैँ गर्थे ।

( ) विक्रम खेलेर घर फर्कँदा पनि दाजु घर फर्केको थिएन ।

( ) "आज विराजले किन अबेर गऱ्यो ?" आमाको चिन्ता बढ्दै गयो ।

( ) म विराजको साथी, कजेजबाट फर्कँदा विराजलाई मोटरले ठक्कर दियो ।

( ) विक्रमले सुरुदेखि नै त्यस केटाको अनुहार गडेर हेरिरहेको थियो ।

( ) हामीले अस्पताल लगेका छौँ । तुरुन्तै उपचार गर्नुपर्छ रे ।

( ) दाइले बिहान घर फर्कन अबेर हुन्छ भन्नुभएको थियो ।

शब्द भण्डार

७. उल्टो अर्थ छानेर जोडा मिलाऊ :

चोर साँझ उज्यालो सजिलो आवाज

अँध्यारो बिहान असजिलो साधु

८. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

एक्कासि अनुहार हडबडाएर चलाख छक्क

पैसा आत्तिएर अचम्म मुहार चतुर आकस्मिक

Curriculum Development Centre

९. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

चकित, चिन्तित, खर्च, औषधी, ठक्कर

उच्चारण र हिज्जे

१०. शुद्धसँग उच्चारण गर र कापीमा सार :

अवस्था, शङ्का, अलमल्याएर, हडबडाएर, निस्कँदा

११. शुद्ध गरी सार :

तपाइ बिराजकी आमा हो आमालाइ देख्ना साथ उसले केहि आत्तीएको झै गरी सोध्यो ।

१२. पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

१३. पाठको तेस्रो अनुच्छेद शुद्धसँग कापीमा सार ।

कार्यमूलक व्याकरण

१४. पाठको पहिलो अनुच्छेदबाट ले, लाई, देखि जस्ता विभक्ति लागेका शब्द खोजेर लेख ।

१५. माथिको पाठमा 'नि, त, न' जस्ता निपातहरू प्रयोग भएका छन् । पाठमा प्रयोग भएका निपातलाई कापीमा टिप ।

१६. माथिको पाठमा 'म, ऊ, तपाईं' जस्ता सर्वनाम शब्दहरू प्रयोग भएका छन् । पाठबाट सर्वनाम प्रयोग भएका पाँच ओटा वाक्यहरू टिप ।

जस्तै : के भएको छ र मलाई ?

सिर्जनात्मक अभ्यास

१७. आफ्नै गाउँठाउँको घटनालाई आधार बनाई कुनै एउटा कथा लेखेर भित्ते पत्रिकामा प्रदर्शन गर ।

१८. घर परिवार अथवा छिमेकीहरूबाट सुनेको कुनै कथा लेख र कक्षामा सुनाऊ ।

Curriculum Development Centre

पाठ : १६

कम्प्युटर र इन्टरनेट

कम्प्युटर आधुनिक विज्ञानले मानवलाई दिएको **अनुपम** उपहार हो । कम्प्युटरलाई एक सामान्य प्रयोजनको जटिल विद्युतीय **स्वचालित** उपकरण भनिन्छ । यसले अङ्क गणितका **जटिलतम** समस्याहरूलाई तीव्र गतिका साथ सही ढङ्गले सम्पादन गर्ने काम गर्छ । एउटै समयमा अधिकतम कार्यहरू सम्पन्न गर्न सक्नु यसको महत्त्वपूर्ण विशेषता हो । **निर्जीव** वस्तु भएर पनि धेरै तथ्यहरूलाई लामो समयसम्म स्मरण र भण्डारन गरी राख्न सक्ने क्षमता कम्प्युटरमा हुन्छ । कम्प्युटर मानवको मस्तिष्कद्वारा निर्मित यन्त्र हो ।

आज कम्प्युटरले मानवको जीवनमा परिवर्तन ल्याइदिएको छ । शिक्षा, स्वास्थ्य, व्यापार, उद्योग, यातायात सबैतिर कम्प्युटरको प्रयोग भइरहेको छ । अन्तरिक्षको खोज र अनुसन्धानमा कम्प्युटरको प्रयोग हुन्छ । यन्त्र मानवको नियन्त्रण र सञ्चालनमा पनि कम्प्युटरकै प्रयोग गरिन्छ । विद्यालय, महाविद्यालय, सरकारी कार्यालय, अस्पताल जतासुकै कम्प्युटरको महत्त्व बढ्दै गएको छ । एउटा भाषाको सामग्री अर्कै भाषामा अनुवाद गर्ने काम पनि कम्प्युटरबाट गर्न सकिन्छ । निर्वाचनको मतदान र मत गणना पनि कम्प्युटरबाट गर्न सकिन्छ । जटिल रोगको शल्यक्रिया पनि कम्प्युटरका माध्यमले गर्न सकिन्छ । आज मनोरञ्जनका क्षेत्रमा पनि कम्प्युटरको अत्यधिक प्रयोग भइरहेको छ । विद्यार्थीहरू कम्प्युटरमा विभिन्न किसिमका आकृति र चित्रहरू बनाएर रमाइलो गर्न सक्छन् । त्यसैले कम्प्युटरलाई उपयोगिताको दृष्टिले निकै महत्त्वपूर्ण मानिन्छ ।

अनुपम – अनौठो, अचम्मको

स्वचालित – आफैं चल्ने

जटिलतम – पत्ता लगाउन वा समाधान गर्न गारो पर्ने, अत्यन्त कठिन

निर्जीव – प्राण नभएको

मानव जीवनका लागि अत्यन्तै उपयोगी सिद्ध भएको कम्प्युटरको इतिहास निकै पुरानो छ । आजभन्दा करिब दुई हजार वर्ष पहिले चिनमा गणनाका निम्ति 'अबाकस' नामको यन्त्र निर्माण भएको थियो । त्यसले गणितका जोड, घटाउ, गुणन, भाग जस्ता हिसाबहरू गर्न सक्थ्यो । त्यही अबाकसबाट सुरु भएको आजको एक्काइसौँ शताब्दीका डेस्कटप, ल्यापटपसम्म आइपुग्दा कम्प्युटरले विभिन्न चरणहरू पार गरिसकेको छ । सन् १६४२ मा फ्रान्सका गणितज्ञ लेज पास्कलले क्यालकुलेटरको आविष्कार गरे । यसमा समयानुकूल सुधार हुँदै गयो । जसको परिणामस्वरूप सन् १८२२ मा बेलायतका चार्ल्स बाबेजले क्याम्ब्रिज विश्व विद्यालयमा एउटा कम्प्युटर जस्तै स्वचालित यन्त्र 'अन्तर इन्जिन' बनाए । यसको सफलतापछि बाबेजले नै ब्रिटिस सरकारको आर्थिक सहयोगमा 'एनालिटिकल इन्जिन' नामक विशाल यन्त्र बनाउन सुरु गरे । आजको दुनियाँको कम्प्युटर निर्माणमा उनको एनालिटिकल इन्जिनमा प्रयोग भएको सिद्धान्तको प्रयोग गरिएको छ । यसरी सबैभन्दा पहिले पूर्ण रूपमा स्वचालित विशेषता भएको यन्त्रको आविष्कार चार्ल्स बाबेजले गरे । त्यसैले उनलाई कम्प्युटरका पिता भनिन्छ ।

इन्टरनेट आजको मानव जातिले कम्प्युटरका माध्यमबाट प्राप्त गरेको महत्त्वपूर्ण उपलब्धि हो । यसले विश्वको कुनै पनि ठाउँको सूचनालाई विद्युतीय गतिमा विश्वका मानव समुदायमा पुऱ्याउन सक्छ । दुई वा दुईभन्दा बढी कम्प्युटरबिच तार वा बिनातारको माध्यमबाट सम्पर्क स्थापना गराई तथ्याङ्क तथा सूचना आदान प्रदान गर्ने विधिलाई कम्प्युटर सञ्जाल भनिन्छ । यसले एउटा कम्प्युटर र अर्को कम्प्युटरको बिचमा सूचनाको प्रवाह गर्छ । इन्टरनेट सबैभन्दा ठुलो कम्प्युटर सञ्जाल हो । आज इन्टरनेटको प्रयोग गरेर विश्वमा घटेका घटना, समाचार, व्यापारिक **गतिविधि** आदि सम्पूर्ण कुराको जानकारी प्राप्त गर्न सकिन्छ । इन्टरनेटमा जडान भइसकेपछि हरेक कम्प्युटर आफैँमा सञ्जाल हो । त्यसैले विश्वमा कम्प्युटरका बिचमा सूचना र सञ्चार प्रवाह गरी अन्तर्सम्बन्ध स्थापना गर्ने काम इन्टरनेटले गर्छ ।

इन्टरनेटका माध्यमबाट विश्वका जुनसुकै ठाउँमा सञ्चार गर्न सकिन्छ । हाल विश्वका करोडौँ मानिसले इन्टरनेटको प्रयोग गर्दछन् । कम्प्युटरमा इन्टरनेटको प्रयोग गर्नका लागि हाम्रो कम्प्युटर इन्टरनेटमा जडान गरिएको हुनुपर्छ । इन्टरनेटको प्रयोग गर्न एउटा कम्प्युटर र सञ्चार उपकरण, एउटा टेलिफोन तथा तार वा बिनातारको माध्यमको आवश्यकता पर्छ । इन्टरनेटको विशेष सुविधा इलेक्ट्रोनिक मेल वा **इमेल** हो । इमेलको उपयोग गरी फाइल स्थानान्तरण वा

गतिविधि – क्रियाकलाप

इमेल – विद्युतीय पत्र वा चिठी, सन्देश

आदान प्रदान गर्न र **अनलाइन** कुराकानी गर्न सक्छौँ। संसारभरका मानिसका जुनसुकै क्षेत्रको ज्ञान, विचार र अनुभवको साटासाट इमेलमार्फत गर्न सकिन्छ।

कम्प्युटर र इन्टरनेट मानव जीवनका हरेक क्षेत्रमा उत्तिकै उपयोगी छन्। दूर सञ्चार, हुलाक, वायुसेवा, अस्पताल, शिक्षा आदिमा कम्प्युटर र इन्टरनेटको प्रयोग **अपरिहार्य** बनिसकेको छ। कम्प्युटरको प्रयोगले धेरै प्रभावकारी ढङ्गले दस्तावेज लेख्न, सम्पादन गर्न वा भण्डारन गर्न सकिन्छ। छिटोभन्दा छिटो हिज्जे परीक्षण गर्न र शब्दकोशको प्रयोग गर्न सकिन्छ। दृश्य, श्रव्य सामग्रीको माध्यमबाट अध्ययन अध्यापन गर्न सकिन्छ। यो शिक्षक तथा विद्यार्थीका लागि पनि निकै उपयोगी हुन्छ। विद्यालय तथा महाविद्यालयमा शैक्षिक सामग्री शिक्षक तथा विद्यार्थीको तथ्याङ्क राख्ने काममा यो निकै उपयोगी हुन्छ। विद्यालयमा लिइने परीक्षाको नतिजा तयार पार्ने, प्रकाशन गर्ने जस्ता कार्यका लागि पनि कम्प्युटर निकै सहयोगी सिद्ध हुन पुगेको छ। त्यस्तै कक्षामा सहभागी हुन नसक्ने र शारीरिक कमजोरी भएका विद्यार्थीहरूका लागि इन्टरनेटमार्फत अनलाइन शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिन्छ। इन्टरनेटमा मोटा मोटा पुस्तकहरूको सट्टामा छिटो तथा सजिलो गरी तथ्यहरू खोज्न सकिन्छ। विभिन्न क्षेत्रसँग सम्बन्धित नवीनतम समाचार, लेख, रचना, जीवनी, भाषण आदि पढ्न तथा हेर्न सकिन्छ। विद्यालय तथा महाविद्यालयमा दिइने खोज अनुसन्धानात्मक परियोजना कार्य सम्पन्न गर्न इन्टरनेटले ठुलो सहयोग पुऱ्याउँछ। त्यस्तै जटिल हिसाब तथा प्रश्नहरूको उत्तर हामीले इन्टरनेटमा खोज्न सक्छौँ। पढ्दापढ्दै कुनै नयाँ विषयको बारेमा बुझ्नुपऱ्यो भने हामीलाई इन्टरनेटले सहयोग पुऱ्याउँछ। कठिन शब्दहरूको अर्थ बुझ्न पनि इन्टरनेटको प्रयोग गर्न सकिन्छ। **विश्वकोश** तथा पुस्तकालयको पहुँच नहुनेहरूका लागि इन्टरनेट निकै सहयोगी साथी बन्न सक्छ।

अतः कम्प्युटर र इन्टरनेट आजको मानवका लागि वरदान साबित भएका छन्। आज संसारका ज्ञानका सम्पूर्ण कुरा इन्टरनेटमा जोडिएका छन्। कम्प्युटर र इन्टरनेटको प्रयोगबिनाको आजको मानव जीवन अपुरो र अधुरो देखिन थालेको छ। यसर्थ यसको समुचित प्रयोग गरेर बढीभन्दा बढी ज्ञान प्राप्त गर्नु नै सबैभन्दा ठुलो बुद्धिमानी हुने छ।

अनलाइन – इन्टरनेटमा रही सूचना आदान प्रदान गर्ने प्रविधि

अपरिहार्य – नभई नहुने

विश्वकोश – विश्वमा रहेका सम्पूर्ण चिजबिजहरूको जानकारी भएको पुस्तकहरूको सङ्ग्रह

Curriculum Development Centre

अभ्यास

१. कक्षामा आलोपालो गरी पाठ पढेर सुनाऊ ।

२. उत्तर भन :

(क) कम्प्युटरका विशेषताहरू के के हुन् ?

(ख) कम्प्युटरमा कस्तो क्षमता हुन्छ ?

(ग) कम्प्युटरका पिता भनेर कसलाई भनिन्छ ?

(घ) इमेलमार्फत कुन कुन कुरा साटासाट गर्न सकिन्छ ?

३. ठिक बेठिक छुट्याऊ :

(क) खोज र अनुसन्धानमा कम्प्युटरको प्रयोग गरिन्छ ।

(ख) इन्टरनेट कम्प्युटरको माध्यमबाट प्राप्त भएको महत्त्वपूर्ण उपलब्धि हो ।

(ग) इमेल सबैभन्दा ठुलो कम्प्युटर सञ्जाल हो ।

(घ) कम्प्युटर र इन्टरनेट आज अभिशाप सावित भएका छन् ।

४. उपयुक्त शब्द राखी खाली ठाउँ भर :

(क) कम्प्युटर आधुनिक विज्ञानले दिएको अनुपम ..... हो ।

(ख) इमेलको उपयोग गरी ..... गर्न सक्छौँ ।

(ग) विचार र अनुभवको साटासाट ..... मार्फत गर्न सकिन्छ ।

(घ) इन्टरनेटमा जडान भइसकेपछि ..... आफैँमा नेटवर्क हो ।

५. तलका प्रश्नहरूको उत्तर लेख :

(क) कम्प्युटरलाई किन मानव मस्तिष्कसँग तुलना गरिन्छ ?

(ख) कम्प्युटरको उपयोग कुन कुन क्षेत्रमा गर्न सकिन्छ ?

(ग) इन्टरनेटले के के काम गर्छ ?

६. भाव विस्तार गर :

कम्प्युटर र इन्टरनेट मानव जीवनका हरेक क्षेत्रमा उत्तिकै उपयोगी छन् ।

७. कम्प्युटर र इन्टरनेटको प्रयोगबिनाको मानव जीवन अपुरो र अधुरो देखिनुका कारणहरू के के हुन्, खुलस्त पार ।

Curriculum Development Centre

शब्द भण्डार

८. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

सूक्ष्म उपकरण स्वचालित अनुपम मस्तिष्क अपुरो

आफैँ चल्ने अनौठो अति सानो अन्तर्सम्बन्ध अधुरो यन्त्र दिमाग

९. उल्टो अर्थ दिने शब्द छानी जोडा मिलाऊ :

जटिल आदान वैज्ञानिक सजीव स्वीकार

प्रदान अस्वीकार सरल निर्जीव अवैज्ञानिक सार्थक

१०. पाठमा कम्प्युटर, टेलिफोन, डेस्कटप जस्ता प्राविधिक शब्दहरू प्रयोग भएका छन् । पाठबाट दस ओटा प्राविधिक शब्दहरू टिप र वाक्यमा प्रयोग गर ।

११. तलका शब्दको अर्थ लेख :

नियन्त्रण, आर्थिक, जटिलतम, परियोजना

१२. उप + करण = 'उपकरण' भए जस्तै तल दिइएका शब्दमा 'उप' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :

सर्ग, कार, देश, चार, योग

१३. गणित + ईय = 'गणितीय' भए जस्तै तल दिइएका शब्दमा 'ईय' प्रत्यय जोडेर नयाँ शब्द बनाऊ :

ताप, तथ्याङ्क, केन्द्र, गणना, वर्ग, विद्युत्

उच्चारण र हिज्जे

१४. शिक्षकको सहयोग लिएर शुद्धसँग उच्चारण गर र कापीमा सार :

निर्दिष्ट, स्थानान्तरण, गतिविधि, परियोजना

१५. तल दिइएका शब्द समूहबाट शुद्ध शब्द छानेर लेख :

(क) मस्तिश्क, मस्तिष्क, मश्तिस्क

(ख) सक्तीशाली, शक्तिसाली, शक्तिशाली

(ग) परीक्षण, परिक्षण, परिक्षन

(घ) शारिरिक, शारीरिक, शारिरीक

Curriculum Development Centre

१६. पाठको पहिलो अनुच्छेद शुद्धसँग कापीमा सार ।

कार्यमूलक व्याकरण

१७. पाठको पहिलो अनुच्छेदबाट पाँच ओटा विशेषण शब्द खोजेर लेख ।

१८. पाठको पहिलो अनुच्छेदलाई सामान्य भविष्यत् कालमा परिवर्तन गरी पुनर्लेखन गर ।

१९. तलका वाक्यहरू पढ र संयोजक टिप :

कम्प्युटर विज्ञानले दिएको अनुपम उपहार हो किनभने यो धेरै उपयोगी छ । हामी पढ्ने र लेख्ने काममा कम्प्युटरको प्रयोग गर्न सक्छौँ । हामीले यसको महत्त्व बुझेनौँ भने निकै पछि पर्छौँ । त्यसकारण यसको प्रयोगमा हामी सबैले ध्यान दिनुपर्छ ।

सिर्जनात्मक अभ्यास

२०. तलका शीर्षकमा १५० शब्दमा नघटाई प्रबन्ध लेख :

(क) टेलिभिजन (ख) यन्त्र मानव

Curriculum Development Centre

पाठ : १७

हामी एउटै हौं

– मनिक्रमराज शर्मा

(सुस्त सुस्त पर्दा सर्छ । मञ्चमा सफा सुग्घर कोठाको दृश्य छ । एकातिरको सोफामा आमा शान्ति र छोरा कमल बसेका छन् भने अर्कातिरको सोफामा बाबु जनक र छोरी विजया बसेका छन् । सबै टिभीमा नृत्यको कार्यक्रम हेर्दै छन् । टिभीमाथि ठुलो ग्लोब राखिएको छ । पर भित्तानिरको टेबुलमाथि पानी भरिएको जग छ ।)



(कमल आफ्नो ठाउँबाट जुरुक्क उठ्छ र टिभीतिर लाग्छ ।)

कमल – (टिभी बन्द गर्न खोज्दै) यस्तो रद्दी कार्यक्रम पनि हेर्ने ?

शान्ति – (चस्मा झिकेर आँखा पुछ्दै) एकछिन बन्द गरे हुन्छ, म पनि नहेर्ने । (कमल टिभी बन्द गर्छ र टिभी पुछ्न थाल्छ ।)

विजया – (झिजिँदै) छि ! किन निभाएको होला । (टाँसिएर) बुबा, खोल्न भन्नुहोस् न दाइलाई, अर्को कार्यक्रम आउने बेला भइसक्यो क्या ।

जनक – (विजयाको टाउको मुसार्दै) ल, ल, (कमलसँग) कमल, टिभी खोल, बहिनी भन्छे, अब राम्रो कार्यक्रम आउँछ रे ।

कमल – (सम्झे जस्तो गरेर जोसिलो पाराले) बुबा, बरु अस्ति विद्यालयमा खेलेको परिचय खेल खेलौँ, हुँदैन ?

जनक – (सोफाबाट उठेर कमलका **पिठिउँ**मा धाप मार्दै) ठिक भन्यौ कमल, हामी सबै मिलेर परिचय खेल खेल्ने । (विजयातिर हेरेर) कसो विजया ?

विजया – आहा ! परिचय खेल खेल्न क्या मज्जा आउँछ ! बुबा, खेल सुरु गर्नुहोस् न ।

जनक – (पालैपालो सबैलाई हेर्दै) सुरु गर्ने हो त ?

सब – (एकैचोटि) हो हो, सुरु गर्ने ।

जनक – (जनक सानसँग सोफामा बस्दै) लौ त, अब म परिचय खेल सुरु गर्छु । यस खेलमा प्रत्येकले आफ्नो छोटो परिचय दिनुपर्छ । (कमलतिर औँल्याएर) ल, पहिला तिमी आफ्नो छोटो परिचय देऊ । (कमल अलि पर जान्छ र दुवै हात जोडेर उभिन्छ ।)

कमल – (हात जोडेर) मेरो नाम कमल हो । (गर्वसाथ) म केटो हुँ ।

(विजया मस्किँदै उठ्छे र कमलका छेउमा उभिन्छे ।)

विजया – (हात जोडेर) मेरो नाम विजया हो । (गर्वसाथ) म केटी हुँ ।

(शान्ति हाँस्दै विजयाका छेउमा जान्छिन् र उभिन्छिन् ।)

शान्ति – (हात जोडेर) मेरो नाम शान्ति हो । (गर्वसाथ) म महिला हुँ । (जनक लामा लामा पाइला चालेर शान्तिका छेउमा पुग्छन् र उभिन्छन् ।)

जनक – (हात जोडेर) म जनक हुँ । (गर्वसाथ) म पुरुष हुँ । (कपाल कन्याउँदै)

अँ, अब के गर्ने ? (सम्झेर) हो, रेलगाडी हाँक्ने ।

(जनक मुखबाट रेलको लामो सिटी बजाउँछन् र छ्याक् छ्याक् छ्याक् छ्याक्को स्वर निकाल्दै अघि लाग्छन् । अरूहरू उनीबाटै तानिएको झैँ गरी पछि हिँड्छन् ।)

कमल – (आत्तिँदै) रेलगाडी रोक्नुहोस् बुबा, त्यता पुल भत्केको छ ।

पिठिउँ – ढाडको पछाडिको भाग

विजया – नरोक्नुहोस् बुबा, त्यस पुलको मर्मत भइसकेको छ । (जनक उही सुरमा हिँडिरहन्छन् र टिभीका छेउमा पुगेर अडिन्छन् ।)

जनक – (टिभीमाथिको ग्लोब फनन घुमाएर एक एकलाई हेर्दै गम्भीर स्वरमा) ऊ केटा, ऊ केटी, ऊ महिला र म पुरुष । हामी जो जो जे जे भए पनि हामी सबै (फेरि ग्लोब घुमाउँदै) यस **भूमण्डल**का प्राणी हौँ, यस पृथ्वी नामक सुन्दर बगैँचामा फुलेफलेका **कर्मशील** प्राणीवर्ग हौँ । (सबैतिर हेरेर) हामीले हाम्रो यो परिचय बिर्सनु हुँदैन ।

शान्ति – (जोसिएर) हो त, प्राणीहरूमा हामी सर्वश्रेष्ठ प्राणी हौँ । (एक एक अक्षरमा जोड दिँदै) मानव । यो विश्व हामी जस्ता मानवै मानवको उत्तम **सङ्ग्रहालय** र विशाल भण्डार हो ।

कमल – विश्वका असङ्ख्य मानवमध्ये हामी नेपाली हौँ । हाम्रो हिमालको विशाल **माथ** छ, बुद्धको शान्त मन छ र भृकुटीको उदार व्यवहार छ ।

विजया – नेपालीहरू कोही हिमाल, कोही पहाड र कोही तराईमा बस्छन् । म हाम्रो देशको राजधानीमा बस्छु ।

शान्ति – स्याबास्, छोरी ।

जनक – अब यस परिचय खेलको एउटा चक्र पुरा भयो, (प्रश्नात्मक आँखाले हेर्दै) के दोस्रो चक्र पनि खेल्ने ?

सबै – (एकैचोटि) खेल्ने, खेल्ने । (पहिला जनक र पछि अरूहरू सोफामा बस्छन् ।)

जनक – (सबैतिर सरसर्ती आँखा दौडाएपछि विजयालाई हेर्दै) अँ, अब तिमी आफ्नो थप परिचय देऊ ।

विजया – (सानसँग) म छोरी हुँ । (बुबाका आङमा घुस्रिँदै)

भूमण्डल – पृथ्वीको सतह, पृथ्वी, धर्ती

कर्मशील – उद्यमी, कर्मठ

सङ्ग्रहालय – भण्डार, ढुकुटी

माथ – शिर

Curriculum Development Centre

कमल – (यसै गरी) म छोरा हुँ ।

शान्ति – (यसै गरी) म आमा हुँ ।

जनक – (यसै गरी) म पिता हुँ । (एकछिन रोकिएर) विजया ऊ त्यो पानीको जग ल्याऊ त, तिर्खा लाग्यो ।

विजया – (उठेर जाँदै) हस् बुबा ।

(विजया जग ल्याउँछे । जग लिएर जनक घटघटी पानी खान्छन् ।)

जनक – (पानी खाएर जग राख्दै) हामी जो जो जे जे भए पनि हामी सबै मानिसका कलकलाउँदा सन्तति हौँ, **सारसौँदा** वंशज हौँ ।

शान्ति – अनि सुखमा हामी उसै गरी सुखी हुन्छौँ र दुःखमा उसै गरी दुःखी हुन्छौँ । स्नेह पाउँदा हाम्रो मन मयूर झैँ प्वाँख फिँजाएर नाच्न थाल्छ र पीडा पाउँदा कालो बादल झैँ धुम्म पर्छ ।

कमल – हामी सबैका **रक्तवाहिनी शिरा**मा जस्तै रातो र तातो रगत बग्छ । हामीलाई चोट पटक लाग्दा एउटै रातो रङको रगत आउँछ, फरक रङको आउँदैन ।

विजया – हामी सबैका शरीरमा सेता सेता र दरा दरा हाड अनि करङहरू छन् ।

जनक – हामी सबै यस राष्ट्रका जिउँदा र स्वतन्त्र नागरिक हौँ ।

कमल – हामी सबै यस राष्ट्रको सीमा रक्षामा **तैनाथ** सजग प्रहरी हौँ ।

शान्ति – हामी सबै यस देशका भक्त हौँ, सच्चा राष्ट्रभक्त ।

सबै – (एउटै स्वरमा) हामी एक हौँ । हाम्रो परिचय पनि एउटै छ ।

जनक – (उभिएर हात थाप्दै) म पुरुष हुँ, तर म नेपाल आमाको सन्तान हुँ ।

शान्ति – (जनकका हातमाथि आफ्नो हात राख्दै) म महिला हुँ तर नेपाल आमाकी सन्तान हुँ।

कमल – (शान्तिका हातमाथि आफ्नो हात राख्दै) म केटा हुँ, तर म नेपाल आमाको सन्तान हुँ ।

सारसौँदा – तन्दुरुस्त, हृष्टपुष्ट, सबैभन्दा श्रेष्ठ, उत्तम

रक्तवाहिनी शिरा – रगत बग्ने नसा

तैनाथ – नियुक्त, खटिएको

Curriculum Development Centre

विजया – (कमलका हातमाथि आफ्नो हात राख्दै) म केटी हुँ, तर म नेपाल आमाकी सन्तान हुँ ।

सबै – (एकैचोटि) हामी एउटै हौँ, हामी एउटै हौँ ।

जनक – (हाँस्दै) अब आजको परिचय खेल यहीँ टुङ्गिन्छ । (सबैले मेलैसँग आफ्ना आफ्ना हात निकाल्छन् ।)

विजया – (कर गर्दै) दाइ, अब टिभी खोल्नुहोस् न ।

कमल – आऊ, सँगै खोलौँ ।

(दुवै हातेमालो गरेर टिभीतिर जान्छन् । जनक र शान्ति सोफामा बसेर **प्रसन्न** मुद्रामा उनीहरूको क्रियाकलाप हेरिरहन्छन् । (पर्दा बन्द हुन्छ ।)

प्रसन्न – हर्षित, प्रफुल्ल, खुसी

अभ्यास

१. 'हामी एउटै हौँ' एकाङ्कीका पात्रहरूको संवादलाई हाउभाउसहित सस्वर वाचन गर ।

२. उत्तर भन :

(क) 'हामी एउटै हौँ' कस्तो विधा हो ?

(ख) यस एकाङ्कीमा कति जना पात्र छन् ?

(ग) स्नेह पाउँदा हाम्रो मन के गर्न थाल्छ ?

(घ) कमलले बुबालाई किन रेलगाडी रोक्न अनुरोध गऱ्यो ?

(ङ) पीडा हुँदा हाम्रो मन कस्तो हुन्छ ?

३. पाठका आधारमा ठिक बेठिक छुट्याऊ :

(क) विजया हाम्रो देशको राजधानीमा बस्छिन् ।

(ख) हामी सबै यस राष्ट्रको सीमा रक्षामा तैनाथ सजग प्रहरी हौँ ।

Curriculum Development Centre

(ग) विश्वका असङ्ख्य मानवमध्ये हामी नेपाली हौँ ।

४. सङ्क्षिप्त उत्तर देऊ :

(क) कमलले टिभी बन्द गर्न र विजयाले खोल्न आग्रह गर्नुको कारण के हो ?

(ख) जनकले मानिसको परिचय कसरी दिएका छन् ?

(ग) शान्तिले विश्वलाई के भनेकी छिन् ?

(घ) एकाङ्कीमा नेपालीहरूको परिचय कसले के भनेर गराएको छ ?

५. व्याख्या गर :

(क) यो विश्व हामी जस्ता मानवै मानवको उत्तम सङ्ग्रहालय र विशाल भण्डार हो ।

(ख) हामी सबै यस राष्ट्रको सीमा रक्षामा तैनाथ प्रहरी हौँ ।

(ग) स्नेह पाउँदा हाम्रो मन मयूर झैँ प्वाँख फिँजाएर नाच्न थाल्छ र पीडा पाउँदा कालो बादल झैँ धुम्म पर्छ ।

६. 'हामी एउटै हौँ' एकाङ्कीको मुख्य सन्देश लेख ।

शब्द भण्डार

७. उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

शान्त उत्तम प्रश्न

अनुत्तम अशान्त राष्ट्र उत्तर

८. तलका शब्दको अर्थ लेख :

माथ, तैनाथ, कर्मशील, प्रसन्न, गर्वसाथ

९. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

सन्तति, चक्र, स्वतन्त्र, भूमण्डल, प्वाँख फिँजाएर नाच्नु, धुम्म पर्नु

Curriculum Development Centre

उच्चारण र हिज्जे

१०. शुद्धसँग उच्चारण गर :

रक्तवाहिनी, घुस्रिँदै, सङ्ग्रहालय, नृत्य, वंशज, स्वर

११. शुद्ध गरी सार :

हामी एस भुमन्डलका प्राणी हौ, यस पृथ्वीनामक सुन्दर वगँचामा फलेफुलेका कर्मशिल प्राणीबर्ग हौँ ।

१२. शिक्षकबाट सुनेर लेख :

हो त, प्राणीहरूमा हामी सर्वश्रेष्ठ प्राणी हौँ । (एक एक अक्षरमा जोड दिँदै) मानव । यो विश्व हामी जस्ता मानवै मानवको उत्तम सङ्ग्रहालय र विशाल भण्डार हो ।

कार्यमूलक व्याकरण

१३. उदाहरणमा दिए जस्तै गरी तल दिइएका निपातहरूलाई वाक्यमा प्रयोग गर :

उदाहरण :

सुरु गर्ने हो **त** ! **लौ त,** अब परिचय खेल सुरु हुन्छ । **ल** तिमी आफ्नो परिचय देऊ । अब टिभी खोल्नोस् **न** ।

नि, पो, क्यारे, त, ल, लौ, न, खै, रे, है, अँ, अहँ, नै

१४. पाठमा खेलौँ, गरौँ जस्ता इच्छार्थक क्रियापदहरू प्रयोग भएका छन् । तिमीले कुनै पाँच ओटा इच्छार्थक क्रियापदहरू टिप र तिनलाई वाक्यमा प्रयोग गर ।

१५. पाठमा 'देऊ, खेल, ल्याऊ' जस्ता आज्ञार्थक क्रियापदहरू प्रयोग भएका छन् । पाठमा प्रयोग भएका यस्ता क्रियापदहरू खोज र कापीमा लेख ।

सिर्जनात्मक अभ्यास

१६. तिम्रो साथीसँग हाट बजार, जात्रा, मेला वा पर्वका अवसरमा घुम्न जाँदाको अनुभव समेटेर छोटो संवाद तयार पार ।

Curriculum Development Centre

पाठ : १८

आह्वान

– जीवनाथ धमला

हातहरू चल्दै छन्, चल्नुपर्छ अझै
माटो बोकेर मुठीहरूमा
मनहरू जाग्दै छन्, जाग्नुपर्छ अझै
विश्वास भिरेर आँखाहरूमा
माटो देश हो
देश मुटु हो
जहाँ **ज्वाला** अकासिन्छ **अस्तित्व**को
भक्ति वा बलभद्रका नसाहरूमा
जहाँ **वर्चस्व** फैलिन्छ **बोधिसत्त्व**को
कैलाशका निश्छल **करेसा** र **आँगन**हरूमा
आऊ, तिम्रै हुन्

ज्वाला – दनदन बलेको आगोबाट उठेको आगाको राँको

अस्तित्व – आफ्नो मूल्य र महत्त्वको खोजी गर्ने दार्शनिक विचार

वर्चस्व – आफ्नो बल वा शक्तिले प्राप्त स्थान, अधिकार

बोधिसत्त्व – बुद्धत्त्व प्राप्तिको खोजीमा लागेको व्यक्ति, बुद्ध बन्ने अधिकार

कैलाश – हिमालय पर्वतमा मानसरोवरको किनारमा रहेको प्रसिद्ध शिखर, पवित्र तीर्थ स्थल

करेसा – घरको दायाँबायाँ भागमा रहेको आँगनबाहेकको जग्गा

आँगन – घरको अगाडिपट्टि रहेको ताछीखुर्की बनाइएको मिलेको जग्गा

Curriculum Development Centre

भन्ज्याङ अनि मैदानका चौतारी र **बिसौनी**हरू
जहाँ देश पसिनाका घुड्कीहरूले थकाइ बिसँदै
गीतका भाखाहरूमा नयाँ युग डाकिरहेछ ।
टेक्नुपर्छ, अब पैतालाले सम्भावनाका **भिर**हरूमा
दुधमुखे छोराको पेट भर्न र जाडो छोप्न
रामबहादुरहरू विदेश जानु हुँदैन
वर्षामा जुठे, बिर्खे र सानीहरू अब भिज्नु हुँदैन
मेची महाकाली कतै पनि अलिकति देश दुख्नु हुँदैन
कसैका पनि आँखाहरूबाट पीडाका थोपाहरू खस्नु हुँदैन
आऊ तिम्रै हुन्
लाली गुराँस र रारा दहको निर्विकार सौन्दर्य
जहाँ देश तिम्रा **बर्कत**हरूको चोखो स्पर्श मागिरहेछ ।

भन्ज्याङ – पहाडको फेदबाट माथि चढेपछि आउने समथर भाग

बिसौनी – भरियाहरू वा अन्य व्यक्तिले आफ्नो भारी बिसाउने र आड पाउने ठाउँ

भिर – ठाडो र एकदमै कडा चट्टानले बनेको डरलाग्दो पहरो

बर्कत – शक्ति, क्षमता, बुता

अभ्यास

१. पाठमा दिइएको कविता लय मिलाई वाचन गरेर सबैलाई सुनाऊ ।

२. उत्तर भन :

(क) मनहरूले अझै के गर्नुपर्छ ?

(ख) देश के के हो ?

Curriculum Development Centre

(ग) अस्तित्वको ज्वाला कहाँ अकासिन्छ ?

(घ) पैतालाहरूले कहाँ टेक्नुपर्छ ?

(ङ) रामबहादुरहरू किन विदेश जानु हुँदैन ?

३. पाठमा हेरेर खाली ठाउँ भरी कविताका हरफहरू पुरा गर :

हातहरू ..... अझै

माटो ..... मुठीहरूमा

मनहरू ..... अझै

विश्वास ..... आँखाहरूमा

माटो ..... हो

४. सङ्क्षिप्त उत्तर देऊ :

(क) 'आह्वान' कवितामा किन मनहरू अझै जाग्नुपर्छ भनिएको हो ?

(ख) पाइतालाहरूले सम्भावनाका भिरहरूमा किन टेक्नुपर्छ ?

(ग) 'आह्वान' कवितामा नेपालको गरिबीलाई कसरी प्रस्तुत गरिएको छ ?

(घ) 'आह्वान' कविताको मुख्य भाव के हो ?

५. व्याख्या गर :

मेची महाकाली कतै पनि अलिकति देश दुख्नु हुँदैन
कसैका पनि आँखाहरूबाट पीडाका थोपाहरू खस्नु हुँदैन

६. कवितामा कविले भोलिको नेपालको सुन्दर चित्र कसरी उतारेका छन् ? आफ्नै शैलीमा लेख ।

शब्द भण्डार

७. उल्टो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

विश्वास	जाडो	वर्षा	मैदान	फैलिन्छ	
टापु	खुम्चिन्छ	रित्याउन	गर्मी	अविश्वास	हिउँद

Curriculum Development Centre

८. मिल्दो अर्थ दिने शब्द छानेर जोडा मिलाऊ :

चोखो बर्गत आँखा पीडा आकाश

शक्ति दुःख पवित्र नेत्र जाडो गगन

९. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

मुटु, चौतारी, स्पर्श, पसिना, ज्वाला, पेट भर्नु, जाडो छोप्नु

१०. निर् + विकार = 'निर्विकार' भए जस्तै तलका शब्दमा 'निर्' उपसर्ग लगाएर नयाँ शब्द बनाऊ :

माया, दोष, धन, विकल्प, जन

११. तलका शब्दको अर्थ लेख :

पीडा, भिर, सम्भावना, बर्गत, कैलाश

उच्चारण र हिज्जे

१२. तलका शब्दहरू शुद्धसँग उच्चारण गर :

भक्ति, बलभद्र, बोधिसत्त्व, वर्चस्व, अस्तित्व

१३. 'आह्वान' कविताका अन्तिम दुई हरफ शिक्षकबाट सुनेर लेख ।

१४. पाठमा 'चल्नुपर्छ, जाग्नुपर्छ' जस्ता आधा अक्षर लागेका क्रियापदहरू प्रयोग भएका छन् । त्यस्तै आधा अक्षर लागेका अरू पाँच ओटा क्रियापद खोजेर कापीमा सार ।

१५. पाठमा 'ज्वाला, अस्तित्व' जस्ता आधा अक्षर लागेका क्रियापद बाहेकका अरू धेरै शब्दहरू प्रयोग भएका छन् । त्यस्ता पाँच ओटा शब्दहरू पाठबाट खोजेर लेख ।

Curriculum Development Centre

कार्यमूलक व्याकरण

१६. माथिको पाठमा 'हात, माटो, मुठी' जस्ता धेरै नाम शब्दहरू प्रयोग भएका छन् । पाठबाट दस ओटा नाम शब्दहरू खोजेर लेख ।

१७. उदाहरण हेरी अकरण क्रियापद प्रयोग गरी देशको बारेमा पाँच ओटा वाक्यहरू लेख :

उदाहरण :

रामबहादुर विदेश **जानु हुँदैन ।**

वर्षामा जुठे, बिर्खे र सानीहरू अब **भिज्नु हुँदैन** ।

मेची महाकाली कतै पनि अलिकति देश **दुख्नु हुँदैन** ।

कसैका पनि आँखाहरूबाट पीडाका थोपाहरू **खस्नु हुँदैन** ।

सिर्जनात्मक अभ्यास

१८. पाठमा दिइएको कविता राम्ररी पढी त्यस्तै शैलीमा 'म विद्यार्थी' शीर्षकमा कविता लेखेर शिक्षकलाई देखाऊ ।

Curriculum Development Centre

पाठ : १९

सिंह र स्यालको कथा

धेरै पहिलेको कुरा हो । एउटा ठुलो जङ्गल थियो । त्यस जङ्गलमा भाले र पोथी सिंहको एउटा जोडी बस्थ्यो । तिनीहरू एक आपसमा खुबै मिल्थे, जङ्गलमा **विहार** गर्थे, सिकार खेल्थे । तिनीहरूका ती दिनहरू निकै रमाइला थिए । एक दिन पोथी सिंहले दुई ओटा बच्चा जन्मायो । बच्चा जन्मेपछि भाले सिंहले भन्यो, "प्रिया ! अब तिमी बच्चाकी आमा भयौ । आजदेखि तिमी बच्चाको रेखदेख गर्ने छौ । म सिकारको व्यवस्था गर्छु ।" पोथी सिंहले पनि उसको कुरामा समर्थन जनायो । भाले सिंहले दिनदिनै जङ्गली जनावरहरूलाई मारेर ल्याउन थाल्यो ।

एक दिनको कुरा हो । भाले सिंह सधैँ झैँ सिकारको खोजी गर्दै पुरा जङ्गल घुम्यो । कतै केही भेट्टाएन । साँझ परिसकेको थियो । सूर्य **क्षितिज**मा डुब्नै आँटेको थियो । जङ्गलमा घाँस दाउरा गर्न गएका मानिसहरू पनि आआफ्ना घरतिर फर्किँदै थिए । भाले सिंह पनि जङ्गलमा घुम्दाघुम्दै थकित भएर घरतिर फर्किँदै थियो । उसले बाटामा एउटा स्यालको बच्चो देख्यो । ऊ खुसी भयो । "आहा ! क्या राम्रो स्यालको बच्चो रहेछ । अब यसैलाई लैजानुपर्‍यो ।" उसले सोच्यो । त्यसपछि उसले त्यस स्यालको बच्चोलाई जिउँदै घरमा ल्यायो र पोथी सिंहलाई बुझायो ।

जिउँदो स्यालको बच्चो देखेर पोथी सिंह आश्चर्य चकित भयो । सधैँ जनावरहरूलाई मारेर ल्याउँथे । आज किन जिउँदो स्यालको बच्चो ल्याए ? उसको मनमा प्रश्न उब्जियो । अनि भाले सिंहलाई सोध्यो, "आज तिमीले मेरो भोजनका लागि कुनै व्यवस्था मिलाइदियौ ? कुनै प्राणी मारेर ल्याइदिएका छौ ?" पोथी सिंहको कुरा सुनेर भाले सिंहले भन्यो, "हेर प्रिया ! आज यो स्यालको बच्चोबाहेक अरू कुनै प्राणी फेला परेन । यसलाई पनि बालक ठानेर मारिनँ ।" शास्त्रमा पनि विद्वान्, विदुषी, **ब्रह्मचारी** र बालकलाई कहिल्यै मार्नु हुँदैन भनिएको छ । यो त बाटामा एक्लै रहेछ । मलाई देखेर भाग्नुको सट्टा झन् नजिक पो आयो । यदि कोही विश्वास गरेर आफूसँग आएको छ भने त्यसलाई मार्नु हुँदैन । अझ यो बच्चो त हाम्रो बिचमा

विहार – घुमफिर गर्ने काम

क्षितिज – पृथ्वी र आकाश जोडिएको जस्तो देखिने ठाउँ

ब्रह्मचारी – व्रत आदि नियम पालन गर्ने धर्मात्मा व्यक्ति, ब्रह्मचर्य आश्रममा रहने व्यक्ति

खुसी नै देखिन्छ। तिमीलाई कुनै भोजनको व्यवस्था भएन भने यसैको सिकार गरेर आफ्नो छाक टार। भोलि बिहान हुनेबित्तिकै अर्को कुनै खानेकुराको बन्दोबस्त गरुँला।" भाले सिंहले भन्यो।

भाले सिंहको कुरा सुनेपछि पोथी सिंहले भन्यो, "तिमीले यसलाई बच्चो ठानेर मारेनौ। म पनि आफ्नो पेट भर्नका लागि यसको हत्या किन गर्छु र ? ज्यानै जाने अवस्था आइलाग्दा पनि गर्न नहुने काम कहिल्यै कसैले गर्नु हुँदैन। यो स्यालको बच्चो अहिले हाम्रो **शरण**मा छ। शरणको मरण कहिल्यै गर्नु हुँदैन। यो **सनातन** धर्म पनि हो।"

पोथी सिंहले फेरि भन्यो, "आजदेखि यो मेरो तेस्रो बच्चो हुने छ।" यसपछि पोथी सिंहले त्यस स्यालको बच्चोलाई आफ्नो दुध खुवाएर हुर्काउन थाल्यो। सिंहका परिवारमा तिन ओटै बच्चाहरू सँगै हुर्किन थाले। उनीहरू सँगै मिलिजुली खेल्ने, खाने, बस्ने र घुमफिर गर्ने गर्थे। यसरी उनीहरूको बाल्यकाल बित्यो। तिनको शारीरिक बनोटमा पनि भिन्नता देखिन थाल्यो। तैपनि परिवारमा कहिल्यै को कसको सन्तान भन्ने विषयमा छलफल नै भएन। तिन ओटै बच्चाहरू हुर्किँदै र बढ्दै गए। तिनीहरूका यी दिनहरू खुब आनन्दका थिए।

एक दिनको कुरा हो। उनीहरू जङ्गलमा खेलिरहेको बेला हठात् एउटा जङ्गली हात्ती देखा पऱ्यो। त्यसलाई देख्नेबित्तिकै सिंहका दुई ओटा बच्चाहरू रिसाउँदै झम्टन पुगे। यो देख्नासाथ स्यालको बच्चोले तिनीहरूलाई रोक्दै भन्यो, "अरे भाइ हो ! यो तिमीहरूको कुलको **जन्मजात**

शरण – कुनै कठिन वा दुःखद अवस्थामा कसैको आड लिएर सुरक्षित रहने काम

सनातन – पहिलेदेखि चलिआएको

जन्मजात – जन्मैदेखिको, जन्मसिद्ध

शत्रु हात्ती हो । त्यसैले तिमीहरू यसका अगाडि जानु हुँदैन ।" भाइहरूलाई यति भन्नासाथ ऊ घरतिर **टाप कस्यो** । स्याल दाजु भागेको देखेपछि सिंहका बच्चाहरू पनि निराश भएर फर्किए ।

घरमा पुगेपछि ती दुई भाइले पोथी सिंहका अगाडि घटनाको सबै वृत्तान्त बताए । आफ्नो स्याल दाइलाई निकै खिसी र ख्यालठट्टा गर्दै उडाए । उनीहरूले हात्तीलाई देख्ने बित्तिकै ऊ आत्तिएर भागेको र आफूहरूलाई पनि भाग्ने सल्लाह दिएको कुरा सुनाए । सिंहका बच्चाहरूको कुरा सुनेर स्यालको बच्चो खुब रिसायो । उसका ओठहरू रिसले थरथरी काँप्न थाले । उसका आँखा राता भए । उसले आँखीभौँ समेत बाङ्गा र टिङ्गा पार्दै दुई भाइलाई गाली गर्न थाल्यो । यत्तिकैमा पोथी सिंहले उसलाई एकान्तमा लगेर सम्झाउँदै भन्यो, "बाबु ! तिमी त्यसरी नरिसाऊ । ती दुवै तिम्रा भाइहरू हुन् ।"

पोथी सिंहका कुरा सुन्नासाथ ऊ रिसले झन् आगो भयो । उसले भन्यो, "के म **शौर्य,** विद्या, रूप, सिप आदि केहीमा तिनीहरू भन्दा कम छु र ? यिनीहरूले किन मलाई यसरी हेपिरहेका छन् ?"

स्यालका बच्चोको त्यत्रो **आक्रोश** देखेर पोथी सिंह सोचमग्न भयो । त्यसको जीवन रक्षा गर्नु उसको कर्तव्य थियो । यदि झगडा भइहालेमा सिंहका दुई ओटा बच्चाहरूले उसलाई सिध्याउने थिए । त्यसैले पोथी सिंहले संयमित भएर हाँस्तै भन्यो, "बाबु ! तिमीले भनेको कुरा ठिक हो । तिमी वीर, विद्वान् र देख्नमा पनि राम्रा छौ तर तिमी जुन कुलमा जन्मिएका थियौ, त्यस कुलमा हात्तीको सिकार गरिँदैनथ्यो ।"

पोथी सिंहको कुरा सुनेर स्याल झस्कियो । त्यसै बेला पोथी सिंहले अझ राम्ररी सम्झाउँदै भन्न थाल्यो । "सुन, अब म सबै सत्य कुरा बताउँछु । बाबु ! तिमी स्यालको बच्चो हौ । मैले तिमीलाई माया गरेर मेरो दुध खुवाएर हुर्काएँ । ती मेरा छोराहरूले अहिले तिमीलाई स्याल भनेर चिनिसकेका छैनन् । त्यसैले तिमी यहाँबाट भाग र आफ्नै कुलका स्यालहरूसँग मिलेर बस । यदि त्यसो गरेनौ भने पछि यिनीहरूले तिमीलाई मार्ने छन् ।

टाप कस्नु – भाग्नु

शौर्य – पराक्रम, वीरता

आक्रोश – रिस, क्रोध

पोथी सिंहको कुरा सुनेपछि ऊ डरले थर्कमान भयो । सिंहका छोराहरूसित झगडा नहुँदा उनीहरू खुसी थिए । समय बित्दै जाँदा झगडाले परिस्थिति बदलियो । यसले गर्दा उनीहरूको बिचमा ठुलो अविश्वास देखा पऱ्यो । सबैको खुसी एकाएक खोसियो । स्याल आफू एक्लै भएकाले निकै आत्तियो । आफ्नो ज्यान जोगाउन त्यहाँबाट **कुलेलम ठोक्यो** । अनि कहाँ गएर आफ्नो स्यालको बथानसँगै मिसियो, कसैलाई थाहा भएन ।

"शरणमा आएकालाई संरक्षण गर्नुपर्छ । आपसमा कहिल्यै झगडा गर्नु हुँदैन । उचित समयमा सही कुरा बताउनुपर्छ । सकेसम्म सबैको भलो गर्नुपर्छ । यो हामी सबैको कर्तव्य हो । यो कुरा अब म मेरा सन्तानलाई पनि सिकाउँछु ।" पोथी सिंहले मनमनै सोच्यो ।

कुलेलम ठोक्नु – अरूलाई थाहा नदिई भाग्ने काम, सुइँकुच्चा ठोक्नु

अभ्यास

१. पाठ पालैपालो पढेर कक्षामा सुनाऊ ।

२. उत्तर भन :

(क) भाले र पोथी सिंहको जोडी कहाँ बस्थ्यो ?

(ख) पोथी सिंहले कति ओटा बच्चा जन्मायो ?

(ग) पोथी सिंह किन आश्चर्य चकित भयो ?

(घ) सिंहका छोराहरू कसलाई झम्टन पुगे ?

(ङ) सिंहका बच्चाहरू किन निराश भए ?

३. पाठबाट ठिक शब्द खोजेर खाली ठाउँ भर :

(क) सिंहको परिवारमा ..... बच्चाहरू सँगै हुर्किन थाले ।

(ख) पोथी सिंहले ..... भएर हाँस्तै भन्यो ।

Curriculum Development Centre

(ग) शरणको ..... कहिल्यै गर्नु हुँदैन ।

(घ) यसलाई पनि आफ्नो ..... बच्चो ..... मारिनँ ।

४. तलका भनाइ कसले कसलाई किन भनेको हो, लेख :

(क) आहा ! क्या राम्रो स्यालको बच्चो रहेछ ।

(ख) आजदेखि यो मेरो तेस्रो बच्चो हुने छ ।

(ग) यो सनातन धर्म पनि हो ।

(घ) तिमी वीर, विद्वान् र देख्नमा पनि राम्रा छौ ।

(ङ) बाबु ! तिमी स्यालको बच्चा हौ ।

५. तलका प्रश्नहरूको उत्तर लेख :

(क) भाले सिंहले स्यालको बच्चोलाई किन मारेन ?

(ख) पोथी सिंहले स्यालको सिकार गर्न नमान्नुको कारण के हो ?

(ग) तिन ओटा बच्चाहरूका दिनहरू कसरी बितेका थिए ?

(घ) स्यालको बच्चो सिंहका बच्चाहरूसँग किन रिसायो ?

(ङ) स्यालको बच्चो किन डरले थर्कमान भएर भाग्नुपऱ्यो ?

(च) यस कथाले दिन खोजेको सन्देश के हो ?

६. भाव स्पष्ट पार :

ज्यानै जाने अवस्था आइलाग्दा पनि गर्न नहुने काम कहिल्यै कसैले गर्नु हुँदैन ।

शब्द भण्डार

७. तलका शब्दको अर्थ भन :

वृत्तान्त, सनातन, विदुषी, क्षितिज, हठात्

Curriculum Development Centre

८. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

टाप कस्नु, ज्यान जोगाउनु, आगो हुनु, कुलेलम ठोक्नु, निराश हुनु, शरणको मरण गर्नु

उच्चारण र हिज्जे

९. शुद्ध गरी सार :

उसले भन्यो के म शौर्य, विद्या, रुप, सीप आदी केहिमा तिनिहरू भन्दा कम छु र

१०. पाठको अन्तिम अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

११. शुद्धसँग उच्चारण गर :

आँखीभौँ, ब्रह्मचारी, शास्त्र, व्यवस्था, परिस्थिति, आक्रोश

१२. तलका शब्दको सुरुको अक्षरमा शिरबिन्दु थपेर शुद्ध गर :

जस्तै : सिह – सिंह

सिह, सवाद, सास्कृतिक, सहार, मासाहारी, सस्था, सस्कार, ससार, सरचना, सयोग

कार्यमूलक व्याकरण

१३. पढ र बुझ :

(क) पूर्ण विराम (।)

- मैले तिमीलाई माया गरेर हुर्काएँ ।
- अब म सबै सत्य कुरा बताउँछु ।

(ख) प्रश्न चिह्न (?)

- यिनीहरूले किन मलाई यसरी हेरिरहेका छन् ?
- कुनै प्राणी मारेर ल्याइदिएका छौ ?

Curriculum Development Centre

(ग) अल्प विराम चिह्न (,)

- शास्त्रमा पनि विद्वान्, विदुषी, ब्रह्मचारी र बालकलाई कहिल्यै मार्नु हुँदैन भनिएको छ ।

- उनीहरू मिलिजुली खेल्ने, खाने, बस्ने र घुमफिर गर्ने गर्थे ।

(घ) अर्ध विराम (;)

- तिनीहरू खुबै मिल्थे ; जङ्गलमा विहार गर्थे ; सिकार खेल्थे ।

(ङ) उद्गार चिह्न (!)

-आहा ! क्या राम्रो स्यालको बच्चो रहेछ ।

- प्रिया ! अब तिमी बच्चाकी आमा भयौ ।

(च) योजक चिह्न (-)

- जङ्गलमा घाँस दाउरा गर्न गएका मानिसहरू पनि समयमा नै आआफ्ना घर-तिर फर्कँदै थिए ।

(छ) कोष्ठक चिह्न ( )

- नेपाल भूपरिवेष्ठित (चारैतिर जमिनले घेरिएको) देश हो । यसको राजधानी काठमाडौँ उपत्यका (चारैतिर पहाडले घेरिएको समथर भूभाग) निकै सुन्दर छ । पाल्पाबाट काठमाडौँ पुग्न थुप्रै भन्ज्याङहरू (पहाडको फेदीबाट माथि चढेपछि आउने समथर भाग) पार गर्नुपर्छ ।

(ज) उद्धरण चिह्न (“ ”) (‘ ’)

- पोथी सिंहले भन्यो, “आजदेखि यो मेरो तेस्रो बच्चो हुने छ ।”

- मैले ‘सिंह र स्याल’ कथा पढेँ ।

Curriculum Development Centre

(झ) निर्देशक चिह्न (:)

तल दिइएका शब्दहरूको अर्थ लेख :

संरक्षण, शरण, सन्तान

शब्द र वाक्यको एक आपसमा सम्बन्ध देखाउन, अर्थ खुलस्त पार्न र भावमा सिलसिला मिलाउन लेखाइमा प्रयोग गरिने चिह्नहरूलाई लेख्य चिह्न भनिन्छ । भावलाई राम्रोसँग व्यक्त गर्न उपयुक्त चिह्नहरूको प्रयोग गर्नुपर्छ । नत्र वाक्यको अर्थ कठिन हुन गई अर्थको अनर्थ पनि हुन सक्छ ।

- कुनै भनाइ पुरा भएपछि वाक्यको अन्त्यमा प्रयोग गरिने चिह्नलाई पूर्ण विराम चिह्न (।) भनिन्छ । पूर्ण विराम चिह्नले वाक्य पुरा भएको सङ्केत गर्छ ।
- कुनै कुराको उत्तर जान्ने जिज्ञासा राख्दा प्रश्न चिह्न (?) को प्रयोग गरिन्छ ।
- वाक्यमा एकै किसिमका शब्दहरू क्रमिक रूपमा आए भने अल्प विराम चिह्नको प्रयोग गरिन्छ । यस चिह्नले वाक्यमा छोटो अडानलाई जनाउँछ ।
- कुनै वाक्यको सहयोगी भएर आउने विभिन्न उपवाक्यका बिचमा अर्ध विराम चिह्नको प्रयोग गरिन्छ ।
- हर्ष, घृणा, आश्चर्य आदि बुझाउन उद्गार चिह्नको प्रयोग गरिन्छ । यसलाई विस्मय सूचक चिह्न पनि भनिन्छ ।
- दुई वा दुईभन्दा बढी शब्दलाई जोड्नुपर्दा र हरफको अन्त्यमा शब्द नअटाई अर्को हरफमा लेख्नुपरेमा योजक चिह्नको प्रयोग गरिन्छ ।
- वाक्यको बिचमा कुनै शब्दको अर्थलाई स्पष्ट पार्नुपरेमा कोष्ठक चिह्नको प्रयोग गरिन्छ ।
- कसैको भनाइलाई जस्ताको तस्तै राख्दा उद्धरण चिह्नको प्रयोग गरिन्छ ।
- कुनै कुरालाई तोकेर देखाउँदा वा निर्देशन गर्दा निर्देशन चिह्नको प्रयोग गरिन्छ ।

१४. उपयुक्त चिह्नको प्रयोग गरी शुद्ध गर :

पोथी सिंहले भन्यो सुन अब म सबै सत्य कुरा बताउँछु बाबु तिमी एउटा स्यालको बच्चा हौ ।

१५. पाठबाट प्रश्न चिह्न र उद्धरण चिह्न प्रयोग भएका दुई दुई ओटा वाक्यहरू खोजेर लेख ।

Curriculum Development Centre

१६. **पाठको पहिलो अनुच्छेद पढ र पूर्ण विराम चिह्न लागेका पाँच ओटा वाक्यहरू लेख ।**

सिर्जनात्मक अभ्यास

१७. **तलका बुँदाहरूका आधारमा छोटो कथा लेख र शीर्षक पनि देऊ :**

कुनै गाउँमा झुटो बोल्ने कालु नाम गरेको केटो हुनु ... सधैँ जङ्गलमा बाख्रा चराउन जानु ..... बाघ आयो गुहार ! गुहार !! गुहार !!! भनेर रुखमा चढेर कराउनु .....गाउँलेहरू बाघ धपाउन जङ्गलमा दौडनु.....बाघ नभेट्नु..... कालुले बारम्बार यो घटना दोहोऱ्याइरहनु.....गाउँलेहरू कालुका व्यवहारबाट दिक्क हुनु ..... एक दिन साँच्चै बाघ आउनु.....कालु गुहार ! गुहार !! बाघ आयो भनेर कराउनु.....गाउँलेहरू कोही पनि नआउनु .....बाघले कालुका सबै बाख्रा मारेर खानु .....कालु रुँदै रुँदै घर फर्किनु.....झुठो बोल्दा आफैँ पछुताउनुपर्छ भन्ने सन्देश दिनु ।

१८. **तिमीले सुनेको कुनै एउटा लोककथा लेखेर कक्षामा साथीहरूलाई सुनाऊ ।**

Curriculum Development Centre

पाठ : २०

नेपाली संस्कृति

नेपाल हिमाल, पहाड र तराईको विविधताले भरिएको सुन्दर बगैँचा हो । बगैँचामा रङ्गीचङ्गी फुलहरू रहे झैँ यहाँ धेरै जातजाति छन् । यहाँ रङ्गी बिरङ्गी चरा चुरुङ्गीहरूका मिठा गीत जस्तै धेरै किसिमका भाषा छन् । अनेकौँ मठ, मन्दिर, गुम्बा, मस्जिद र गिर्जाघर छन् । यहाँ अनेकौँ चाडपर्व, रीति रिवाज र प्रचलनहरू छन् । अनेकौँ मुहानबाट निस्केका पवित्र नदी जस्तै यहाँ अनेकौँ परम्परा र मान्यता छन् । नेपाल विभिन्न जातिहरूको सङ्गम स्थल पनि हो । यसलाई विभिन्न जातका फुलको साझा फुलबारी पनि भनिन्छ । यहाँका यिनै विविधतामय समाजको जगमा नेपाली संस्कृतिको उदय भएको हो । त्यसैले नेपाली संस्कृति नेपाली समाजको असल व्यवहार, मान्यता र भावनाको एउटै स्वरूप हो । यसभित्र तमाम जातजाति, भाषाभाषी र **धर्मावलम्बी**हरूका विचार र भावना मिलेका छन् ।

रङैरङको सुन्दर सृष्टि **इन्द्रेणी** हो । त्यसै गरी विविध जाति, वेश र परम्पराको उपज नेपाली संस्कृति हो । इन्द्रेणीका हरेक रङको अलग्गै परिचय र विशेषता हुन्छ । तर पनि तिनीहरूको समन्वित एकता ती सबैलाई सजाउने नयाँ सिर्जना बनेको हुन्छ ।

धर्मावलम्बी – धर्मका अनुयायी ***इन्द्रेणी*** – इन्द्र धनुष

नेपालमा अनेक जाति र तिनका भाषा, वेश र परम्परा छन् । ती सबैका साझा विशेषता 'सँगै बाँचौँ र हाँसौँ' भन्ने हो । त्यसैले विविधताबिचको एकता नेपाली संस्कृतिको मूल खम्बा हो । नेपाली संस्कृतिलाई सय थरी बाजाबाट पैदा हुने एउटा मनोहर **ताल**सँग पनि तुलना गरिन्छ । जसरी सनही, झुर्मा, मादल, ढोलक आदिबाट कुनै मनोरम ताल निस्कन्छ, त्यसरी नै हामीबाट नेपाली संस्कृति जन्मन्छ । यो संस्कृति विकासको एउटै लक्ष्यमा लम्केका करौडौँ नेपालीको एकता अभियान जस्तै छ । यसमा हरेक नेपालीको चौतर्फी विकास गर्ने महान् उद्देश्य समेटिएको छ ।

वास्तवमा नेपाली संस्कृति रङ्गी बिरङ्गी फुलहरूले भरिएको फुलबारीको सौन्दर्य हो । फुलबारीमा सयपत्री, गुलाफ, कमल, बेली, चमेली, जाई, जुही आदि हुन्छन् । फुलबारीलाई सयपत्रीले मात्र सुन्दर बनाएको होइन र चमेलीले मात्र चम्काएको पनि होइन । त्यो फुलबारी सजाउन सबै किसिमका फुलको साझा सहयोग छ । त्यस्तै नेपाली संस्कृति सबै नेपालीको **समुन्नति** चाहने साझा भावना हो । यो भावना पारस्परिक सद्भाव, सहयोग, सुसम्बन्धमा **मौलाए**को छ । त्यसैले नेपाली संस्कृतिमा 'जिउँदाको जन्ती र मर्दाको मलामी' उखान सार्थक भएको छ ।

मैत्री, **करुणा** र **क्षमा** नेपाली संस्कृतिका मूल मन्त्र हुन् । हाम्रो समाजमा 'गाँस छाड्नु, साथ नछाड्नु' उखान ज्यादै लोकप्रिय छ । हामी कसैलाई **पराइ** ठान्दैनौँ । सबैलाई आफन्त नै ठान्छौँ । हामी धर्मका नाममा कुनै झगडा गर्दैनौँ । यहाँ मन्दिरले मस्जिदको रिस गर्दैन भने गुम्बाले गिर्जाघरलाई गाली गर्दैन । यहाँ हिन्दु, बौद्ध, मुस्लिम, क्रिस्चियन जे भए पनि हामी आपसमा हातेमालो गर्छौँ । यति मात्र होइन, हामी पशुपक्षीमाथि दया र अपार माया पनि गर्छौँ । हामी हाम्रा चाडपर्वमा काग, कुकुर, गाई, गोरु आदिलाई सम्मान गर्छौँ । हामी वृक्ष वनस्पतिलाई पनि उनीहरूको उपकार सम्झी श्रद्धा गर्छौँ । हामी तुलसी, वर, पिपल आदिलाई पूजा गर्छौँ । हामी सबैका चाडपर्वमा एक अर्कामा शुभ कामना व्यक्त गर्छौँ । हामी बुद्ध पूर्णिमा, तिज, दसैँ,

---

ताल – नाचगान वा वाद्य वादनको राम्ररी मिलेको चाल वा ढङ्ग

समुन्नति – राम्रो उन्नति

मौलाएको – विकास भएको, सप्रिएको, फैलिएको

मैत्री – मित्रता

करुणा – दया

क्षमा – माफी

पराइ – अपरिचित, शत्रु

तिहार, छठ हर्षोल्लासका साथ मनाउँछौँ । त्यसै गरी इद, क्रिसमस, उँधौली, उँभौली, ल्होसार, माघी, होली आदि पर्वहरू पनि मनाउँछौँ । यी हाम्रा राष्ट्रिय पर्वहरू हुन् । यहाँ क्रिसमसका खुसियालीमा हिन्दु र मुस्लिमको पनि सहभागिता पाइन्छ । दसैँ, तिहार जस्ता पर्वहरू मनाउन यहाँ जुनसुकै धर्मका व्यक्तिको पनि आफ्नै किसिमको अग्रसरता भेटिन्छ । नेपालीहरू रोदी, घाटु, भजन, बालुन, देउसी, भैलो, गीतहरूमा असाध्यै आनन्दित बन्छन् । अनि मारुनी, लाखे, साकेला, धान नाच र धामी नाच आदिमा पनि सबै उत्तिकै रमाउँछन् । यसरी यहाँ जुनसुकै राष्ट्रिय पर्व अपार हर्षका साथ मनाइन्छ । यसबाट विविध परम्पराको **सङ्गम** भई एउटा नेपाली संस्कृतिको **समुदय** भएको छ । त्यसै गरी हाम्रो नेपाली संस्कृतिमा सत्यको प्रशंसा गरिन्छ । हाम्रा पौराणिक र लोक कथामा **सत्यवादी**को आखिरमा कल्याण भएको बताइन्छ । हाम्रो समाजमा असल कामको कदर र सम्मान गरिन्छ । यहाँ असल मनसायले काम गर्दा गल्ती हुन गए क्षमा पनि गरिन्छ ।

परोपकार र समाज सेवा नेपाली संस्कृतिका आधारभूत पक्षमा हुन् । हामी हाम्रो आश्रयमा आएका पाहुनालाई स्वागत गर्छौँ । पाहुनालाई देवता सरह ठानी सत्कार गर्छौँ । आपत्मा परेकाको उद्धार गर्नु हाम्रो पहिलो कर्तव्य हुन्छ । हामी परोपकारी भावनाबाट प्रेरित भएर पाटी, पौवा, चौतारो बनाउँछौँ । मठ, मन्दिर, पुल, धर्मशाला र धारो निर्माण गर्छौँ । हामी आफ्नो सम्पत्ति समाज सेवामा अर्पण गर्न सधैँ लालायित हुन्छौँ । अनाथालय, वृद्धाश्रम आदि सामाजिक संस्था स्थापना गर्नुलाई हामी ठुलो सौभाग्य ठान्छौँ । हाम्रो संस्कृतिमा दानलाई महान् कार्य मानिन्छ । हाम्रा **वेद** आदि पुराना ग्रन्थहरूमा पनि **दानवीर**हरूको **गौरव गान** पाइन्छ ।

सबैको कल्याण, समृद्धि, एकता, समता र सेवामा नेपाली संस्कृतिको जग अडेको छ । त्यसैले नेपाली संस्कृति शिष्ट, सभ्य र सुसंस्कृत आचरण तथा परम्परामा आधारित छ । यसमा केही विकृति पक्ष घुसेको देखिन्छ । केही कालसम्म यसलाई छुवाछुत प्रथा र महिला शक्तिलाई **उपेक्षा** गर्ने प्रवृत्तिले गाँजेको थियो ।

सङ्गम – सम्मिलन, मिल्ने ठाउँ

समुदय – राम्रोसँग उदाएको

सत्यवादी – सधैँ साँचो बोल्ने

वेद – सर्व प्राचीन मान्य ग्रन्थ, हिन्दुहरूको प्रसिद्ध धार्मिक ग्रन्थ, ज्ञानको भण्डार, अनिष्ट हटाई इष्ट प्राप्ति गर्ने अलौकिक उपाय बताउने शास्त्र

दानवीर – दान दिने

गौरव गान – महिमाको बयान

उपेक्षा – तिरष्कार, घृणा

अहिले नेपाली संस्कृति यस्ता **कुप्रथा**बाट मुक्त हुँदै गएको छ । गरिब र असहायलाई हेप्ने, नोकर बनाउने **सामन्तवादी** सोचबाट यो मुक्त भएको छैन । अझै हाम्रो समाजमा हाम्रा राम्रा परम्परा र संस्कृतिलाई भुलेर पराइको संस्कृतिलाई आँखा चिम्लेर पछ्याउने केही छन् । नेपाली संस्कृतिलाई यस्तो विकृतिबाट मुक्त पार्न नेपाली समाजमा **जागरण** पैदा गर्नुपर्छ । त्यसो भएमा नेपाली संस्कृति सदैव निर्मल र अनुकरणीय बन्ने छ ।

सेवा, सहकार्य, समानता, सद्भाव, नेपाली संस्कृतिका जग हुन् । विविध भेगका विविध जातिहरूको सङ्गम नेपाल भएकाले नेपाली संस्कृतिमा अनेकौँ सभ्यताको सम्मिश्रण पाइन्छ । यसमा विविधतासहितको एकता, पारस्परिक मेल मिलाप, जातीय सद्भाव, **सहिष्णुता** आदि पक्षको **समन्वय** भेटिन्छ । यसलाई सबै जातका फुलबारीको सुवाससँग तुलना गरिन्छ । त्यसैले नेपाली संस्कृति यिनै विविधतामय नेपाली समाजको असल व्यवहार, मान्यता र भावनाको समन्वित रूप हुन् ।

कुप्रथा – खराब चाल चलन

सामन्तवादी – अन्यायका साथ जनतालाई शोषण गर्नेहरूका अनुयायी

जागरण – चेतना

सहिष्णुता – सहनशीलता

समन्वय – राम्रो मेल

अभ्यास

१. कक्षामा पाठ पालैपालो पढेर सुनाऊ ।

२. एक वाक्यमा उत्तर भन :

(क) नेपाल कस्तो बगैँचा हो ?

(ख) नेपाली संस्कृतिलाई कस्तो तालसँग तुलना गरिन्छ ?

(ग) 'गाँस छाड्नु साथ नछाड्नु' उखानको तात्पर्य के हो ?

Curriculum Development Centre

(घ) नेपाली संस्कृतिका मुल मन्त्र के हुन् ?

(ङ) हामी वृक्ष वनस्पतिलाई किन श्रद्धा गर्छौं ?

(च) हामी कस्तो गल्तीलाई क्षमा गर्छौं ?

(छ) हामी कुन कुन पर्वमा शुभ कामना व्यक्त गर्छौं ?

(ज) नेपाली संस्कृतिमा पाहुनाको कस्तो स्थान छ ?

३. ठिक उत्तरमा ठिक चिह्न (√) लगाऊ :

(क) नेपाली संस्कृतिको मूल विशेषता के हो ?

(अ) अनेकतामा एकता (आ) पश्चिमी संस्कृतिको सहयोग

(इ) सय थरी बाजाको एउटै ताल (ई) सबै जातको फुलबारी

(ख) केलाई सबै जातको फुलबारीको सुवाससँग दाँज्न सकिन्छ ?

(अ) नेपाली संस्कृति (आ) नेपाली जातजाति

(इ) परोपकार र क्षमादान (ई) जिउँदाको जन्ती

(ग) 'गाँस छोड्नु, साथ नछोड्नु' उखानको आशय के हो ?

(अ) सङ्कटमा पनि मित्रता नछाड्नु (आ) जस्तै अवस्थामा पनि खान नछाड्नु

(इ) खाने मामिलामा साथीको वास्ता नगर्नु (ई) खान पाइन्छ भने मित्रता पनि तोड्नु

४. उत्तर लेख :

(क) चरा चुरुङ्गीको बोलीसँग नेपालका के कुरालाई दाँज्न सकिन्छ ?

(ख) नेपाललाई किन सबै जातको फुलबारी भनिएको हो ?

(ग) नेपाली संस्कृतिलाई किन इन्द्रेणीसँग दाँजिन्छ ?

(घ) नेपालीहरूको मैत्री भावना कहाँ स्पष्टसँग व्यक्त हुन्छ ?

(ङ) नेपाली संस्कृतिलाई अनुकरणीय बनाउने पक्षहरू के के हुन् ?

Curriculum Development Centre

(च) नेपाली समाजमा दानवीरको गौरव गान किन गरिन्छ ?

(छ) नेपाली संस्कृतिमा कस्ता विकृतिहरू पाइन्छन् ?

५. भाव विस्तार गर :

विविधताबिचको एकता नेपाली संस्कृतिको मूल खम्बा हो ।

६. नेपाली संस्कृतिका मुख्य मुख्य विशेषता के के हुन्, वर्णन गर ।

शब्द भण्डार

७. तलका समावेशक शब्दसँग समावेश्य शब्दको जोडा मिलाऊ :

जस्तै : बाजा = मादल

फुल	नेपाल	नाच	धर्म	वृक्ष	
तराई	चमेली	हिन्दु	लाखे	काग	पिपल

८. तलका शब्दको अर्थ बताऊ :

विविधतामय, धर्मावलम्बी, तमाम, प्रशंसक, समृद्धि, सङ्गम

९. अर्थ खुल्ने गरी वाक्य लेख :

सुवास, दानवीर, विकृति, लोकप्रिय, समुन्नति, अनुकरणीय, इन्द्रेणी, आनन्दित, लालायित

जिउँदाको जन्ती मर्दाको मलामी, गाँस छोड्नु साथ नछोड्नु

उच्चारण र हिज्जे

१०. शुद्धसँग उच्चारण गरेर कक्षामा सुनाऊ :

ल्होसार, चरा चुरुङ्गी, समन्वित, सुसम्बन्ध, सत्यवादी, सम्मिश्रण, सहिष्णुता, आचरण, सार्वजनिक

११. बोलाइ र लेखाइको फरक बुझ :

बोलाइ	लेखाइ	बोलाइ	लेखाइ
सस्किर्ति	संस्कृति	क्रिस्मस	क्रिसमस

Curriculum Development Centre

फुल्बारी	फुलबारी	पबित्र	पवित्र
यौटा	एउटा	लच्छय	लक्ष्य
चाड्पर्ब	चाडपर्व	धान्नाच्	धाननाच
अग्रसर	अग्रसर	हर्सोल्लास्	हर्षोल्लास
सत्यबादी	सत्यवादी	बिक्क्रिति	विकृति

१२. पाठको चौँथो अनुच्छेद शिक्षकबाट सुनेर लेख ।

१३. पाठको पहिलो अनुच्छेद कापीमा राम्रा अक्षर पारेर सार ।

कार्यमूलक व्याकरण

१४. पढ र बुझ :

कर्तृवाच्य	**कर्मवाच्य**
हामी पाटीपौवा बनाउँछौँ ।	हामीद्वारा पाटीपौवा बनाइन्छन् ।
हामी धर्मका नाममा झगडा गर्दैनौँ ।	हामीद्वारा धर्मका नाममा झगडा गरिँदैन ।
साथीहरूले होली मनाएका छन् ।	साथीहरूद्वारा होली मनाइएको छ ।
म रामायण पढ्ने छु ।	मद्वारा रामायण पढिने छ ।
सीताले छठ पर्व मनाइन् ।	सीताद्वारा छठ पर्व मनाइयो ।
विश्वासले लाखे नाच देखाएका छन् ।	विश्वासद्वारा लाखे नाच देखाइएको छ ।
तिमी भाइलाई बोलाउँदै छौ ।	तिमीबाट भाइ बोलाइँदै छ ।

माथिको तालिकामा बायाँतर्फ रहेका वाक्य कर्तृवाच्य हुन् । कर्तृवाच्यमा कर्ता पदको प्रधानता हुन्छ । वाक्यमा कर्ता पदको लिङ्ग, वचन र आदरअनुसार क्रियापदको प्रयोग गरिन्छ । कर्तृवाच्यमा सकर्मक र अकर्मक दुवै क्रियाको प्रयोग हुन्छ ।

माथिको तालिकामा दायाँतर्फ दिइएका वाक्य कर्मवाच्य हुन् । कर्मवाच्यमा कर्मपदको प्रधानता हुन्छ । वाक्यमा कर्मपदको लिङ्ग, वचन, पुरुष र आदरअनुसार क्रियापदको प्रयोग

Curriculum Development Centre

गरिन्छ । कर्मवाच्य सकर्मक क्रियाबाट मात्र बन्छ । कर्तृवाच्यलाई कर्मवाच्यमा परिवर्तन गर्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्छ :

– प्रश्नमा दिइएको कर्तापदमा बाट/द्वारा थप्नुपर्छ ।

– आवश्यकतानुसार कर्म पदमा रहेको 'लाई' विभक्ति हटाउनुपर्छ ।

– क्रियापदको धातुमा 'इ' प्रत्यय जोड्नुपर्छ ।

– कर्मपदको लिङ्ग, वचन, पुरुष र आदरअनुसारको क्रियापद प्रयोग गर्नुपर्छ ।

कर्तृवाच्य	भाववाच्य
म त नेपाली संस्कृतिमा रमाएँ ।	आफू त नेपाली संस्कृतिमा रमाइयो ।
उनी नेपाली संस्कृतिमा रमाइन् ।	(उनीद्वारा) नेपाली संस्कृतिमा रमाइयो ।
उनीहरू नेपाली संस्कृतिमा रमाए ।	(उनीहरूद्वारा) नेपाली संस्कृतिमा रमाइयो ।
बहिनी होलीमा हाँस्छे ।	होलीमा हाँसिन्छ ।

माथि बायाँतर्फ रहेका वाक्य कर्तृवाच्य हुन् तर दायाँतर्फ रहेका वाक्य भने भाववाच्य हुन् । भाववाच्यमा क्रियाको भाव वा अर्थ मुख्य हुन्छ र क्रिया सधैँ तृतीय पुरुष, एक वचन, अनादर, पुलिङ्गमा रहन्छ । अकर्मक क्रियाबाट मात्र भाववाच्यको वाक्य बन्छ । कर्तृवाच्यलाई भाववाच्यमा परिवर्तन गर्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्छ ।

– यदि दिइएको प्रश्नमा 'म' कर्तापद 'छ भने आफू' बनाइन्छ ।

– 'म' बाहेक अन्य कर्तापद भएमा 'द्वारा/बाट' थपेर कोष्ठमा राखिन्छ वा कर्तापद नै हटाइन्छ ।

– क्रियापदको धातुमा 'इ' प्रत्यय जोडिन्छ ।

Curriculum Development Centre

कर्म वा भाववाच्य	कर्तृवाच्य
अग्ला डाँडापाखा देखिए ।	रमेशले अग्ला डाँडापाखा देख्यो ।
आफू त नाचियो ।	म त नाचेँ ।
लाखे नाच हेरिँदै छ ।	उनीहरू लाखे नाच हेर्दै छन् ।
तिमीद्वारा राम्रा कविता लेखिन्थे ।	तिमी राम्रा कविता लेख्थ्यौ ।
मामाद्वारा म बोलाइएको छु ।	मामाले मलाई बोलाउनुभएको छ ।

कर्म वा भाव वाच्यलाई कर्तृवाच्यमा बदल्दा निम्न लिखित कुरामा ध्यान दिनुपर्छ :

– दिइएको प्रश्नमा कर्तापद छैन भने आफैँले कर्ता पद थप्नुपर्छ ।

– आवश्यक परेमा कर्मपदमा 'लाई' विभक्ति जोड्नुपर्छ ।

– दिइएको प्रश्नमा कर्तापद छ भने त्यसमा लागेको 'द्वारा, बाट' विभक्ति हटाउनुपर्छ ।

– दिइएको प्रश्नमा आफू कर्तापद छ भने 'म' मा परिवर्तन गर्नुपर्छ ।

– कर्तापदको लिङ्ग, वचन, पुरुष र आदरअनुसारको क्रियापद बनाउनुपर्छ ।

१५. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाच्य परिवर्तन गर :

(क) उनीहरू नेपाली संस्कृतिको अध्ययन गर्दै छन् । (कर्मवाच्य)

(ख) नेपालमा धेरै पर्वहरू मनाइन्छन् । (कर्तृवाच्य)

(ग) धान नाचमा खुब रमाइयो । (कर्तृवाच्य)

(घ) म त नाचेँ । (भाव वाच्य)

(ङ) हामी चाडपर्वमा रमाइलो गर्ने छौँ । (कर्मवाच्य)

Curriculum Development Centre

(च) सद्भावलाई नेपाली संस्कृतिको जग मानिन्छ । (कर्तृवाच्य)

(छ) तिमीहरू रमाइला पर्वहरू मनाउँदै थियौ । (कर्मवाच्य)

(ज) भाइ लाखे नाच हेरेर हाँस्थ्यो । (भाव वाच्य)

(झ) आमाले छठ पर्वमा बहिनीलाई बोलाउनुहुने छ । (कर्मवाच्य)

(ञ) रोहन चाडपर्वमा खुब रमाउँछन् । (भाववाच्य)

सिर्जनात्मक अभ्यास

१६. आफूले देखेको कुनै धार्मिक स्थलको वर्णन गरी एउटा प्रबन्ध लेख ।

१७. अपाङ्गता भएका व्यक्तिले पाउने विभिन्न सुविधाहरू प्राप्त गर्न गर्नुपर्ने कार्यहरूको वर्णन गर्दै एउटा प्रबन्ध तयार पार ।

Curriculum Development Centre

पाठ : २१

सर आइज्याक न्युटन

वर्तमान युगलाई विज्ञानको युग भनिन्छ। वैज्ञानिक आविष्कारहरूले गर्दा मानवको जीवन सुखी र सम्पन्न बनेको छ। मानिसले आफ्नो ज्ञान, बुद्धि र विवेकको प्रयोग गर्दै संसारलाई नयाँ नयाँ उपहार दिएको छ। अहिलेको यो अवस्थासम्म आइपुग्दा संसारमा कैयौँ महान् वैज्ञानिकहरूको जन्म भइसकेको छ। उनीहरूले आफ्नो **अद्भुत्** प्रतिभा र **सामर्थ्य**द्वारा विश्वलाई चकित पारेका छन्। ती महान् प्रतिभाहरूमध्ये सर आइज्याक न्युटन एक हुन्। उनको जन्म सन् १६४२ डिसेम्बर २५ का दिन ब्रिटेनको बुलस्थ्रोपमा भएको हो।

न्युटनका पिताको नाम आइज्याक न्युटन सिनियर र आमाको नाम हान्ना एसकफ हो। न्युटन जन्मनुभन्दा तिन महिना पहिले उनका पिताको निधन भएको थियो। न्युटन जन्मेपछि उनकी आमाले दोस्रो विवाह गरेकी थिइन्। त्यसैले सर आइज्याक न्युटनको जीवन बाल्यकालदेखि नै **सङ्घर्षमय** बन्न पुगेको थियो। आमाको दोस्रो विवाहपछि न्युटनको पालन पोषणमा मावलकी हजुरआमा मार्गेरी एसकफबाट भयो। न्युटनलाई बार वर्षमा अध्ययनका लागि ग्रान्थामको किङ स्कुलमा भर्ना गरियो। सुरुमा न्युटनले पढाइमा त्यति ध्यान दिन सकेनन् तर बिस्तारै पढाइमा राम्रो प्रगति गर्दै गए र सबैलाई उछिने। यिनै न्युटन पछि गएर संसारमा हलचल ल्याउने महान् वैज्ञानिक बने।

न्युटन बौद्धिक क्षमता भएका निकै प्रतिभाशाली व्यक्ति थिए। उनी विज्ञानको दुनियाँमा रमेर संसारलाई ठोस योगदान दिन चाहन्थे। दोस्रो पति मरेपछि न्युटनकी आमाले उनलाई खेतमा काम गर्न लगाइन्। न्युटनलाई खेतमा काम गर्नभन्दा अन्य अनुसन्धान गर्न मन लाग्थ्यो। त्यसैले पन्ध्र वर्षकै कलिलो उमेरमा उनको ध्यान गणित र यन्त्रहरूतर्फ आकर्षित भयो। उनले विभिन्न

अद्भुत् – अनौठो

सामर्थ्य – शक्ति, क्षमता, योग्यता

सङ्घर्षमय – सङ्घर्षै सङ्घर्षले भरिएको

किसिमका औजारहरू थुपारेर खोज र अनुसन्धान गर्न थाले। न्युटनको यो अभिरुचिबाट प्रभावित भएका उनका मामाको सल्लाहअनुसार न्युटनलाई फेरि विद्यालयमा भर्ना गरियो। उनले लामो खोज र अनुसन्धानपछि **पानीघडी, धूपघडी** र **वायुघट्ट** बनाए। न्युटन उन्नाइस वर्षको उमेरमा क्याम्ब्रिजको ट्रिनिटी कलेजमा भर्ना भए। उनले त्यहाँ गणित विषयमा निकै ठुलो दक्षता देखाए। उनले सन् १६६७ मा **क्यालकुलस** र बाइनोमियल सिद्धान्तको आविष्कार गरे। यो महान् आविष्कारपछि न्युटन गणितज्ञहरूको नजरमा निकै प्रतिभाशाली देखिए। उनले विविध क्षेत्रमा खोज र अनुसन्धानलाई जारी राखे। नयाँ नयाँ विषयमा खोज र अनुसन्धान गर्ने उनको जिज्ञासु प्रवृत्ति अझै बढ्दै गयो। त्यसै बेला ब्रिटेनमा प्लेगको महामारी फैलियो र सबै कलेजहरू धमाधम बन्द भए। त्यसपछि न्युटन पनि आफ्नो गाउँ उल्सथोर्प फर्के। त्यसै बेला उनको ध्यान प्रकाश र रङको विषयमा गयो। उनले लामो अनुसन्धानपछि सूर्यको प्रकाश हेर्दा सेतो देखिन्छ तर यो सात रङले बनेको हुन्छ भन्ने कुरा पत्ता लगाए। उनले यी सात रङलाई **प्रिज्म**को सहायताले अलग अलग गर्न सकिन्छ भन्ने तथ्य अगाडि सारे। उनले नै यी सात रङलाई मिलाएर सेतो रङमा बदल्न सकिन्छ भन्ने कुरा प्रमाणित गरे।

आइज्याक न्युटनले प्रकाशको यस अध्ययनबाट सन् १६६८ मा नयाँ किसिमको **टेलिस्कोप**को आविष्कार गरे। न्युटनको यो टेलिस्कोप जम्मा ३.३ से.मि. लामो अर्थात् सानो थियो। तापनि आधुनिक विज्ञानको क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि थियो। कुनै पनि वस्तुलाई यस टेलिस्कोपबाट हेर्दा चालिस गुणा ठुलो देखिन्थ्यो। यसको सहायताले न्युटनले वृहस्पतिका उपग्रहहरूसमेत देख्न सक्थे।

न्युटनले विज्ञानका क्षेत्रमा एकपछि अर्को महत्त्वपूर्ण योगदान दिंदै गए। उनका योगदानमध्ये सबैभन्दा महत्त्वपूर्ण योगदान **गुरुत्वाकर्षण** सम्बन्धी नियम हो। न्युटन एक दिन बगैंचामा बसेका थिए। उनले त्यस बेला रुखबाट स्याउ खसेको देखे। स्याउ माथिबाट किन भुइँमा खस्यो ? उनको मनमा जिज्ञासा भरियो। धेरै चिन्तन, मनन र अनुसन्धानपछि न्युटनले गुरुत्वाकर्षणको

पानीघडी – पानीको फोहोराबाट चल्ने घडी

धूपघडी – घाम (सोलार)बाट चल्ने घडी

वायुघट्ट – वायुको बेगबाट चल्ने मिसिन

क्यालकुलस – बीज गणितको कुनै एक महत्त्वपूर्ण भाग वा सानो अंशको हिसाब

प्रिज्म – त्रिभुज आकारको ठोस वस्तु

टेलिस्कोप – दूर दर्शन यन्त्र, टाढाको वस्तुलाई नजिकै देखाउने यन्त्र

गुरुत्वाकर्षण – पृथ्वीमा हुने आकर्षण शक्ति

नियम पत्ता लगाए । उनले पत्ता लगाएको नियमअनुसार दुई पिण्डबिचमा भएको आकर्षण बललाई गुरुत्वाकर्षण भनिन्छ । जुन पदार्थको **द्रव्यमान** बढी हुन्छ, त्यसको आकर्षण बल पनि धेरै हुन्छ । तसर्थ बढी द्रव्यमान भएको पदार्थले कम द्रव्यमान भएको पदार्थलाई आफूतिर खिच्छ । यही नियमानुसार पृथ्वी सूर्यतिर आकर्षित हुन्छ र सूर्यको वरिपरि **परिक्रमा** गर्छ । यसै नियमअनुसार बलको कारणले चन्द्रमा पृथ्वीतिर आकर्षित हुन्छ र पृथ्वीको वरिपरि परिक्रमा गर्छ ।

आधुनिक विज्ञानको क्षेत्रमा न्युटनले महत्त्वपूर्ण योगदान दिएका छन् । उनले टेलिस्कोपको आविष्कार गरे । उनले गुरुत्वाकर्षणको नियम पत्ता लगाए । उनले प्रकाश सम्बन्धी सिद्धान्तको प्रतिपादन गरे । उनी विज्ञान जगत्मा दार्शनिक, वैज्ञानिक र भौतिक शास्त्रीहरूको नजरमा निकै माथि उठे । उनले थुप्रै मान, सम्मान र पुरस्कारहरू पाए । उनले विज्ञानको क्षेत्रमा दिएको योगदानको कदर गर्दै ब्रिटिस सरकारले 'सर' को उपाधिबाट विभूषित गऱ्यो । त्यसपछि उनी आइज्याक न्युटनबाट सर आइज्याक न्युटन भए । उनले आफ्नो सम्पूर्ण जीवन खोज र अनुसन्धानमै खर्चिए । उनले आफ्नो जीवनको अन्त्यतिर आफ्ना आविष्कारहरूलाई समेटेर '**प्रिन्सिपिया**' पुस्तक लेखे । उनको यो पुस्तकलाई विज्ञान जगत्मा देखा परेको महत्त्वपूर्ण उपलब्धि मानिन्छ ।

विज्ञान जगत्का महान् वैज्ञानिक न्युटनको मार्च २० सन् १७२७ मा पचासी वर्षको उमेरमा निधन भयो । उनी मरेर गए पनि आधुनिक विज्ञानका क्षेत्रमा दिएको योगदानले गर्दा अमर छन् । उनका महान् कार्यले जीवनमा सङ्घर्ष गर्न र नयाँ नयाँ रहस्यहरूको खोजी गर्ने प्रेरणा दिएको छ ।

द्रव्यमान – पिण्ड, तौलसँग सम्बन्धित

परिक्रमा – वरिपरि घुम्ने काम

प्रिन्सिपिया – न्युटनको प्रसिद्ध किताब

अभ्यास

१. पाठको आठौँ अनुच्छेद पालैपालो गरी सबैले सस्वर वाचन गर ।

Curriculum Development Centre

२. **उत्तर भन :**

(क) मानवको जीवन किन सुखी र सम्पन्न बनेको छ ?

(ख) न्युटनको पालन पोषण र हेरचाह किन न्युटनकी हजुरआमाले गर्नुपर्‍यो ?

(ग) न्युटन किन खेतमा काम गर्न तयार भएनन् ?

(घ) न्युटनले सन् १६६७ मा के कुराको आविष्कार गरे ?

३. **ठिक बेठिक छुट्याऊ :**

(क) न्युटन 'सर' को उपाधि पाएपछि सर आइज्याक न्युटन भएका हुन् ।

(ख) न्युटनले प्रकाश सम्बन्धी सिद्धान्तको प्रतिपादन गरे ।

(ग) न्युटन उनन्तिस वर्षको उमेरमा क्याम्ब्रिजको ट्रिनिटी कलेजमा भर्ना भए ।

(घ) न्युटनले सन् १९६८ मा नयाँ किसिमको टेलिस्कोपको आविष्कार गरे ।

४. **कोष्ठकबाट ठिक उत्तर छानेर खाली ठाउँ भर :**

(क) आइज्याक न्युटनको जन्म सन् .....मा भएको थियो । (१६४२, १७४२, १८४२)

(ख) न्युटनको प्रसिद्ध किताबको नाम ..... हो । (माई लाइफ इज ब्युटिफुल गेम, प्रिन्सिपिया, ओरिजन अफ स्पिसिज)

(ग) न्युटन .....वर्षको उमेरमा विद्यालयमा भर्ना भए । (दस, बार, पन्ध्र)

(घ) न्युटनले .....को आविस्कार गरे । (टेलिभिजन, टेलिस्कोप, टेलिफोन)

(ङ) ब्रिटिस सरकारले न्युटनलाई .....को उपाधिबाट सम्मानित गर्‍यो । (महान् वैज्ञानिक, सर, ज्याक)

५. **जोडा मिलाऊ :**

न्युटनको जन्म	सन् १६६७
क्यालकुलसको अविष्कार	सन् १६४२
नयाँ टेलिस्कोपको अविष्कार	सन् १७२७

Curriculum Development Centre

न्युटनको मृत्यु	३.३ से.मि.
न्युटनको टेलिस्कोपको लम्बाइ	सन् १७२९
	सन् १६६८

६. तलका प्रश्नहरूको उत्तर देऊ :

(क) आइज्याक न्युटनको बाल्यकाल किन सङ्घर्षमय बन्न पुग्यो ?

(ख) न्युटनले प्रकाश सम्बन्धी के कस्ता कुराहरू पत्ता लगाए ?

(ग) टेलिस्कोपको आविष्कारलाई किन आधुनिक विज्ञानका क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि मानियो ?

(घ) न्युटनको गुरुत्वाकर्षण सम्बन्धी नियममा के कस्ता विचारहरू समेटिएका छन् ?

(ङ) पृथ्वीले सूर्यको वरिपरि परिक्रमा गर्नु र चन्द्रमाले पृथ्वीको परिक्रमा गर्नुको कारण के हो ?

(च) न्युटनले जीवनमा के कस्ता मान सम्मानहरू पाए ?

(छ) सर आइज्याक न्युटनको जीवनीबाट कस्तो प्रेरणा पाउन सकिन्छ ?

७. सर आइज्याक न्युटनले गरेका आविष्कारहरूले मानव जीवनमा कस्तो प्रभाव परेको छ ? आफ्नो विचार लेख ।

८. भाव स्पष्ट गर :

(क) आधुनिक विज्ञानका जगत्मा न्युटन वैज्ञानिक, दार्शनिक र भौतिक शास्त्रीहरूको नजरमा निकै माथि उठे ।

(ख) धेरै चिन्तन, मनन र अनुसन्धानपछि न्युटनले गुरुत्वाकर्षणको नियम पत्ता लगाए ।

९. सर आइज्याक न्युटनले आधुनिक विज्ञानका क्षेत्रमा दिएको योगदानको सविस्तार बयान गर ।

१०. यदि वर्तमान समयमा सर आइज्याक न्युटनले पुनर्जन्म लिएमा तिमी न्युटनलाई के सम्बन्धी नयाँ आविष्कार गर्न प्रोत्साहित गर्ने थियौ र किन, स्पष्ट पार ।

Curriculum Development Centre

शब्द भण्डार

११. मिल्दो अर्थ छानेर जोडा मिलाऊ :

धूपघडी	न्युटनको प्रसिद्ध किताब
टेलिस्कोप	शक्ति, क्षमता, योग्यता
प्रिन्सिपिया	वायुको वेगबाट चल्ने मेसिन
वायुघट्ट	दूर दर्शन
सामर्थ्य	घाम (सोलार) को शक्तिबाट चल्ने घडी
परिक्रमा	आशा गरेभन्दा धेरै
विलक्षण	वरिपरि घुम्ने काम
	अनौठो

१२. तलका शब्दको अर्थ लेख :

वायुघट्ट, उपहार, रहस्य, वृहस्पति, गुरुत्वाकर्षण

१३. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर :

अनुसन्धान, विलक्षण, सामर्थ्य, सङ्घर्षमय

१४. विज्ञान + इक = 'वैज्ञानिक' भए जस्तै तलका शब्दमा इक प्रत्यय जोडेर नयाँ शब्द बनाऊ :

दिन, भूगोल, इतिहास, समाज, पुराण

उच्चारण र हिज्जे

१५. शिक्षकबाट सुनेर लेख :

प्रिन्सिपिया, टेलिस्कोप, द्रव्यमान, प्रिज्म, आशातीत

Curriculum Development Centre

१६. सच्याएर कापीमा सार :

आविस्कार, विभुसित, परीकर्मा, पिरिजम, संघर्षमय, आकर्सित

१७. शुद्धसँग उच्चारण गरेर कक्षामा सुनाऊ :

कम्प्युटर, ग्रान्थाम, ट्रिनिटी, गुरुत्वाकर्षण

१८. पाठबाट श, ष, स प्रयोग भएका पाँच पाँच ओटा शब्दहरू खोजेर लेख।

कार्यमूलक व्याकरण

१९. पढ, बुझ र लेख :

पुलिङ्ग	स्त्रीलिङ्ग
रामलखन मिहिनेती छन् ।	रमिता मिहिनेती छिन् ।
बाबा घुम्न जानुहुन्छ ।	आमा घुम्न जानुहुन्छ ।
भाइ राम्ररी खेल्ने छन् ।	बहिनी राम्ररी खेल्ने छिन् ।

एक वचन	बहु वचन
म सम्मानित भएँ ।	हामी सम्मानित भयौँ ।
ऊ किताब पढ्ने छ ।	उनीहरू किताब पढ्ने छन् ।
तिमीले कविता लेख्यौ ।	तिमीहरूले कविता लेख्यौ ।

प्रथम पुरुष	द्वितीय पुरुष	तृतीय पुरुष
म राम्ररी पढ्छु ।	तिमी राम्ररी पढ्छौ ।	उनी राम्ररी पढ्छन् ।
हामी फुटबल खेल्छौँ ।	तिमीहरू फुटबल खेल्छौ ।	उनीहरू फुटबल खेल्छन् ।

Curriculum Development Centre

अनादर	मध्यम आदर	उच्च आदर
तँ किताब पढ्छस् ।	तिमी किताब पढ्छौ ।	तपाईँ किताब पढ्नुहुन्छ ।
ऊ काम गर्छे ।	उनी काम गर्छिन् ।	उहाँ काम गर्नुहुन्छ ।

कुनै वाक्यको संरचनालाई लिङ्ग, वचन, पुरुष र आदरका आधारमा परिवर्तन गर्ने प्रक्रियालाई वाक्य परिवर्तन भनिन्छ । वाक्य परिवर्तन गर्दा ध्यान दिनुपर्ने कुराहरू निम्नानुसार छन् :

- परिवर्तन गर्नका लागि दिइएका सङ्केत वा निर्देशनबाहेक अरू कुराहरूमा परिवर्तन गर्नु हुँदैन ।
- वाक्यको काल परिवर्तन गर्दा प्रश्नमा दिइएको वाक्य जुन पक्षको छ, उत्तर पनि त्यही पक्षमा हुनुपर्छ ।
- वचनअनुसार वाक्य परिवर्तन गर्दा कर्ममा परिवर्तन गर्नु आवश्यक हुँदैन ।
- वाक्य परिवर्तन गर्दा पद सङ्गति मिलेको हुनुपर्छ ।
- पुरुष परिवर्तन गर्दा वाक्यको वचनमा ध्यान दिनुपर्छ ।

पाठको तेस्रो अनुच्छेदलाई सामान्य वर्तमान कालमा परिवर्तन गर ।

२०. कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर :

(क) न्युटनकी आमाले उनलाई खेतमा काम गर्न लगाइन् । (वर्तमान काल)

(ख) न्युटनले नयाँ अविष्कार गरे । (सामान्य भविष्यत्)

(ग) मैले न्युटनको पाठ पढेँ । (तृतीय पुरुष)

(घ) न्युटनका मामा असल थिए । (बहु वचन)

(ङ) न्युटनका बाबा थिएनन् । (स्त्रीलिङ्ग)

(च) तिनीहरू न्युटनको पाठ पढ्छन् । (प्रथम पुरुष)

Curriculum Development Centre

२१. पद सङ्गति मिलाई पुनर्लेखन गर :

(क) मैले न्युटनको पाठ पढ्यो ।

(ख) हामीले पानी घट्ट देख्यो ।

(ग) साथीहरू धूपघडी देखेर हाँसेछ ।

(घ) मेरो बहिनी टेलिस्कोप हेर्छ ।

(ङ) आमाले कम्प्युटर किनेको थियो ।

(च) तिनीहरू निकै प्रतिभाशाली थियो ।

(छ) उनले गणित विषयमा निकै ठुलो दक्षता देखायो ।

(ज) मेरो साथीहरू अनुसन्धान गर्दै छ ।

(झ) तिमी टेलिस्कोप हेर्नुहुन्छ ।

(ञ) ऊ अनुसन्धामा तल्लीन थिए ।

२२. तलका वाक्यहरूलाई भविष्यत् कालमा बदल ।

(क) न्युटनले आविष्कारहरूलाई समेटेर 'प्रिन्सिपिया' पुस्तक लेखे ।

(ख न्युटनको 'प्रिन्सिपिया' पुस्तकलाई विज्ञान जगत्मा देखा परेको महत्त्वपूर्ण उपलब्धि मानिन्छ ।

(ग) न्युटनले विभिन्न अनुसन्धान गरे ।

(घ) न्युटन आधुनिक विज्ञानका क्षेत्रमा दिएको योगदानले गर्दा अमर छन् ।

(ङ) न्युटनका महान् कार्यले हामीलाई प्रेरणा दिएको छ ।

Curriculum Development Centre

सिर्जनात्मक अभ्यास

२३. **तल दिइएका बुँदाहरूका आधारमा छोटो जीवनी लेख :**

नाम : म्याडम क्युरी

जन्मस्थान : पोल्यान्डको राजधानी वार्सा

जन्ममिति : ७ नोभेम्बर १८६७

बाल्यकालको नाम : म्यारी स्कलोदोवस्का

आमाबाबु : अध्यापक

विविध

- बाल्यकालदेखि नै पढाइप्रति रुचि
- हाइस्कुल तहको परीक्षामा असाधारण प्रतिभा प्रदर्शन गरेबापत स्वर्ण पदकद्वारा सम्मानित
- उच्च शिक्षा प्राप्त गर्न फ्रान्स प्रस्थान
- पेरिस विश्व विद्यालयमा कडा मिहिनेत गरेर रेडियम किरणको आविष्कार
- क्युरी दम्पतीलाई सन् १९०३ को नाबेल पुरस्कार प्राप्त
- रेडियमको उपयोग क्यान्सर रोगको निदानका लागि गरिने
- सन् १९११ मा रसायन विज्ञानमा पुऱ्याएका योगदानका कारण म्याडम क्युरी फेरि नोबेल पुरस्कारद्वारा सम्मानित
- पतिको बग्गी दुर्घटनामा मृत्यु
- पेरिसमा 'क्युरी इन्स्टिच्युट अफ रेडियम' नामक संस्थाको स्थापना
- छोरी र ज्वाइँले पनि सन् १९३५ मा संयुक्त रूपमा नोबेल पुरस्कार प्राप्त
- एउटै परिवारभित्र पाँच जनाले नोबेल पुरस्कार प्राप्त
- लामो समय रेडियो विकिरणको अनुसन्धानमा बिताएकाले क्यान्सर रोग लागेको
- सन् १९३४ मा मृत्यु

Curriculum Development Centre

पाठ : २२

स्वाभिमान

– चेतन वाशिष्ठ

"अब नेपालसँग युद्ध गर्ने बेला आयो । यति सानो देशले हाम्रो **साम्राज्य**माथि **धावा** बोल्ने ! के सोचेका छन् यिनले ? सूर्य नअस्ताउने साम्राज्यसँग एउटा भुसुनाले फुर्ती लाउन मिल्छ ?" रक्सीको चुस्की लिँदै **जनरल हेस्टिङ**ले आफ्ना सैनिक मित्रहरूसँग सल्लाह लिन चाहे । उनी **इस्ट इन्डिया कम्पनी**का लागि नयाँ **गभर्नर** थिए । उनले सैनिक सेवामा राम्रो ख्याति कमाइसकेका थिए । उनी उग्र, **रुखो** र कठोर स्वभावका भएकाले उनलाई नेपाल कब्जा गर्न ब्रिटेन सरकारले भारतमा ४ अक्टोबर १८१३ मा गभर्नर बनाई पठाएको थियो । उनी आफूपूर्वका **जनरल**भन्दा आफूलाई भिन्न र शक्तिशाली ठान्थे । जिद्दी स्वभावका हेस्टिङ आफ्नो समयलाई महत्त्वपूर्ण बनाउन चाहन्थे । उनमा उत्कृष्ट **महत्त्वाकाङ्क्षा** थियो ।

आफ्ना सहयोगीको प्रतिक्रिया आउनुपूर्व उनले फेरि भने, "यस्तो सानो राष्ट्रले ब्रिटेनसँग जोरी खोज्ने ? हामी **मराठा**, **शिख** र नेपालीलाई एकै स्वासमा निल्न सक्छौँ । नेपाललाई त म औँलामा नचाइदिन्छु । यिनलाई लोभको पासो फालिदियो भने ती बत्तीको पुतली झैँ झुम्मिन आउँछन् । अनि छानी छानी यिनको अन्त्य गर्नुपर्छ । अनि त त्यो चिसो सुन्दर भूभाग हाम्रो हुन्छ । पहाडको शीतल फाँटमा सुन्दर **बङ्गला** बनाएर त्यहींबाट हाम्रो राज सुरु हुन्छ । त्यहाँको जङ्गलको काठ ल्याएर इस्ट इन्डिया कम्पनीका हरेक ठाउँमा रेल गुडाउनुपर्छ ।

साम्राज्य : ससाना धेरै ओटा राज्यहरू सम्मिलित भएर बनेको ठुलो राज्य

धावा : आक्रमण, हमला

जनरल हेस्टिङ : ६ डिसेम्वर १७३२ मा जन्मेर २२ अगस्ट १८१८ मा मृत्यु भएका बङ्गालका लागि प्रथम गभर्नर जनरल

इष्ट इन्डिया कम्पनी : भारतमा उपनिवेश कायम गर्न सन् १७५७ देखि १८५७ सम्म बेलायत सरकारले भारतमा पठाएको कम्पनी

गभर्नर : कुनै प्रान्त वा प्रदेशको शासक, राष्ट्र बैङ्कको प्रशासन सञ्चालन गर्ने प्रमुख पदाधिकारी

रुखो : शील, स्वभाव, विनय, नम्रता आदि गुण नभएको

जनरल : सेनाको उच्च अधिकृत, जर्नेल

महत्त्वाकाङ्क्षा : कुनै ठुलो काम कुरा गर्ने चाहना

मराठा : सन् १६७४ देखि १८१८ सम्म हाल भारतको महाराष्ट्रमा राज्य गर्ने मुगल वंश

शिख : सन् १७९९ देखि १८४९ सम्म पञ्चावमा शक्तिमा रहेको राज्य शक्ति

बङ्गला : चारैतिर खुला भएको सानो हावादारी घर

Curriculum Development Centre

हेस्टिङले मनमनै आफूले नेपाल जितिसकेको कल्पना गर्दै मनको लड्डु घिउसँग खाए अनि रक्सीको प्याला उचाल्दै राक्षसी हाँसोले क्याम्प नै उचाले ।

लर्ड ! यो समय नेपाल हान्न उपयुक्त छ । मेजर ब्राडसाले **सिक्किम, पटना, गोरखपुर** र **कुमाउँ**को सब वस्तुस्थिति बुझिसकेका छन् । उनलाई हाम्रो **जासुस** भनी कसैले चिनेका पनि छैनन् । रामनगरका तेजपाल, भुटानका देवराजा, बाराको किसान तेली, गढवालका संसार चन्द, कुमाउँका हर्षदेव जोशी र पाल्पाका तिवारीलाई उनले आफ्नो बनाइसकेका छन् । यो नेपाल विरोधी सङ्गठनमा अरू पनि आउँदै छन् । आखिर धन देखेपछि को फस्दैन र ! हामीले भत्ता दिएपछि तिनले पनि काम गर्नुपर्‍यो नि ! खुब राष्ट्रवादी भन्छन् तर हाम्रो पैसा लिएर आफ्नै देशको **गुह्य** खोल्छन् विचराहरू ! एक सैनिकले आफ्ना कुरा खोल्यो । जासुस **ब्राडसा**को कुरा गर्ने ऊ पनि रक्सीले मातिसकेको थियो ।

लर्ड हेस्टिङले फेरि भने, "हामीले हाम्रो साम्राज्य विस्तार गर्नु छ । त्यसैले **साम, दाम, दण्ड भेद**को प्रयोग गर्नुपर्छ । नेपाल हुँदै तिब्बतसम्म व्यापार गर्न पाए हामी विस्तारै चिन र मङ्गोलिया पुग्न सक्छौँ । नेपालीहरू वचन र कर्ममा पक्का छन् । **किनलक**, जेम्स लोगन, कर्कप्याट्रिक, नक्स, हियरसे र ब्राडसाले समेत नेपाललाई फसाउन सकेका छैनन् ।

नेपाल दरबार हाम्रो विरोधी छ । युद्धबाहेक अरू उपायले यिनलाई जित्न सकिएला जस्तो छैन । **नेपोलियन पेनिन्सुलर युद्ध**मा फसेपछि हामीलाई फ्रान्सको डर पनि छैन । हाम्रो सेना

सिक्किम : तत्कालीन एक राज्य, हाल भारतको एक प्रदेश
पटना : तत्कालीन एक राज्य, हाल भारतको एक सहर
गोरखपुर : तत्कालीन एक राज्य, हाल भारतको एक सहर
कुमाउँ : तत्कालीन एक राज्य, हाल भारतको एक सहर
जासुस : गुप्तचर, शत्रु पक्षको भेद थाहा पाउन सरकारका तर्फबाट खटाइएको व्यक्ति
गुह्य : गोप्य, मुस्किलले मात्र बुझ्न सकिने
ब्राडसा : २९ जुलाई १८०१ मा जन्मेर ६ सेप्टेम्वर १८५३ मा मेरका अङ्ग्रेज कार्टोफर
साम : मिठो बोलेर आफ्नो पार्ने काम
दाम : रुपियाँ, पैसा
दण्ड : सजाय, जरिवाना, यातना
भेद : विभेद, भिन्नता
किनलक : पृथ्वीनारायण शाहका विरुद्ध जयप्रकाश मल्ललाई सहयोग गर्न पठाइएका ब्रिटिस कप्तान
नेपोलियन : १५ अगस्ट १७६९ मा जन्मेर ५ मे १८२१ मा मरेका फ्रेन्च सैनिक तथा राजनीतिक नेता एवम् शासक
पेनिन्सुलर युद्ध : सन् १८०७ देखि १८१४ सम्म फ्रान्स र स्पेनबिच भएको युद्ध

Curriculum Development Centre

फुर्सद छ। मौका आउँछ, पर्खँदैन। त्यसैले यही सुन्दर मौकामा हामीले हाम्रो रगत दिएर इङ्ल्यान्डको सान बढाउनुपर्छ। यति खेर पश्चिमतिरका रजौटा पनि नेपाल विरोधी बनेका छन्। यही बेला युद्ध छेड्न नसके नेपाल हामी र हाम्रो राजधानीको खतरा बन्ने छ। सके नेपाल लिनुपर्छ नसके पनि यसलाई पहाडमा सीमित राख्नुपर्छ। यसैले साथीहरू हामीले त्यो चिसो र धनी मुलुक हाम्रो पार्नै पर्छ। सबै अङ्ग्रेजहरूले हो मा हो जनाए। रक्सीको अन्तिम चुस्की लिएर उनीहरूले सुत्ने तरखर गरे।

यता नेपाल प्रबल हिमाली राष्ट्र निर्माण गर्न चाहन्थ्यो। पृथ्वीनारायण शाहको **एकीकरण** र राज्य विस्तारको नीतिलाई उनका **उत्तराधिकारी**ले निरन्तरता दिएकै थिए। नेपालले तिब्बतको बाटो हुँदै मङ्गोलियाको सुन नेपाल भित्र्याई व्यापारिक समुन्नति बढाएको थियो। नेपालले अङ्ग्रेज विरोधी देशसँग सम्पर्क विस्तार पनि गरिरहेको थियो। पराजित **रजौटा**लाई दबाउन नेपालले फ्रान्सबाट विशेषज्ञ ल्याई आफ्ना सेनालाई तालिम दिएको थियो। तर नेपालको युद्ध तयारी र सैनिक सबलताको यस स्थितिको सूचना आफ्ना जासुसमार्फत अङ्ग्रेजले लिइरहेको थियो। उनीहरू नेपाललाई युद्धबाहेकका अन्य तरिकाले आफ्नो पार्न सकिँदैन भन्नेमा विश्वस्त भइसकेका थिए। भित्रभित्रै उनीहरू **कूटनीति** रच्दै थिए। उनीहरू सिमानाको विवाद सिर्जना गरेर नेपाल विरुद्ध युद्ध छेड्न चाहन्थे।

अङ्ग्रेजको कूटनीति राम्रोसँग बुझेका भीमसेन थापा अङ्ग्रेज विरोधी थिए। उनी मराठा, शिख, **ग्वालियर**, तिब्बत र चिनसँग सहयोग लिएर अङ्ग्रेजलाई एसियाबाटै धपाउन चाहन्थे। उनी हतियारमा कमजोर भए पनि **आत्मबल** र **बाहुबल**ले युद्ध जितिन्छ भन्ने ठान्थे। अङ्ग्रेजको तयारी पक्षमा भने नेपाल पूर्व सूचित थिएन। अङ्ग्रेजहरूले युद्धको तयारी पनि गरिरहेका थिए।

हेस्टिङकै योजनाअनुसार अङ्ग्रेजले आफ्नो युद्ध नीतिको प्रारम्भिक प्रयास स्वरूप रौतहटका बाइस गाउँ र स्युराज र बुटवलमा सीमा खिचलो निकाल्यो। उसले ती भूभाग आफ्नो भएको दाबी गर्दै पच्चिस दिनभित्र खाली गर्न ११ मार्च १८१४ मा नेपाललाई पत्र पठायो। उसले उक्त समयावधिभित्र भूभाग खाली नगरे युद्ध गर्ने चेतावनी पनि दियो।

एकीकरण : दुई वा दुईभन्दा बढी व्यक्ति, वस्तु, संस्था, राज्य आदिलाई मिलाएर एक बनाउने कार्य

उत्तराधिकारी : कुनै व्यक्ति मरेपछि वा उसको हक छुटेपछि निजको सम्पत्ति अधिकार वा पद पाउने व्यक्ति

रजौटा : सानोतिनो क्षेत्रको राज्य सञ्चालन गर्ने राजा

कूटनीति : गुप्त चाल, पारस्परिक व्यवहारमा दाउपेच गर्ने नीति

ग्वालियर : हाल भारतको मध्य प्रदेशमा पर्ने तत्कालीन समयमा अङ्ग्रेज विरोधी राज्य

आत्मबल : आत्मामा रहेको बल, मानसिक शक्ति

बाहुबल : पाखुरा चलाउने शक्ति, शारीरिक शक्ति, पराक्रम

पत्र पाउनासाथ नेपाल दरबारमा **सनसनी** फैलियो । अब नेपालसँग उक्त भूभाग छाड्नु वा अङ्ग्रेजसँग युद्ध गर्नुबाहेकका विकल्प थिएनन् । **राष्ट्रवादी**हरू मर्न तयार हुन्छन् तर अर्काको **अपमान** सहेर शिर झुकाई **राष्ट्रघाती** काम गर्दैनन् । अङ्ग्रेजको यस पत्रले नेपालीको नसा नसामा रगत उम्ल्यो । भीमसेन थापा असाध्यै **क्रुद्ध** भए र रिसले दारा किटे । परिस्थितिको सामना गर्ने उद्देश्यले उनले तत्काल **भारदारी सभा** बोलाए ।

दरबारमा अङ्ग्रेजको पत्रअनुसार भूभाग छाड्ने वा युद्ध गर्ने पक्षमा छलफल सुरु भयो । अमसिंह थापा, चौतरिया बम शाह, राजगुरु रङ्गनाथ पण्डित, काजी दलभञ्जन पाण्डे युद्ध नगर्ने पक्षमा उभिए । उनीहरूका विचारमा विश्वव्यापी युद्ध लडेको अनुभवी अङ्ग्रेज सेनासँग युद्ध गर्नु भुल हुन सक्थ्यो । नेपालसँग सेना, हात हतियार र रसदपानी युद्ध स्थलमा पुऱ्याउने समस्या थियो । नेपालले भर्खरै सङ्गठित राष्ट्र भएकाले शक्तिशाली ब्रिटेनसँग युद्ध गर्नुभन्दा आन्तरिक सबलतामा ध्यान दिनु बुद्धिमानी ठहर्थ्यो । यस बेला युद्ध गर्नु भनेको स्वतन्त्रतामाथि खेलवाड गर्नु मात्र हुन सक्थ्यो । स्थितिको आँकलन गर्दै रङ्गनाथ पण्डितले भने, "हामी अङ्ग्रेजसँग युद्ध गर्न सक्दैनौँ । बरू उनीहरूले मागेका भूभाग दिएर अङ्ग्रेजलाई शान्त पारौँ । आफ्नै टाउकामा आफैँले बन्चरो हान्नु ठिक होइन ।"

रङ्गनाथले यति मात्र के भनेका थिए भीमसेन थापा राता राता आँखा पारेर जुरुक्क उठे । म्यानमा राखिएको तरबार भित्र बाहिर गर्दै उनले भने, "के कुरा गर्नुहुन्छ तपाइँहरू ! पराईले माग्यो भन्दैमा आफ्नी आमालाई अर्काको हातमा सुम्पने ! आज बुटवल माग्नेले भोलि राजधानी माग्छ । म मेरो देशको एक टुक्रा भूभाग ती **गौराङ्ग**लाई कदापि सुम्पने छैन । युद्ध गर्नुपर्छ, तपाइँहरू मार्न र मर्न तयार हुनुहोस् ।"

सभामा **सन्नाटा** छायो । आखिरमा नेपालले **स्वाभिमान**का लागि युद्ध नै स्विकाऱ्यो । फलस्वरूप १ नोभेम्बर १८१४ का दिन नेपालका तर्फबाट अङ्ग्रेज विरोधी युद्ध छेडियो ।

सनसनी : हावा चले झैँ छिटो फैलने

राष्ट्रवादी : आफ्नो राष्ट्रको उन्नति र हितलाई सर्वोपरि मान्ने विचार भएको

अपमान : कसैको मान, मर्यादा वा इज्जत प्रतिष्ठामा चोट पुऱ्याउने कुरा वा काम

राष्ट्रघाती : राष्ट्रको हत्यारो, राष्ट्र घातक

क्रुद्ध : रिसाएको

भारदारी सभा : राजा वा शासकलाई शासन सम्बन्धी सल्लाह दिने सभा

गौराङ्ग : गोरो अङ्ग भएको, अङ्ग्रेज

सन्नाटा : सुनसान

स्वाभिमान : आफ्नो देश, जाति, संस्कृति, प्रतिष्ठा र महत्त्वमाथिको गरिमा

अभ्यास

१. स्वाभिमान कथा पालैपालो पढेर कक्षामा सुनाऊ ।

२. उत्तर भन :

(क) जनरल हेस्टिङको स्वभाव कस्तो थियो ?

(ख) ब्राडसा को थिए ?

(ग) नेपाल के गर्न चाहन्थ्यो ?

(घ) नेपालले कसरी आफ्नो व्यापारिक समुन्नति बढाएको थियो ?

(ङ) राष्ट्रवादीहरूका लागि के कुरा ठुलो हुन्छ ?

३. तलका भनाइ कसले कसलाई किन भनेको हो, लेख ।

(क) नेपाललाई त म आँलामा नचाइदिन्छु ।

(ख) हामी अङ्ग्रेजसँग युद्ध गर्न सक्दैनौँ ?

(ग) पराईले माग्यो भन्दैमा आफ्नी आमालाई अर्काको हातमा सुम्पने ! आज बुटवल माग्नेले भोलि राजधानी माग्छ ।

(घ) आफ्नै टाउकामा आफैँले बन्चरो हान्नु ठिक होइन ।

४. सङ्क्षिप्त उत्तर देऊ :

(क) जनरल हेस्टिङले नेपालको सुन्दर भूभाग कसरी आफ्नो हुन्छ भन्ने सोचेका थिए ?

(ख) नेपालले आफ्नो समुन्नतिका लागि के कस्ता कार्यहरू गरिरहेको थियो ?

(ग) नेपाल दरबारमा किन सनसनी फैलियो ?

(घ) भीमसेन थापा किन राता राता आँखा पारेर उठे ?

(ङ) भीमसेन थापाले रङ्गनाथलाई के भने ?

(च) 'स्वाभिमान' कथाको मुख्य सन्देश के हो ?

५. भाव विस्तार गर :

(क) पहाडको शीतल फाँटमा सुन्दर बङ्गला बनाएर त्यहींबाट हाम्रो राज सुरु हुन्छ ।

Curriculum Development Centre

शब्द भण्डार

६. मिल्दो शब्द छानेर जोडा मिलाऊ :

जस्तै : सूर्य – दिवाकर

सूर्य, डर, मौका, पत्र, अपमान, शिर, अवसर, चिठी, दिवाकर, त्रास, माथ, तिरस्कार

७. तलका टुक्कालाई उदाहरणमा देखाए जस्तै गरी वाक्यमा प्रयोग गर :

टुक्का : कानमा तेल हालेर बस्नु

उदाहरण : भोलिदेखि जिल्ला स्तरीय परीक्षा भए तापनि सरोज पढ्न छोडेर कानमा तेल हालेर बसेको छ ।

रातारात आँखा पार्नु, खेलवाड गर्नु, आफ्नै टाउकामा आफैँले बन्चरो हान्नु, धावा बोल्नु, जोरी खोज्नु, वचन दिनु, तिललाई पहाड बनाउनु, बाध्य हुनु, जाल रच्नु

उच्चारण र हिज्जे

८. शुद्धसँग उच्चारणा गर :

राष्ट्रवादी, सन्नाटा, ग्वालियर, एकीकरण, पेनिन्सुलर, लर्ड हेस्टिङ, महत्त्वाकाङ्क्षा साम्राज्य, हर्षदेव, कर्कप्याट्रिक, ब्राडसा

९. पाठबाट 'ण, श, ष, स' भएका शब्दहरू खोजेर लेख ।

१०. आँखा, आउँछ जस्ता चन्द्रबिन्दु लागेका पाँच ओटा शब्दहरू लेख र शुद्धसँग उच्चारण गर ।

११. पाठको पहिलो अनुच्छेद शिक्षकबाट सुनेर शुद्धसँग लेख ।

१२. रेखाङ्कित अक्षरका शब्द उच्चारण गरी य र ए बिचको फरक बुझ र कापीमा सार :

यति, सूर्य, पाए, उपाय, यस, एक लिएर, एकीकरण, भएको, उभिए, भए, भय, भएकाले, राखिएको, यदि

१३. तलका वाक्यमा भएका 'य' र 'ए' सम्बन्धी अशुद्धि सच्याएर लेख :

(क) त्यो बेला यिनले सहाएता नदियको भय मेरो के चल्थ्यो र ?

(ख) उनले हात बाँधेर बसेका भय एसरी अगाडि बढ्न पाइँदैनथ्यो ।

Curriculum Development Centre

कार्यमूलक व्याकरण

१४. दिइएका शब्दहरू पढी तलको तालिकामा मिल्ने ठाउँमा भर :

पूर्वतिर, बिर्सेर, आहा, यसबाहेक, छि, बिचरा, ट्वाल्ल, वाल्ल, यिनीसँग, ओहो, अँगालेर, देख्न, स्यावास्, दाजुमाथि

क्रियायोगी	नामयोगी	विस्मयादिबोधक

१५. दिइएका क्रियापदहरू पढी तालिकामा मिल्ने ठाउँमा भर ।

गरूँ, लागौँ, होला, गर, पढ, जाऊ, हेरौँ, जालान, सकून्, गए, हेर्लान्, बस, जाओ, आऊ, पढून्

इच्छार्थक	आज्ञार्थक	सम्भावनार्थक

सिर्जनात्मक अभ्यास

१६. अगाडिको कोठामा १, २, ३ आदि क्रम सङ्ख्या राखी घटनाक्रम मिलाएर एउटा कथा तयार पार :

( ) धेरै वर्ष पहिले अकबर नामका राजा र वीरबल नामका बुद्धिमान् मन्त्री थिए ।

( ) वास्तविक चोर बाठो बनेर बढ्ने एक इन्च काटी भोलिपल्ट वीरबलकहाँ पुग्यो ।

( ) तिनै अकबरको राज्यमा एउटा व्यापारीको पसलमा चोरी भयो ।

( ) एक एक ओटा सिन्का दिएपछि सबै समक्ष वीरबलले भने "जसले चोरेको छ उसको सिन्का एक इन्च बढ्ने छ" ।

( ) सबैका सिन्का जम्मा गरेपछि चोर कामदार समातियो ।

( ) व्यापारीले दुःख मान्दै राजालाई चोरी भएको खबर जाहेर गऱ्यो ।

Curriculum Development Centre

( ) त्यसपछि चोर पत्ता लगाउने जुक्ति सोचेर वीरबलले सबैलाई बराबरको सिन्का बाँडे ।

( ) राजाले पनि चोर पत्ता लगाउन वीरबल मन्त्रीलाई आज्ञा दिए ।

( ) सबैले वीरबललाई धन्यवाद दिए ।

( ) कामदारहरूलाई वीरबलले पालैपालो सोधे तर सबैले आफूले नचोरेको बताए ।

( ) वीरबलले त्यस व्यापारीका सबै कामदारलाई बोलाउन पठाए ।

( ) कुकर्मको फल जसरी भए पनि पाइन्छ भनी वीरबलले अर्ती दिए ।

१७. तिम्रो छिमेकमा भएको आपसी झगडाको विषयलाई लिएर झगडाले वास्तवमा कसैलाई पनि फाइदा हुँदैन भन्ने विचारलाई समेटी एउटा कथा तयार पार ।

Curriculum Development Centre